सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ वैशाख २०८०, आइतबार (30 April 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ नेपाल एसिसी प्रिमियर कपको फाइनलमा

युएईलाई पराजित गरे भारत र पाकिस्तानसँगै खेल्ने



एसिसी प्रिमियर कपको सेमिफाइनलमा विकेट लिएपछि खुसी मनाउँदै नेपाली खेलाडी । वर्षाका कारण प्रभावित खेल 'नो रिजल्ट' हुँदा समूह 'ए'को नजिताका आधारमा नेपाल फाइनलमा । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

विश्व क्रिकेटकै 'पावरहाउस' भारत र पाकिस्तानसँग खेल्ने नेपाली राष्ट्रिय क्रिकेट टोलीको सपना अब एक खेल मात्रै टाढा छ । एसिसी प्रिमियर कप- २०२३ को फाइनलमा स्थान बनाएसँगै नेपाल ऐतिहासिक उपलब्धिनजिक पुगेको हो ।

त्रिवि क्रिकेट मैदानमा सोमबार हुने फाइलनमा

» पृष्ठ ११ मा क्रमशः

फाइनल दबाब नलिई खेल्छौं



● **रोहितकुमार पौडेल,** कप्तान, नेपाली क्रिकेट टिम

फाइनल जित्ने अवसर आएको छ । अब, भारत र पाकिस्तानसँग खेल्नु छ । त्यसैले फाइनललाई महत्त्व दिनुपर्छ । दुवै टोलीलाई फाइनल उत्तिकै महत्त्वपूर्ण छ । दबाबलाई सहज रूपमा लिने टोलीले जित निकाल्न सक्छ । हाम्रो ध्यान दबाब नलिनेमै हुनेछ ।

फाइनलमा युएईसँगको प्रतिस्पर्धामा नेपालका सबल पक्ष के छन् ? » पृष्ठ ११

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

साढे तीन लाख बालबालिका पूर्ण खोपबाट वञ्चित

जन्मिएको २४ घन्टादेखि २३ महिनाको अवधिसम्म ६ प्रकारका खोपको १३ डोज दिने गरिएकोमा १६ प्रतिशत बालबालिका पूर्ण खोपको पहुँचबाहिर, ४ प्रतिशतले पाएनन् कुनै पनि खोप



बिसिजी
(क्षयरोगविरुद्ध)
लगाउने समय : जन्मिएको २४ देखि ७२ घन्टाभित्र एक डोज

डिपिटी
(भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, मेनिन्जाइटिस, हेपाटाइटिस बी र निमोनिया)
लगाउने समय : जन्मिएको ६, १० र १४ हप्तामा गरी तीन डोज

पिसिभी
(न्युमोकोकसबाट हुने मेनिन्जाइटिस र निमोनिया)
लगाउने समय : जन्मिएको ६ हप्ता, १० हप्ता र ९ महिनामा गरी तीन डोज

ओपिभी र एफआइपिभी
(पोलियोविरुद्ध)
लगाउने समय : जन्मिएको ६ र १० हप्तामा ओपिभी तथा १४ हप्तामा एफआइपिभी गरी तीन डोज

एमआर
(दादुरा र रुबेलाविरुद्ध)
लगाउने समय : जन्मिएको ९ र १५ महिनामा गरी दुई डोज

जापानिज इन्सेफ्लाइटिस
(जापानिज इन्सेफ्लाइटिसविरुद्ध)
लगाउने समय : जन्मिएको १२ महिना पुगेपछि एक डोज

■ पूर्ण खोप लगाउन छुटेका बालबालिकालाई पाँच वर्ष उमेरसम्ममा खोप लगाउन मिल्छ । देशभर यो उमेर समूहका पाँच लाख ४७ हजार बालबालिका छन् । छुटेका बालबालिकालाई शुक्रबार खोप कार्यक्रम चलाएको सरकारले ३१ वैशाखमा पनि लगाउँदै छ ।

खोप खेर जाने दर ७९.३ प्रतिशतसम्म

मञ्जु टेलर/नयाँ पत्रिका

कोही पनि बालबालिका खोपको पहुँचबाहिर नरहुन् भन्ने सरकारी नीति छ । तर, साढे तीन लाख बालबालिका पूर्ण खोपबाट वञ्चित छन् । यो तथ्यांक सरकारकै स्वास्थ्य सेवा विभागअन्तर्गत जनसांख्यिक सर्वेक्षण र परिवार कल्याण महाशाखाको हो ।

बालबालिकालाई विभिन्न रोगबाट बचाउन तथा बाल मृत्युदर घटाउन देशभर ६ प्रकारका खोपको १३ डोज जन्मिएको २४ घन्टादेखि २३ महिना अवधिसम्ममा निःशुल्क दिने गरिएको छ । शिशु जन्मिएको २४ देखि ७२ घन्टाभित्र बिसिजीको पहिलो डोज दिइन्छ । यो क्षयरोगविरुद्धको खोप हो । त्यस्तै, डिपिटीको तीन डोज दिने गरिन्छ । पहिलो डोज जन्मिएको ६ हप्तामा, दोस्रो १० र तेस्रो १४ हप्तामा दिइन्छ । यो भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, मेनिन्जाइटिस, हेपाटाइटिस बी र निमोनियाविरुद्धको प्रभावकारी खोप हो ।

त्यस्तै, न्युमोकोकसबाट हुने मेनिन्जाइटिस र निमोनियाविरुद्ध

» पृष्ठ ११ मा क्रमशः

कभरेज कम र खोपको खेर जाने दर धेरै हुनु चुनौती बनेको छ



● **डा. अभियान गौतम,** प्रमुख, स्वास्थ्य सेवा विभाग खोप शाखा

बालबालिकामा लगाइने खोपको कभरेज नै कम हुनु र खोप खेर जाने दरसमेत मापदण्डभन्दा धेरै हुनु मुख्य चुनौतीका रूपमा देखिएको छ । पछिल्लो समय एक्कासि फैलिएको दादुराविरुद्धको खोपको दोस्रो मात्रा लगाउन अभिभावकहरूले नै बेवास्ता गर्दा कभरेज अभैसम्म लक्ष्यअनुसार भएको छैन । दादुराविरुद्धको खोप कार्यक्रममा सबैलाई सहभागी गराउन शिक्षक, धर्मगुरु, जनप्रतिनिधिलगायतको सहयोग लिइएको थियो । त्यस्तै, खोप खेर जाने दर घटाउनका लागि माइक्रो-प्लानिङ गरेर सबै स्वास्थ्य संस्थालाई कार्यक्रम सञ्चालनमा ल्याउने तयारी गरिएको छ । यसमा योजनाअनुसार आवश्यक मात्रा निर्धारण गरेर खोप लिने र बचत गरेर चलाउने नीति लिइएको छ । खोपबाट बालबालिका नछुटून् भन्ने उद्देश्यले स्थानीय तह र विद्यालयसँग समन्वय गरेर खोप अभियान सुरु गरिँदै छ ।

■ दादुराविरुद्धको खोपको न्यून 'कभरेज'

खोपको 'कभरेज' सबै तहमा ९५ प्रतिशतभन्दा माथि हुनुपर्ने सरकारको लक्ष्य छ । अन्य खोपहरूको 'कभरेज' गत आर्थिक वर्षमा लगभग ९५ प्रतिशत पुगे पनि दादुराविरुद्धको खोपको दोस्रो मात्राको कभरेज भने न्यून रहेको खोप शाखाले जनाएको छ । दादुरा सन् २०२३ सम्ममा उन्मूलन गर्ने लक्ष्य पूरा नभएपछि २०२६ सम्मका लागि सारिएको छ । खोप वितरण प्रभावकारी नहुँदा गत नोभेम्बरदेखि अप्रिलसम्म दादुरा फैलिएसँगै उन्मूलनको लक्ष्य पछि सारिएको हो । जब कि रोग निवारणका लागि खोपको कभरेज कम्तीमा ९५ प्रतिशत हुन आवश्यक हुन्छ । नोभेम्बरदेखि अप्रिलसम्म १३ जिल्लामा दादुराको प्रकोप फैलिएसँगै प्रभावित स्थानमा दादुरा र रुबेलाविरुद्धको खोप अभियान सुरु गरिएको थियो । दादुराबाट आठ सय २४ जना संक्रमित र एकको मृत्यु भएपछि पाँच जिल्लामा दुई लाख पाँच हजार दुई सय ९४ जनालाई खोप लगाइएको थियो । सरकारले दादुरा-रुबेला रोगबाट पूर्ण रूपमा बचाउन बालबालिका नौ महिना पुगेपछि पहिलो मात्रा र १५ महिना पुगेपछि दोस्रो मात्रा लगाउनुपर्ने मापदण्ड बनाएको छ ।

सीमामा एकैपटक १८ बिओपी थप्दै सशस्त्र प्रहरी

● सुरक्षाका दृष्टिकोणले बढी संवेदनशील मानिएका दार्चुला, बर्दिया, दाङ, बारा, सुनसरी र झापामा नयाँ बिओपी थपिँदै, यससँगै सीमामा बिओपीको संख्या २४६ पुग्ने, तर दरबन्दीअनुसार जनशक्ति अभाव

● पछिल्लो केही महिनायता राजस्व हवात्तै घटेपछि सीमामा अझै कडाइ गर्नुपर्ने दबाबमा सुरक्षा निकाय



नवराज मैनाली/नयाँ पत्रिका

सशस्त्र प्रहरी बलले भारतसँगको सीमामा एकैपटक १८ वटा बोर्डर आउटर पोस्ट (बिओपी) थप्न लागेको छ । सीमा सुरक्षा सुदृढीकरण र राजस्व चुहावट नियन्त्रणका लागि बिओपी थप्न लागिएको सशस्त्र प्रहरीले जनाएको छ ।

हालकै स्रोत-साधन र जनशक्तिबाट व्यवस्थापन गरी बिओपी थप्न लागिएको सशस्त्र प्रहरीका प्रवक्ता एसएसपी राजेन्द्र खड्काले बताए । आगामी साताभित्र १८ वटै बिओपी उद्घाटन गर्न लागिएको छ । यससँगै सीमामा बिओपीको संख्या दुई सय ४६ पुग्नेछ ।

» पृष्ठ ११ मा क्रमशः

कक्षा ११ र १२ मा कार्यरत सबै शिक्षक अस्थायी

उच्च मावि शिक्षा नियमावली आएको ३० वर्ष बितिसक्दा पनि सरकारले स्थायी दरबन्दी थप्न सकेन

राहत र करारमा ६ हजार शिक्षक, सात हजार आठ सय शिक्षक अपुग

(विस्तृत पृष्ठ ३)

विकासमा भन्दा ऋण तिर्न बढी खर्च



चालू आर्थिक वर्षको चैत मसान्तसम्ममा सरकारले ऋण सेवाअन्तर्गत कुल एक खर्ब ७३ अर्ब ३४ करोड रुपैयाँ खर्च गरेको छ । यही अवधिमा पुँजीगत खर्च भने एक खर्ब सात अर्ब २४ करोडबराबर मात्रै भएको छ ।

(विस्तृत पृष्ठ ९)

अत्यन्त जरूरी सूचना


बैंक तथा वित्तीय संस्था परिसंघको मिति २०८० बैशाख १४ गते मा बसेको चौंथो बैठकले बैंक तथा वित्तीय संस्था, सोको सम्पत्ति, साख एवम् सोमा कार्यरत कर्मचारीहरूको विरुद्धमा विभिन्न व्यक्ति, संस्था तथा समुहहरूबाट विगत केही समयदेखि निरन्तर रूपमा भइरहेको गैरकानूनी गतिविधिहरूको सम्बन्धमा तपसिल बमोजिमको निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

अब उप्रान्त कुनै पनि व्यक्ति, समूह वा संघ संस्थाको आवरणमा बैंक वित्तीय संस्था, यसमा कार्यरत कर्मचारी, बैंक वित्तीय संस्थाको साख, गरिमा, विश्वसनियता वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने, बैकिङ्ग व्यवसायमा अवरोध सिर्जना गर्ने, बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा भ्रम सिर्जना गर्ने, बैंक वित्तीय संस्थाहरूबाट लिएको कर्जाको साँवा ब्याज नतिर्न दुरूत्साहन गर्ने लगायत प्रचलित कानूनबाट बर्जित क्रियाकलापहरू गर्ने जोसुकै व्यक्ति तथा संघसंस्थाहरूका विरूद्ध **अनिवार्य रूपमा मुद्धा चलाउने तथा प्रचलित कानूनको अधिनमा रही हदैसम्मको कारवाहीका लागि सम्बन्धित निकायमा जाहेरी दिने, उजुरी गर्ने** लगायत बैंक तथा वित्तीय संस्थाको निक्षेपकर्ता, ऋणी तथा समग्र सरोकारवालाहरूको हकहित संरक्षणको लागि प्रचलित कानूनले दिएको जुनसुकै अधिकार प्रयोग गर्न र जस्तोसुकै कठोर कदम चाल्न पनि बैंक तथा वित्तीय संस्था परिसंघ र यसमा आवद्ध सबै बैंक वित्तीय संस्थाहरू पूर्ण रूपमा एकताबद्ध, प्रतिबद्ध र दृढ संकल्पित रहेको विषय सबै सरोकारवालाहरूको जानकारीको लागि साधर निवेदन गर्दछौं ।

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल
Confederation of Banks and Financial Institutions Nepal
(CBFIN)

नारायणी स्टिल्सका
उत्कृष्ट उत्पादनहरू
KEYAL GROUP



NARAYANI STEELS

नारायणी स्टिल्स्
पर्सा, नेपाल, सम्पर्क : ९८५५०२१७३१, ९८५५०३३५०३,९८५२०२०००८

■ ग्वार्को र सातदोबाटोमा फ्लाई ओभर, एकान्तकुनामा अन्डरपास

संरचना एकै चरणमा बनाउन महानगरको ध्यानाकर्षण

शिवहरि घिमिरे/नयाँ पत्रिका

कोटेश्वर र थापाथलीपछि धेरै नै ट्राफिक जाम हुने उपत्यकाकै अन्य चोक हुन्, तलितपुरको सातदोबाटो र ग्वार्को। ग्वार्को चोकमा फ्लाई ओभर निर्माण भइरहेकाले करिब ढेड किलोमिटर क्षेत्रमा सर्भिस लेनबाट सवारीसाधन ओहोरदोहोर गरिरहेका छन्। भित्री लेनमा फ्लाई ओभर निर्माणसम्बन्धी काम भइरहेकाले यहाँ सधैंजसो सवारी जाम हुने गरेको छ।

दक्षिण ललितपुरदेखिका सवारीसाधन ओहोरदोहोर गर्ने सातदोबाटो, चापागाउँ दोबाटो र एकान्तकुना चोकमा पनि धेरै नै ट्राफिक जाम हुने स्थान हो। सरकारले यी सबै चोकलाई समेट्ने गरी फ्लाई ओभर तथा अन्डरपास निर्माण योजना अघि बढाएको छ। तर, एउटै प्रोजेक्टअनुसार निर्माणसम्बन्धी काम हुन नसक्दा सडक प्रयोगकर्ता वर्षौंसम्म सास्ती भोग्न बाध्य छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागले पहिलो चरणमा ग्वार्कोमा फ्लाई ओभर निर्माण सकिएपछि एकान्तकुनामा अन्डरपास र सातदोबाटोमा फ्लाई ओभर निर्माण गर्ने जनाएको छ। तर, एउटै सडकखण्डमा तीन चरणमा संरचना निर्माण हुँदा सर्वसाधारणलाई वर्षौंसम्म जामको मार पर्ने अवस्था छ। हाल निर्माणाधीन ग्वार्को फ्लाई ओभर दुई वर्षमा सक्ने लक्ष्य छ।

तर, समयमै उक्त योजना सम्पन्न हुने सम्भावना कम छ। ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनले तीनवटै आयोजना एउटै ठेक्का र एकै चरणमा सुरु गर्नुपर्ने बताए। यसो हुँदा सर्वसाधारणले कम दुःख र सास्ती पाउनुका साथै काम पनि छिटो सकिने उनको भनाइ छ। यसबारे मेयर महर्जनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण पनि गराएका छन्। उनले तीन चरणमा काम गर्दा कम्तीमा ६ वर्ष सडक अवरुद्ध हुने बताए। 'संघीय सरकारले चरण-चरणमा अन्डरपास र फ्लाई ओभर बनाउने योजना बनाएको छ, तर यो निकै कठिन छ, ट्राफिक जाम ह्वात्तै बढ्छ, बरु एउटै प्रोजेक्टअनुसार काम गर्न जरुरी छ।'



कोटेश्वर-सातदोबाटो सडकखण्डको ग्वार्को चोकमा बन्दै गरेको फ्लाई ओभर। यहाँ करिब डेढ किलोमिटर सडकको साइड लेनमा मात्र सवारीसाधन सञ्चालन भइरहेको छ। जसका कारण ट्राफिक जाम हुँदा सर्वसाधारणले सास्ती खेप्दै आएका छन्।

तस्बिर : संजित परियार/नयाँ पत्रिका

■ संघीय सरकारको काम सुस्त, गाली हामीले खाइरहेका छौं : मेयर महर्जन

एउटै सडकखण्डमा पटक-पटक निर्माणसम्बन्धी काम गर्दा ट्राफिक जामको सास्ती हुने मेयर महर्जनले बताए। संघीय सरकारले तीनवटै संरचनाको काम एकैपटक सुरु गरेको भए सर्वसाधारणले एकपटक मात्रै सस्ती पाउने उनको भनाइ छ। 'ग्वार्कोको फ्लाई ओभर निर्माण गर्ने भनेर हामीले डिजाइन र सर्वेक्षण पनि गरेका थियौं, तर संघीय सरकारले आफ्नो काम देखाउन योजना आफैं गर्ने बतायो,' उनले भने, 'पटके रूपमा फ्लाई ओभर र अन्डरपास निर्माण गर्दा ललितपुरका सडकमा ट्राफिक जाम हुन्छ, फेरि ठेकेदारले समयमै काम सक्दैन।' केन्द्र सरकारले काम नगर्दा स्थानीय सरकारले गाली खानुपरेको बताए। 'संघीय सरकारले सुरु गरेका ललितपुरका सडकको अवस्था बिजोग छ, फ्लाई ओभर र अन्डरपास निर्माण पनि त्यस्तै होला कि भन्ने डर छ,' उनले भने, 'न त उहाँहरू समयमै व्यवस्थित तरिकारले काम गर्नुहुन्छ, न त हामीलाई नै काम गर्न दिनुहुन्छ।' केन्द्र सरकार र स्थानीय सरकारबीचमा ग्याप रहेको भन्दै यसबारे केन्द्र सरकारको ध्यानाकर्षणसमेत गराए। भैंसेपाटी सडकखण्ड अस्तव्यस्त छ। केन्द्र सरकारको क्षेत्रभित्र पर्ने सडक कालोपत्रे नहुँदा सर्वसाधारणले ओहोरदोहोर गर्दा सास्ती खेप्नुपरेको छ।

■ चिरिबाबु महर्जन
मेयर, ललितपुर महानगरपालिका



पटके रूपमा फ्लाई ओभर र अन्डरपास निर्माण गर्दा ललितपुरका सडकमा ट्राफिक जाम हुन्छ। संघीय सरकारले काम नगर्दा स्थानीय सरकारले गाली खानुपरिरहेको छ। संघीय सरकारले सुरु गरेका ललितपुरका सडकको अवस्था बिजोग छ, फ्लाई ओभर र अन्डरपास निर्माण पनि त्यस्तै होला कि भन्ने डर छ। न त उहाँहरू समयमै व्यवस्थित तरिकारले काम गर्नुहुन्छ, न त हामीलाई नै काम गर्न दिनुहुन्छ।

■ बजेट अभावले एकैपटक निर्माण सुरु गर्न सकेनौं : सडक विभाग



सडक विभागमा महानिर्देशक सुशीलबाबु ढकालले बजेट अभावका कारण एकै वर्ष सबैतिर निर्माण कार्य अघि बढाउन नसकिने बताए। 'हाल ग्वार्कोमा एउटा फ्लाई ओभर निर्माण सुरु भइसक्यो, आउँदो वर्ष सातदोबाटो र त्यसपछिको अर्को वर्ष एकान्तकुनामा अन्डरपास निर्माण सुरु हुन्छ,' उनले भने, 'जाम र सास्तीको हिसाबले एकैपटक निर्माण सुरु गर्दा कठिन हुने भए पनि बजेट पुग्दैन।' हाल करिब १५ करोड लागत अनुमानमा ग्वार्कोमा फ्लाई ओभर निर्माण सुरु भएको छ। त्यस्तै, सातादोबाटोमा फ्लाई ओभर बनाउँदा करिब १० करोड र एकान्तकुनामा अन्डरपास निर्माण गर्दा १८ करोड खर्च हुने विभागको अनुमान छ।

ललितपुर महानगरमा दोस्रो चरणमा थपिए १४ सय स्मार्ट सडकबत्ती

शान्ति तामाङ/नयाँ पत्रिका

ललितपुर महानगरले देस्रो चरणको सडकबत्ती जडान अभियानलाई अन्तिम रूप दिएको छ। दोस्रो चरणअन्तर्गत कुपन्डोल, लगनखेल, पुल्चोक, धापाखेल, झम्सीखेल, हरिसिद्धि, बुङमती, खोकना, फर्सीडोल, पाटनढोका, मंगलबजार, सुनाकोठी, खोकना, भैंसीपाटी हुँदै गोदावरी नगरपालिकाको सीमासम्म सडकबत्ती राखेको छ। धापाखेलबाहेक अन्य ठाउँमा सडकबत्ती जडान गरिसकेको महानगरले जनाएको छ। ती क्षेत्रमा करिब १४ सय सडकबत्ती जडान गरिएको छ।

महानगरका प्रमुख चिरिबाबु महर्जनका अनुसार चैत मसान्तसम्म धापाखेल क्षेत्रमा पनि बत्ती जडान भइसक्नेछ। 'अन्तिम चरणमा पुगेका छौं। धापाखेल क्षेत्रबाहेक अन्य खण्डमा राखिएको सडकबत्ती बल्न पनि थालिसकेको छ,' महानगर प्रमुख महर्जनले भने, 'चैत मसान्तबाट दोस्रो खण्डका सबै स्मार्ट सडकबत्ती बल्नेछन्।' यसपछि महानगरका सडक झिलिमिली हुनेछ। साथै, सडक दुर्घटना पनि कम हुने अपेक्षा गरिएको छ।

■ प्राधिकरणको ४० प्रतिशत सहयोग

सडकबत्ती जडानमा महानगरको ६० प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको ४० प्रतिशत सहयोग रहेको छ। महानगर प्रमुख महर्जनका अनुसार पहिलो चरणमा बत्ती राखिएका ठाउँबाट सकारात्मक प्रतिक्रिया आएपछि दोस्रो चरणको काम सुरु गरिएको थियो। पहिलो चरणअन्तर्गत (फागुन ०७७ मा) ६ सयवटा स्मार्ट सडकबत्ती जडान गरिसकेको थियो। यसअन्तर्गत कुपन्डोल, सातदोबाटो, पुल्चोक, ग्वार्को र मंगलबजार क्षेत्रमा बत्ती राखिएको थियो। रातमा हुने सवारी दुर्घटनाको प्रमुख कारण अँध्यारो सडक भएकाले बत्ती राख्न थालिएको महानगरले जनाएको छ। पहिलो चरणमा पनि महानगरको ६० र नेपाल विद्युत् प्राधिकरणको ४० प्रतिशत सहयोग थियो। जसअन्तर्गत सात करोड रुपैयाँ लागेको थियो।

■ सडकबत्ती स्वचालित

महानगरले दोस्रो चरणमा जडान गरेको स्मार्ट सडकबत्ती बाल्न र निभाउन मानिसको आवश्यकता पर्दैन। सडकको चहलपहलअनुसार आफैं बल्ने-निभ्ने गर्छ। रातको समयमा सडकबत्तीलाई केन्द्रबाट कन्ट्रोलसमेत सकिनेछ। ०७४ सालको स्थानीय तह निर्वाचनकै वेला नगर प्रमुखका रूपमा उम्मेदवार बनेका महर्जनले महानगरलाई स्मार्ट सिटी बनाउने घोषणा गरेका थिए। सोही घोषणाअनुसार ०७७ सालदेखि महानगरले स्मार्ट सडकबत्ती जडान गर्न थालेको हो। स्मार्ट सडकबत्ती जडान कार्य स्मार्ट सहर बनाउने योजनाअन्तर्गत रहेको प्रमुख महर्जनले बताए।



■ ११ स्थानमा 'हाई मास्ट' राखिँदै

महानगरपालिकाभित्र 'हाई मास्ट' (उच्च मात्रामा प्रकाश दिने बत्ती) राख्ने काम पनि अन्तिम चरणमा छ। महानगरका अनुसार कुपन्डोल पुल, हिमालय होटेलअगाडिको सहिद शुक्रराज शास्त्री पार्क, पुल्चोक नबिल बैंकअगाडि, जावलाखेल, लगनखेल बसपार्क, लगनखेल महालक्ष्मी मन्दिर, धोबीघाट ठाडो ढुंगा, धोबीघाट ढुंगेधारा, बुङमती बसपार्क, शंखमूलपार्कसहित ११ ठाउँमा 'हाई मास्ट' राख्ने तय भएको छ। पहिचान भएका ठाउँहरूमा फाउन्डेसन राख्ने काम भइसकेको छ भने 'हाई मास्ट' चैत मसान्तभित्र राखिसकिने महानगरले जनाएको छ। बत्ती जडान सकिनेबित्तिकै सिसिटिभी जडान गर्ने महानगरले जनाएको छ।

■ तेस्रो चरणमा सडकबत्ती जडान गर्न टेन्डर गरिँदै

तेस्रो चरणअन्तर्गतको सडकबत्ती जडान गर्न महानगरले टेन्डर आह्वानको तयारी गरिसकेको छ। बल्खुदेखि बालकुमारीसम्म ७ दशमल ९ किलोमिटर क्षेत्रमा बत्ती जडान गर्न महानगरले चैत महिनाभित्रै टेन्डर गर्ने भएको हो। ती सडकखण्डमा करिब दुई करोड लागतमा सडकबत्ती राखिनेछ। ६-७ महिनाभित्र बत्ती बल्ने महानगरले जनाएको छ।

■ फनपार्कमै जिपलाइनको मज्जा



काठमाडौंको भृकुटीमण्डपस्थित फनपार्कमा रहेको जिपलाइनमा रमाउँदै एक बालक। जिपलाइनमा सर्वसाधारणको आकर्षण बढेसँगै फनपार्कमा पनि यो स्थापना गरिएको हो। यसै वर्ष स्थापना गरेको जिपलाइनमा वृद्धवृद्धादेखि बालबालिकासम्मले खेल्न सक्ने सञ्चालक चन्द्रबहादुर जोगी बताउँछन्।

तस्बिर : नयाँ पत्रिका

प्राविधिक र व्यावहारिक शिक्षामार्फत अब्बल बनेको जनकल्याण

काठमाडौं/ सहरी क्षेत्रका अधिकांश सरकारी विद्यालयमा विद्यार्थीको खडेरी छ। कतिपयमा त विद्यार्थीभन्दा शिक्षक धेरै भएर बन्द भएको समेत पाइन्छ। उपत्यका (भक्तपुर)कै केही विद्यालय मर्ज पनि भएका छन्। तर, यहींका केही सरकारी विद्यालय भने निजीभन्दा अब्बल छन्। भर्ना गर्न रुचि देखाउने सबै विद्यार्थीलाई राख्न नसकेर फर्काउनुपर्ने अवस्था छ।

बौद्ध महाँकालस्थित जनकल्याण माविले पनि केही वर्षयता यसरी नै विद्यार्थी फिर्ता गरिरहेको छ। यहाँ अहिले १ देखि १२ कक्षासम्म दुई हजार पाँच सय विद्यार्थी अध्ययनरत छन्। ३० वर्षअघिसम्म यो विद्यालयमा न्यून आम्दानी भएका, मजदुरका छोराछोरी र गाईबाख्रा चराउने गोठाला र उनीहरूका छोराछोरी मात्रै अध्ययन गर्ने गरेको स्थानीयवासी बताउँछन्। ०४४ सालअघि रुद्री-चण्डीजस्ता कर्मकाण्डी विषय पढाइ हुने गरेको उनीहरू बताउँछन्। ०४५ सालयता भने विद्यालयको भौतिक संरचना व्यवस्थित पार्न जग्गा प्राप्ति, शिक्षक दरबन्दी माग, फरक पठनपाठन शैली अपनाउन थालेको उनको भनाइ छ।

पछिल्लो समय यस विद्यालयमा प्राविधिक र व्यावहारिक विषय सँगसँगै पढाइ हुने गरेको छ। विद्यार्थीलाई च्यातिएको लुगा सिलाउने, खानेकुरा पकाउने, मौलिक पहिरन लगाउने, खेतबारी तथा कृषि कर्म गर्न सिकाउनेलगायत सीपमूलक शिक्षामा जोड दिँदै आएको छ। विद्यालयले ७० वर्ष पार गरेको छ।

रुद्री-चण्डी पढाइ हुँदै गोठालाले पढ्ने विद्यालयका रूपमा चिनिएको जनकल्याणले उपत्यकाको अब्बल सामुदायिक विद्यालयभित्र आफूलाई पार्न सफल भएको प्रधानाध्यापक कुमारीकमला राईले बताइन्। सरकारी विद्यालयलाई सुधार्न व्यावहारिक, आधुनिक र विद्यार्थीको आवश्यकतालाई मध्यजनर गर्नुपर्ने उनको धारणा छ। 'यो स्कुलको ७० वर्षे इतिहास रोचक र पीडादायी छ, सुरुसुरुमा रुद्री-चण्डीबारे पढाइ हुन्थ्यो, त्यसपछि गोठालाहरूले पढे, आसपासका स्थानीयले जग्गा दान गरेपछि बिस्तारै विद्यालयको संरचना फराकिलो बन्न थाल्यो,' उनले भनिन्, 'हामीले ०५१ सालदेखि विद्यालयलाई सुधार गर्दै ल्याएर यो अवस्थामा पुऱ्यायौं।' तर, सरकारले उत्कृष्ट सामुदायिक विद्यालयलाई मूल्यांकनसमेत नगरेको प्रअ राईको गुनासो छ। उनले माध्यमिक शिक्षा स्थानीय तहमा गइसकेपछि महानगरअन्तर्गतको शिक्षा विभागले सहयोग नगरेको बताइन्।

अहिले यो विद्यालय उपत्यकाभित्रको उत्कृष्ट सामुदायिक विद्यालयभित्र पर्छ। व्यावहारिक, गुणस्तरीय र नियमित पठनपाठन हुने भएकाले विद्यालयमा विद्यार्थीको आकर्षण बढेको विद्यालयले जनाएको छ। विद्यालय व्यवस्थापन समिति, शिक्षक र प्रधानाध्यापकको मिहिनेतका कारण विद्यालय अब्बल बनेको विद्यालयका सूचना अधिकारी सुरेशकुमार कटुवालले बताए।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले केही सरकारी विद्यालय आफ्नै प्रयासले सुधार भएपछि उनीहरूलाई प्रेरणा दिन आवश्यक रहेको र कमजोर सामुदायिक विद्यालयलाई सुधार गर्नुपर्ने बताए।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले सामुदायिक विद्यालयलाई सुधार गर्ने बताए। उनले सामुदायिक विद्यालयलाई सुधार गर्न आवश्यक नीति-नियमसमेत परिमार्जन गर्नुपर्नेमा जोड दिए। 'सामुदायिक विद्यालयलाई सुधार गर्नु अहिलेको आवश्यकता हो, केही विद्यालय अभावबीच उदाहरणीय बनेका छन्, केही निकै कमजोर छन्,' उनले भने, 'सामुदायिक विद्यालय सुधार गर्न सरकार नीति-नियम परिमार्जन गर्न पनि तयार छ।'

शुक्रबार सम्पन्न विद्यालयको ७०औं वार्षिकोत्सवका अवसरमा विद्यालयले उत्कृष्ट शिक्षक, कर्मचारी, पूर्वशिक्षक, समाजसेवी, सञ्चारकर्मीलगायतलाई सम्मान तथा पुरस्कृत गरेको थियो।

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
हेटौडा, मकवानपुर।

इबिडिङ्ग (E-bidding) मार्फत बोलपत्रहरु आह्वान गरिएको सूचना

सूचना प्रकाशन मिति : २०८०/०१/१७

यस आयोजनाबाट निमार्ण कार्य खरिद गर्नका लागि IFB No. 09/079/080/works/FWSSMP-Hetauda, को बोलपत्र आह्वानको सुचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को web site https://bolpatra.gov.np/egp/ मा प्रकाशित गरिएकोले उक्त website हेर्नहुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

आयोजना प्रमुख

सडक डिभिजन ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०८०।०१।१७

यस कार्यालयबाट मिति २०७९/१०/२० गते नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा EGP को 07-DROLTP/079/80, मिति २०७९/११/१२ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक तथा EGP को 08-DROLTP/079/80 र मिति २०७९/११/२५ मा नेपाल समाचारपत्र तथा EGP को 09-DROLTP/079/80 सूचनाहरु मार्फत आह्वान गरिएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) अनुसार छनौट भएका निम्न बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित तथा सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम यो सूचना जारि गरिएको छ।

S.N	Tender No.	Company/Firm	Amount (Inc. VAT & PS)
1	DROLTP/33731011-3/079/80-29 (Re)	M/S Kaunani Nirman Sewa	36,44,405.13
2	DROLTP/33701132-4/079/80-30	M/S Kaunani Nirman Sewa	41,81,822.90
3	DROLTP/33701169-4/079/80-31	M/S B.N.P Construction	26,29,025.09
4	DROLTP/33731011-3/079/80-32 (Re)	M/S Kantipur Suppliers	15,31,857.28
5	DROLTP/33731011-3/079/80-36	M/S B.K Nirman Sewa	41,89,724.25
6	DROLTP/33731011-3/079/80-37	M/S Sony Builders & Engineering	1,31,35,499.20
7	DROLTP/33731011-3/079/80-38	M/S Sunir Construction & Suppliers Pvt. Ltd	18,29,180.98
8	DROLTP/33731011-3/079/80-39	M/S Sunir Construction & Suppliers Pvt. Ltd	38,21,923.09

डिभिजन प्रमुख

मिति २०८०/१/११ गतेका दिन हाम्रो यस एम.के. यातायात प्रा.लि.का अध्यक्ष मदन कुमार साक्यको अध्यक्षमा बैठक बसी सो एम.के. यातायात प्रा.लि. कम्पनि रजिष्टारको कार्यालय त्रिपुरेश्वर स्थितमा दर्ता रहि स्व कम्पनी खारेज गर्ने बारेमा छलफल गरी निर्णय गरियो।

उपस्थिती

अध्यक्ष : मदन कुमार साक्य

प्रस्ताव नं. १ :

मदन कुमार साक्यको नाममा श्रेस्ता कायम रहेको एम.के. यातायात प्रा.लि. खारेज गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २ :

सेयर सदस्य र यस एम. के. यातायातसँग कारोबार भएगरेका महानुभावलाई ३५ दिन भित्र का.म.पा.वडा को नघल टोलको कार्यालयमा उपस्थित भै आफ्नो हकदावि गर्ने कागजात लिएर आउनुहोला।

हकदावीको सूचना

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ७ बस्ने तिलक राम चापागाई को छोरा, हेमकला चापागाई को श्रीमान, श्री दिपक कुमार चापागाई को मिति २०७८।१०।१२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. १९५०५३४०००० ३४५ मा भएको सम्पुर्ण रकम निजको श्रीमती हेमकला चापागाईको सबैभन्दा नजिकको हकवालाको हैसियतले आफुलाई उपलब्ध गराई पाँउ भनी निजको श्रीमती हेमकला चापागाईले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक श्रीमती हेमकला चापागाई बाहेक अन्य कसैको हक दावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक श्रीमती हेमकला चापागाईले दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
भैरहवा, रुपन्देही
फोन नं:- ०७१ - ५२६९९१, ५२६९९२
फ्याक्स :- ०७१ - ५२६९९०

शनिबार उपत्यकामा

गोकर्ण : विशेष स्वच्छता अभियान क्लिन अप प्रिमियर लिग ०२३ को अवसरमा जया मल्टिपल क्याम्पसका विद्यार्थीले सरसफाइ तथा जनचेतनामूलक कार्यक्रम आयोजना गरेका छन्। शुक्रबार आयोजित उक्त कार्यक्रममा सयभन्दा बढी विद्यार्थी सहभागी थिए। उनीहरूले गोकर्णेश्वर नगरपालिकास्थित गोकर्ण मन्दिरपरिसर र बागमती नदीमा सरसफाइ गरेका थिए। सचेतनाका लागि उनीहरूले 'किन फाल्ने फोहोर, बनाऔं यसलाई मोहोर,' 'स्थानीयको फोहोर स्थानीयकै जिम्मेवारी'जस्ता नारा लगाएका थिए। उनीहरूले कलेजपरिसरदेखि गोकर्ण मन्दिरसम्म जनचेतनामूलक च्याली निकालेका थिए। कार्यक्रममा सिपिएल ०२३ का अभियन्ता केपी खनालको पनि सहभागिता थियो।

चन्द्रागिरि : चन्द्रागिरि नपा-२, नागढुंगाबाट अवैध लागुऔषध खैरो हेरोइनसहित चितवन खैरहनी नपा-३ का २९ वर्षीय सागर घिसिङलाई प्रहरीले पक्राउ गरेको छ। गौरबाट काठमाडौंतर्फ आउँदै गरेको ना.६ ख १४६३ नम्बरको बस जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त पदार्थसहित फेला पारी प्रहरीले पक्राउ गरेको हो।

कागेश्वरी : कागेश्वरी-मनोहरा नपा-९, मेडिकलचोक बस्ने ४० वर्षीया पुष्पा गुरुङको घरको ताला फोडी ६४.५ तोला सुनका विभिन्न गरगहना, अमेरिकी डलर ३० हजार र नेपाली सात लाख रुपैयाँसमेत गरी करिब एक करोड १० लाख ५० हजार रुपैयाँबराबरको धनमाल शुक्रबार राति चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

मोटरसाइकल हरायो

मिति २०८०/०१/०८ गते बेलुका अ. १८:०० बजेको समयमा का.जि.का.म.न.पा.-३२, नरेफाँट स्थित घर अगाडी सडकबाट प्रदेश २-०३-०१९ प ५४०२ नम्बरको सेतो रातो रंगको 220cc Pulsar मोटरसाईकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

सवारी धनी : विवेक माझि
च्यासिस नं.:MD2A13EX7MCB84959
इन्जिन नं. : DKXCMB79345
सम्पर्क: 9854080202

बोलपत्र संसोधन सम्बन्धि सूचना

डोल्पोबुद्ध गाउँपालिकामा चालु आर्थिक वर्ष २०७९।०८० मा **हिमाली च्यांग्रा जातको बाख्रा तथा बोका खरिद** वितरण (बोलपत्र नं. DBRM/DOLPA/GOODS/NCB/13–079/80) बमोजिम कार्य गर्न मिति २०८०।०१।१४ गतेको नया पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचनामा **प्रथम पटक प्रकाशित मिति २०८०।०१।१६** हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ।

कक्षा ११ र १२ मा कार्यरत सबै शिक्षक अस्थायी

उच्च मावि शिक्षा नियमावली आएको ३० वर्ष बितिसक्दा पनि सरकारले स्थायी दरबन्दी थप्न सकेन



शिवहरि घिमिरे/नयाँ पत्रिका

देशभर रहेका चार हजार तीन सय १० सामुदायिक विद्यालय, आठ सय ७७ निजी र संस्थागतमा गरी ६ लाख विद्यार्थी अध्ययन गर्दैछन्। तर, उनीहरूलाई अध्यापन गराउने शिक्षक एकजना पनि स्थायी छैनन्। निजी मात्रै होइन, प्लस टु पढाइ हुने ४३ सय १० सामुदायिक विद्यालयमा अध्यापनरत सबै शिक्षक अस्थायी हुन्। सरकारले सामुदायिक विद्यालयमा कार्यरत राहत, करार र अस्थायी दरबन्दीका कुनै पनि शिक्षकलाई स्थायी गर्न सकेको छैन।

०४६ मा उच्च मावि शिक्षा नियमावली आएपछि २०४९ देखि सरकारले उच्च मावि तहको पठनपाठन सुरु गरेको थियो। तर, ३० वर्ष बित्दा पनि सरकारले उमावि तहमा स्थायी शिक्षक दरबन्दी कायम गर्न सकेको छैन। नेपालको संविधान ०७२ ले कक्षा १२ सम्मको पढाइ निःशुल्क हुनुपर्ने व्यवस्था गरेको छ। तर, शिक्षकहरूलाई स्थायी नगर्दा र आवश्यक मात्रामा शिक्षक संख्या नदिँदा सामुदायिक उमाविहरूले विद्यार्थीबाट शुल्क उठाएर व्यवस्थापन गर्दै आइरहेका छन्।

■ राहत र करारमा ६ हजार शिक्षक, सात हजार आठ सय शिक्षक अपुग

हाल सरकारले कक्षा ११ र १२ पढाइ हुने सामुदायिक विद्यालयहरूका लागि भन्दै राहत कोटा र करार दरबन्दीमा ६ हजार शिक्षक तोकेको छ। तर, राहत र करार सेवामै पनि पुग्दो मात्रामा शिक्षक नभएपछि उमाविहरूले अस्थायी प्रक्रियाबाट शिक्षक राखेर विषयगत पढाइ सञ्चालन गरिरहेका छन्। हिस्टुनकी वरिष्ठ उपाध्यक्ष कल्पना पनेरूले ०४९ देखि कक्षा ११ र १२ सुरु गरे पनि सरकारले यसलाई व्यवस्थापन गर्न नसक्नु लाजमर्दो विषय रहेको बताइन्। उनले सरकारले उक्त तहको पढाइ र शिक्षक स्थापित गर्न नसक्दा प्लस टु तहकै शिक्षामा गुणस्तर खस्किँदै गएको बताइन्।

'अन्तर्राष्ट्रिय श्रम कानुनअनुसार पनि काम गरेअनुसारको सामाजिक सुरक्षा र सुविधा हुन्छ। तर, शिक्षकहरू निकै हेपिएका छन्,' उनले भनिन्, 'अहिले प्लस टु पढाउने विद्यालयहरूले पार्टटाइम, करार र घन्टी शिक्षक राखेर पढाउँछन्, न त त्यहाँ शिक्षकको सामाजिक सुरक्षा कोष नै छ, विद्यार्थीलाई बाटो देखाउने शिक्षककै भविष्य धरापमा छ, यसबारे सरकारले गम्भीर ध्यान दिन जरुरी छ।'

यसअघि सरकार र प्लस टु पढाउने शिक्षकहरूको संगठन माध्यमिक विद्यालय शिक्षक युनियन (हिस्टुन) का तर्फबाट ०७५ र ९ फागुन ०७८ मा ५१ बुँदे सहमति भएको थियो। शिक्षा मन्त्रालय, शिक्षा विभाग, हिस्टुनलगायतका प्रतिनिधिसहितको बैठकपछि भएका सम्झौता सरकारले कार्यान्वयन गरेको छैन। यसबाहेक पछिल्लो समय केही विद्यालयले शिक्षक अनुमतिपत्रको बहानामा जागिरबाट समेत निकाल्ने गरेका छन्।

नेपाल शिक्षक महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले ०४९ देखि सरकारले निःशुल्क भनेको शिक्षा हालसम्म पनि कार्यान्वयन हुन नसकेको बताउँदै शिक्षकको संख्या वृद्धि र साबिक र हाल अध्ययन गराइरहेका शिक्षकहरूको स्थायित्व सरकारले दिनुपर्ने बताए। 'अहिले प्लस टु पढाइ हुने विद्यालयमा राज्यले खटाएका शिक्षकहरू नै छैनन्, विद्यालय आफैंले जोहो गरेर चलाइरहेका छन्,' उनले भने, 'अब बन्दै गरेको संघीय शिक्षा ऐनका यो विषय समेटिनुपर्छ।' हाल सरकारले राहत र करार तोकेका शिक्षकलाई सामाजिक सुरक्षा कोषको व्यवस्थासमेत गरिएको छैन।

०६६ मा सरकारले साबिक उमावि तहका लागि चार हजार शिक्षकको अनुदान कोटा र ०७१ मा थप दुई हजार दरबन्दी कोटा थप गरी ६ हजार पुऱ्याएको थियो। तर, उनीहरूले पेसागत स्थायित्व पाउन सकिरहेका छैनन्। यसबाहेक प्लस टु पढाइ सञ्चालन गरिरहेका सामुदायिक विद्यालयहरूले विषयगत शिक्षक राखेर काम चलाउँदै आइरहेका पनि छन्।



● **कल्पना पनेरू**
वरिष्ठ उपाध्यक्ष, हिस्टुन

अन्तर्राष्ट्रिय श्रम कानुनमा काम गरेअनुसारको सामाजिक सुरक्षा र सुविधा हुन्छ। तर, शिक्षकहरू निकै हेपिएका छन्। अहिले प्लस टु पढाउने विद्यालयहरूले पार्टटाइम, करार र घन्टी शिक्षक राखेर पढाउँछन्, न त त्यहाँ शिक्षकको सामाजिक सुरक्षा कोष नै छ, विद्यार्थीलाई बाटो देखाउने शिक्षककै भविष्य धरापमा छ, यसबारे सरकारले गम्भीर ध्यान दिन जरुरी छ।



● **लक्ष्मीकिशोर सुवेदी,**
महासचिव, नेपाल शिक्षक महासंघ

०४९ देखि सरकारले निःशुल्क भनेको शिक्षा हालसम्म पनि कार्यान्वयन हुन सकेको छैन। शिक्षकको संख्या वृद्धि र साबिक र हाल अध्ययन गराइरहेका शिक्षकहरूको स्थायित्व सरकारले दिनुपर्ने हो। अहिले कक्षा ११ र १२ पढाइ हुने विद्यालयमा राज्यले खटाएका शिक्षकहरू नै छैनन्, विद्यालय आफैंले जोहो गरेर चलाइरहेका छन्। अब बन्दै गरेको संघीय शिक्षा ऐनका यो विषय समेटिनुपर्छ।



● **महाश्रम शर्मा,** अध्यक्ष
राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा मन्त्रालयको सचिव हुँदा हिस्टुनका माग पूरा गर्नुपर्छ भनेर सरकारको तर्फबाट हस्ताक्षर गरेको थिएँ, तर सम्झौता कार्यान्वयन हुन नसक्नु समस्या हो। यसबारेमा संघीय सरकारले बढीभन्दा बढी चासो दिन आवश्यक छ।

स्थायी प्रक्रिया सुरु नगरेको भन्दै आपत्ति



अस्थायी शिक्षकहरूको स्थायी प्रक्रिया सुरु नगरेको भन्दै उमावि शिक्षामा कार्यरत शिक्षकहरूले आपत्ति जनाएका छन्। शनिबार ललितपुरमा आयोजित हिस्टुनको सातौं केन्द्रीय महाधिवेशनमा साबिक उच्च माध्यमिक तहमा कार्यरत शिक्षकहरूले आफूहरूको स्थायित्व र सामाजिक सुरक्षा खोज्दै आपत्ति जनाएका हुन्। उनीहरूले लामो समय प्लस टु मा अध्ययन गराउँदै आएका शिक्षकहरूलाई राज्यले उपेक्षा गरेको र माग सुनुवाइ नगरेको भन्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको ध्यानाकर्षणसमेत गराएका छन्। सरकारले ०४९ देखि प्लसटु शिक्षा सुरु गएको थियो। तर, हालसम्म शिक्षक व्यवस्थापन र उनीहरूको स्थायित्व सरकारले गर्न सकिरहेको छैन।

वर्षौंदेखि शिक्षण पेसामा आबद्ध शिक्षकहरूलाई सरकारले सम्बोधन गर्न नसकेको र प्लस टु तहको पढाइमै राज्यले कम जिम्मेवारी लिएकाले सरकारी नतिजासमेत खस्किएको हिस्टुनको दाबी छ। हिस्टुनका अध्यक्ष दीपकराज सुवेदीले ०४९ सालदेखि पढाउन सुरु गरेका उमावि शिक्षकहरू ६० वर्षसम्म जागिरे अवधि पूरा गरेर अवकाश लिने बेलामा पनि रित्तो हात फर्कनुपर्ने अवस्था रहेको बताए। उमावि तहलाई सरकारले बेवास्ता गर्दा प्लस टुपछिको पढाइमा समेत गुणस्तरीय नभएको सुवेदीको भनाइ छ। 'कक्षा १० भन्दा कम र प्लस टुभन्दा माथिको शिक्षाका सरकारको चासो छ, तर प्लस टुको शिक्षामा चासो छैन, शिक्षकहरूले दबिएर र सहेर काम गरिरहेका छन्,' उनले भने, 'उनीहरूका पिरमर्का राज्यले सुन्नैपर्छ, प्लस टु अध्ययन गराउने सबै शिक्षकहरूलाई स्थायित्व दिनैपर्छ।' उनले सरकारले चासो नदिँदा प्लस टु तहको पठनपाठन भद्रगोलसमेत बन्न पुगेको बताए।

हिस्टुनका उपमहासचिव तथा कक्षा ११ र १२ शिक्षक अर्जुनप्रकाश भुसालले सरकारको अकर्मण्यताले शिक्षक दबिनु परेको बताए। 'आफैले बनाएको नियमावली सरकारले कार्यान्वयन गर्न सकेको छैन,' उनले भने, 'सरकारले उमावी तहको पढाइलाई खेलाँची गरिरहेको छ।'

■ उमावि र त्यसमा कार्यरत शिक्षकका माग सम्बोधन गर्छौं : शिक्षामन्त्री



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले शिक्षकहरूका माग सम्बोधन गर्नेबारे सकारात्मक रहेको बताएका छन्। हिस्टुनले आयोजना गरेको कार्यक्रममा उनले उच्च माध्यमिक तहको शिक्षा विद्यार्थीको जीवनकै महत्त्वपूर्ण जग रहेकाले यसलाई बलियो पार्नुपर्ने धारणा राखे। 'शिक्षकहरूका माग सम्बोधन हुनुपर्छ, उहाँहरूलाई काम गरेअनुसार सेवा-सुविधाको प्रत्याभूति सरकारले गराउँछ,' उनले भने, 'माध्यमिक शिक्षा शिक्षा र जीवनको जग हो, यो पढाइले दिशानिर्देश गर्छ, त्यसकारण शिक्षाको व्यवसायिकता र यो समस्या सुधारका लागि म प्रयास गर्छु।' उनले शिक्षकको पीडा मन्त्रालयको पीडा रहेको बताउँदै सहकार्य र सम्बोधन गर्ने अठोट गरे।

झापा मेचीनगर-६ स्थित काँकडभिट्टा माविमा ०५६ देखि अध्यापन गराएका शिक्षक टीकाराम पौडेलले अब अवकाश लिन एक वर्ष मात्रै बाँकी छ। करार सेवामा रहेका उनी अवकाश हुँदा हात लाग्यो शून्य भएर शिक्षण पेसाबाट अलग हुँदैछन्। 'मैले जीवनको अमूल्य समय यही पेसामा दिएँ, तर निस्कने वेला रित्तो हात निस्कँदै छु। मैले शिक्षाको उज्यालो ज्योति छरें, तर मलाई निस्कने बेला हातमुख जोर्ने उपाय पनि सरकारले दिएन,' उनले भने।

४० लाख डोज सिनोभ्याक खोपको म्याद सकिन आठ महिना बाँकी

कुनै पनि देशले चासो नदेखाएकाले कहाँ पठाउने भन्ने अझै टुंगो लागेन

काठमाडौं/ चीनले अनुदानमा दिएको ४० लाख डोज भ्याक्सिनको म्याद सकिन आठ महिना मात्रै बाँकी रहे पनि अझैसम्म कहाँ पठाउने भन्ने टुंगो लागेको छैन। बुस्टर डोजका रूपमा प्रयोग गर्न नमिल्ने र प्राथमिक डोज लगाउने नागरिक नभएकाले अन्य देशलाई पठाउन वा चीन नै फिर्ता गर्न गत कात्तिकमै सल्लाहकार समितिले निर्णय गरे पनि हालसम्म खोपको टुंगो नलागेको हो।



बुस्टरका रूपमा एकभन्दा बढी भाइरसको स्ट्रेनसँग जुध्न सक्ने बाइभेलेन्ट खोप प्रयोगमा आइसकेकाले सिनोभ्याक बुस्टरका रूपमा प्रयोग नगर्न विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र खोप सल्लाहकार समितिको निर्देशनसँगै खोप स्टोरमा थन्किएको हो। 'त्यो समयमा फाइजर, मोडर्ना, एस्ट्रेजेनेकाजस्ता खोप प्रशस्तै भएको र रोजाइमा समेत परेकाले सिनोभ्याक प्रयोगमा आएन। त्यतिवेला सिनोभ्याकको म्याद पनि अन्यको तुलनामा बढी भएकाले स्टोरमा राखिएको थियो,' स्वास्थ्य सेवा विभागअन्तर्गतको व्यवस्थापन महाशाखा प्रमुख डा. सुरेन्द्र चौरसियाले भने।

तर, धेरैजसो देशहरूले कोभिडको पहिलो र दोस्रो डोज लगाइसकेकाले खोप लिन नमानेको खोप शाखा प्रमुख डा. अभियान गौतमले जानकारी दिए। उनका अनुसार मन्त्रालयले विभिन्न देशलाई खोप दिन पत्र पठाए पनि इच्छा नदेखाएकाले अहिलेसम्म कहाँ पठाउने भन्ने टुंगो नलागेको हो।

निष्क्रिय भाइरसबाट बनाइएको यो खोप पहिलो र दोस्रो मात्राका लागि भने प्रभावकारी देखिएको थियो। यो खोप अस्पतालमा भर्ना दर ६४.६ प्रतिशत घटाउने र गम्भीर बिरामी हुनबाट ६९ प्रतिशत प्रभावकारी हुने भनिएको थियो। १२ चैत ०७८ मा ३५ लाख र १४ चैतमा पाँच लाख ४० लाख खोप भित्रिएको थियो।

हालसम्म नेपालमा ८२ प्रतिशतभन्दा बढीले पहिलो र ८३ प्रतिशत जनसंख्याले पूर्ण मात्रा खोप लगाइसकेका छन्। यसअघि अनुदान, खरिद र कोभ्याक्स परियोजनाबाट ल्याइएका सिनोभ्याकबाहेक सबै खोप प्रयोगमा आएका हुन्। हाल बुस्टरका रूपमा भने एकभन्दा बढी स्ट्रेन अर्थात् भेरियन्टविरुद्ध लड्न सक्ने बाइभेलेन्ट खोप प्रयोगमा आइरहेका छन्। व्यवस्थापन महाशाखाको तथ्यांकअनुसार प्रदेश केन्द्रमा गरी हाल आठ लाख ९५ हजार डोज खोप मौज्दात छ। साथै, नियमित खोप ल्याएर जिल्लामा पठाइरहेकोसमेत विभागले जनाएको छ। बुधबार मात्रै ८८ हजार ६ सय ४३ डोज खोप बुस्टरका रूपमा प्रयोगमा आएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

पुनर्स्थापना टुंग्याउन मुक्तकमैयाको माग

धनगढीमा **तेजराज भट्ट**

कैलाली, कञ्चनपुरका मुक्तकमैयाले पुनर्स्थापनाको काम टुंग्याउन सरकारसँग माग गरेका छन्। सरकारले मुक्त घोषणा गरेको २२ वर्षसम्म पनि पुनर्स्थापना नगर्दा कष्टपूर्ण जीवन बिताउनुपरिरहेको गुनासो उनीहरूको छ। पुनर्स्थापनाका लागि सरकारलाई दबाब दिन मुक्तकमैयाले कैलाली, कञ्चनपुरमा दबाबमूलक अभियान सुरु गरेका छन्।

'सरकारले मुक्त घोषणा गर्दा पुनर्स्थापना गर्ने प्रतिबद्धता जनाएको थियो, तर अहिलेसम्म हामीले जग्गाजमिन पाउन सकेका छैनौं,' टीकापुर नगरपालिका- १ स्थित शिवनगर शिविरमा बस्दै आएका मुक्तकमैया रामफल थारूले भने, 'सरकारी बेवास्ताले हामी अलपत्र परेका छौं।' सार्वजनिक जमिनमा घरवास ओगटेर बसिरहेको उनले बताए। यो शिविरमा आफूजस्तै अन्य मुक्तकमैया परिवारले पुनर्स्थापना प्याकेज नपाएको थारूले बताए।

मुक्तकमैया विष्णु थारूले पुनर्स्थापना भएकामध्ये पनि कतिपय परिवार सरकारबाट आफूले पाएको जमिनमा बस्न नसकेको बताइन्। सुकुमबासी बस्दै आएको जमिन तथा नदी, खोलाको छेउछाउको जमिनको लालपुर्जा दिएका कैयौं मुक्तकमैया परिवार पाएको जग्गामा बस्न नसकेको उनको भनाइ छ। करिब २२ वर्षदेखि आफू पनि पुनर्स्थापनाको पर्खाइमा रहेको उनले बताइन्।

'सरकारले हामीलाई सुकुमबासी बसेको जग्गाको लालपुर्जा दिएको छ। सुकुमबासीलाई हटाएर हामी बस्न सकेका छैनौं,' थारूले भनिन्, 'पुनर्स्थापना हुन नसकेका परिवारको संख्या पनि धेरै छ।' पुनर्स्थापना नहुँदा जीवनयापन गर्न निकै कठिन रहेको उनले बताइन्।

सरकारी तथ्यांकअनुसार कैलालीमा नौ हजार सात सय ६२ मुक्तकमैयाले परिचयपत्र पाएका थिए। सरकारी तथ्यांकमा उनीहरूमध्ये तीन सय ८० परिवारको मात्र पुनर्स्थापना हुन बाँकी रहेको मुक्तकमैया समाजले जनाएको छ।

कञ्चनपुरमा परिचयपत्र पाएका सबै साढे चार हजार मुक्तकमैया परिवारको पुनर्स्थापना कार्य सकिएको सरकारी तथ्यांक छ। मुक्तकमैया समाजका अध्यक्ष पशुपति चौधरीले कैलालीमा नौ सय ५३ र कञ्चनपुरमा एक सय २९ परिवार पुनर्स्थापना हुन नसकेको दाबी गरे। यीमध्ये कतिपय परिवारको पुनर्स्थापना हुन नसकेको, कतिपय लालपुर्जा पाएको जमिनमा बस्न नसकेको र नदी, खोलाको किनारमा दिइएकाले कतिपयको जमिन बगेको उनले बताए।

'सरकारले पुनर्स्थापना गर्दा गरेको वाचा पूरा गरेन। दलहरूले आश्वासन मात्र दिए,' अध्यक्ष चौधरीले भने, 'मुक्तकमैयाको पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, रोजगारको विषय समेटेर सरकारले कार्यविधि जारी गर्नुपर्छ। पुनर्स्थापना कार्यलाई वर्षौंसम्म लम्ब्याइनु हुँदैन।' केही वर्षयता सरकारले पुनर्स्थापना कार्यक्रम ल्याउनै छोडेको उनले बताए।

■ पुनर्स्थापनाको माग गर्दै अधिकार यात्रामा मुक्तकमैया

उचित पुनर्स्थापनाको माग गर्दै कैलाली र कञ्चनपुरका मुक्तकमैयाले साइकल यात्रासहित अधिकार यात्रा सुरु गरेका छन्। मुक्तकमैया समाजको अगुवाइमा कैलालीको टीकापुर र कञ्चनपुरको महेन्द्रनगरबाट बिहीबार यात्रा सुरु गरिएको हो।

दुई जिल्लाका विभिन्न स्थानमा रहेका मुक्तकमैया बस्तीमा पुग्ने यात्राका क्रममा दुवै जिल्लाबाट करिब तीन सय मुक्तकमैया सहभागी भएको समाजले जनाएको छ। पुनर्स्थापनामा सरकारलाई दबाब दिन सुरु गरिएको यात्रा १७ वैशाखमा धनगढीमा बृहत् भेला गरेर समापन गरिने समाजका अध्यक्ष चौधरीले जानकारी दिए। कमैया महिला जागरण समाजका अध्यक्ष बिस्नी चौधरीले सरकारले छुटेका मुक्तकमैयाको तथ्यांक संकलन गरेर पुनर्स्थापना गर्नुपर्ने माग गरिन्। 'मजदुरी गरेर पनि जीवन निर्वाह गर्न गाह्रो छ। पुनर्स्थापनासँगै सरकारले हामीलाई आयआर्जनमा जोडिदिनुपर्छ,' उनले भनिन्।

पश्चिम तराईका जिल्लामा जमिनदारले खासगरी थारू समुदायका परिवारलाई घरमा बँधुवा मजदुरका रूपमा काम गराउने प्रथा प्रचलनमा थियो। यो प्रथा अन्त्यको माग गर्दै कमैया आन्दोलनमा उत्रिएपछि सरकारले २ साउन ०५७ मा कमैया प्रथा अन्त्य भएको घोषणा गरेको थियो। कमैया प्रथा अन्त्यको घोषणापछि सरकारले सयौं परिवारलाई जग्गा र घर बनाइदिएर पुनर्स्थापना गरेको थियो।

पूर्वराजाको हिमालय टी गार्डेनले १८ वर्षदेखि बुझाएन कर

दमक नगरपालिकाले आठ करोड उठाउन बाँकी, कृषिमा मूल्यांकन गर्न निवेदन

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमकस्थित पूर्वराजा ज्ञानेन्द्र शाहको स्वामित्वमा रहेको हिमालय महालक्ष्मी टी गार्डेन प्रालिबाट दमक नगरपालिकाले झन्डै १८ वर्षदेखि राजस्व उठाउन सकेको छैन। पूर्वराजपरिवारको स्वामित्वमा रहेको चिया बगानको पाँच सय ७६ बिघा १७ कट्ठा १४ धुर जग्गाको सम्पत्ति कर नगरपालिकाले स्वमूल्यांकन गरेको छ। यद्यपि, बगानले भने हालसम्म कर तिरेको छैन।

०६२/६३ को परिवर्तनसँगै दमक नगरपालिकाले पूर्वराजपरिवारको बगानलाई सम्पत्ति कर लगाउँदै आएको छ। हिमालय महालक्ष्मी टी गार्डेनले जग्गाको विवरण नबुझाएपछि दमक नगरपालिकाले स्वमूल्यांकन गरेर सम्पत्ति कर लगाएको हो। मालपोत कार्यालयमार्फत विवरण मगाएर दमक नगरपालिकाले आफैं मूल्यांकन गर्दै राजस्व निर्धारण गरेको जनाएको छ। आर्थिक वर्ष ०६२/६३ देखि हालसम्म बगानले सम्पत्ति करबापत जरिवानासहित आठ करोड ६३ लाख ९७ हजार नौ सय ७७ रुपैयाँ कर बुझाउन बाँकी छ। यद्यपि, कर तिर्न र आफ्नो विवरण बुझाउन अझै हिमालय महालक्ष्मी टी गार्डेन नगरपालिका आएको छैन।

करिब १८ वर्षसम्म कर नबुझाउँदा पनि दमक नगरपालिकाले भने बगानबाट राजस्व असुली गर्न सकेको छैन। पूर्वराजपरिवारकै बगान भएका कारण पनि दमक नगरपालिकाले राजस्व असुली गर्न नसकेको हो। विगतमा कर्मचारीले नगरपालिका चलाउँदा कर निर्धारण गरे पनि असुली गर्न सकेनन्। ०७४ मा निर्वाचित जनप्रतिनिधिले पनि बगानबाट कर असुली गर्न सकेनन्। अहिले निर्वाचित जनप्रतिनिधिले पनि एक वर्षसम्म असुली गर्न सकेका छैनन्। गत फागुनमा बगानमा रहेको मिनी दरबारभित्र पूर्वराजा शाहले लामो समय बिताए। त्यस क्रममा दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापाले पूर्वराजा शाहलाई पटक-पटक भेट गरे। यद्यपि, बगानको राजस्व भने उठाउन सकेनन्।



दमकस्थित पूर्वराजपरिवारको स्वामित्वमा रहेको हिमालय महालक्ष्मी टी गार्डेन। तस्बिर : नयाँ पत्रिका

चिया बगानको जग्गा पूर्व-पश्चिम राजमार्गसँग जोडिएको छ। तसर्थ नगरपालिकाले त्यहीअनुसार स्वमूल्यांकन गरेर कर निर्धारण गरेको छ। 'बगानले करको विवरण बुझाएपछि मात्र कति कर हुन्छ भन्ने निस्किने हो। तर, विवरण नबुझाएपछि हामीले हाम्रोअनुसार स्वमूल्यांकन गरेका छौं,' दमक नगरपालिकाका राजस्व प्रमुख भरत गौतमले भने, 'हामीले राजमार्गमा जोडिएको जग्गा भएका कारण त्यहीअनुसार मूल्यांकन गरेका छौं। तर, उसले राजमार्गमा भए पनि कृषि प्रयोजनका लागि हो। त्यहीअनुसार हुनुपर्छ भनिरहेको छ। हामीले त्यहीअनुसार हुनुपर्छ भने विवरण पेस गर भनेका छौं।'

चिया बगानले कृषिमा पर्ने भन्दै राजस्व छुट माग्दै दमक नगरपालिकामा निवेदन दिएको राजस्व अधिकृत गौतमले जानकारी दिए। 'मजदुरलाई ज्याला पनि दिन नसकेर धराशयी भएको छ। केही न केही सहुलियत गर्नुपऱ्यो, कृषि प्रयोजनका लागि प्रयोग भएको जग्गा हो। त्यहीअनुसार राजस्व निर्धारण हुनुपर्छ भनेर निवेदन आएको छ,' उनले भने, 'आएको निवेदनलाई बसेर यकिन गर्नुपर्छ। यो नगर सभाले गर्नुपर्ने कुरा हो।' दमकको वडा नम्बर ९ र ४ मा रहेको बगानको व्यवस्थापन हाल सोल्टी ग्रुपले गर्दै आएको छ। सोल्टी ग्रुपबाट खटाइएका बगानका व्यवस्थापक श्यामल सुब्बाले हिमालय महालक्ष्मी टी गार्डेनले राजस्व तिर्नुपर्ने बताए। यद्यपि, यसबारेमा नगरपालिकासँग समन्वय भइरहेको जानकारी दिए।

दमक नगरपालिकाले भने हिमालय महालक्ष्मी टी गार्डेनबाट राजस्व उठाइने जनाएको छ। नगरपालिकाका प्रवक्ता धर्मप्रसाद ढकालले कसैलाई पनि राजस्व नतिर्ने छुट नहुने बताए। 'यति धेरै बक्यौता छ। छुट दिने कुरा छैन। तर, बगानले अधिकांश जग्गा कृषिमा पर्छ। त्यसको गर्दा राजस्व कम हुन्छ भनेर निवेदन दिएको छ। कानुनतः के हुन्छ भनेर हाम्रो राजस्व परामर्श समितिले अध्ययन गर्दै छ,' उनले भने, 'अध्ययनको रिपोर्ट समितिले कार्यपालिकामा ल्याउँछ। त्यहीअनुसार निर्णय गरेर कर उठाउँछौं। राजस्व छुट दिने अधिकार हामी कसैलाई छैन।'

EXODUS
DIGITAL MARKETING

WE ARE HIRING!

JOB POSITIONS :

Web Developer | Graphic Designer | SEO Specialist

Requirements :
Minimum 1 year of work experience.
Previous projects will be examined.
Bachelor's degree / Skill level : INTERMEDIATE

Send your CV to :
exodusdigitalmarketing023@gmail.com
WhatsApp : +977 9828984112

More information : +977 9806131990
Shantinagar 31, Kathmandu, Nepal

बाल अस्पताललाई कांग्रेस नेता रिजालको ५० लाख सहयोग



झापा / दमकमा हालै मात्र सञ्चालनमा आएको किओच दमक बाल अस्पताललाई कांग्रेस नेता एवं पूर्वमन्त्री डा. मीनेन्द्र रिजालले ५० लाख प्रदान गरेका छन् । आफ्ना मातापिताको स्मृतिमा स्थापना गरेको पुण्यश्री फाउन्डेसनमार्फत उनले सहयोग प्रदान गरेका हुन् ।

शनिबार मोरङको रतुवामाईमा आयोजित कार्यक्रममा डा. रिजालले सहयोगबापतको रुकमसहितको चेक बाल अस्पतालका परिकल्पनाकार एवं संस्थापकसमेत रहेका काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (केओच) का अध्यक्ष डा. भगवान कोइरालालाई प्रदान गरेका थिए ।

डा. रिजालले रतुवमाई नगरपालिकाका प्रमुख नागेन्द्रप्रसाद सिंह र दमक नगरपालिकाका कार्यवाहक प्रमुख भीमप्रसाद पौडेलको रोहवरमा चेक हस्तान्तरण गरेका थिए । डा. रिजालले बालबालिकाको स्वास्थ्य सेवालाई मध्यनजर गरेर दमकमा बाल अस्पताल सञ्चालनमा ल्याइएको भन्दै डा. कोइरालाको प्रशंसासमेत गरे । सो अवसरमा नेता डा. रिजालले समाजका लागि दिने योगदानले भावी सन्ततिको भविष्य उज्यालो बनाउन सहयोग पुग्ने बताए । त्यसअघि उनले अस्पतालको स्थलगत निरीक्षणसमेत गरेका थिए ।

अस्पताल सञ्चालन पक्ष र पुण्यश्री फाउन्डेसनबीच सीमान्तकृत एवं विपन्न समुदायका बालबालिकाको स्वास्थ्य उपचार सेवासम्बन्धी सम्झौतामा हस्ताक्षरसमेत भएको छ । कार्यक्रममा डा. कोइरालाले बाल मृत्युदर घटाउने सरकारको अभियानमा सहयोग पुऱ्याउन सातवटै प्रदेशमा कम्तीमा एक-एकवटा यस किसिमका बाल विशिष्टीकृत अस्पताल सञ्चालनको अवधारणा ल्याइएको बताए । नेपाल रेडक्रस सोसाइटी दमक उपशाखासँगको सहयोगमा दमकमा सञ्चालन आएको अस्पतालमा बालबालिकाका सबै रोगको उपचार गर्ने विशिष्ट किसिमको अस्पतालका रूपमा यसले सेवा पुऱ्याउँदै आएको छ ।

कोसीमा माओवादी र जसपा सरकारमै बस्दा सत्ता परिवर्तनमा समस्या, कांग्रेसको असन्तुष्टि

झापामा **चिरञ्जीवी घिमिरे**

६ वटा प्रदेशमा केन्द्रको समीकरणअनुसार सत्तारूढ दलको नेतृत्वमा प्रदेश सरकार छन् । एमाले सत्ताबाहिरै छ । तर, कोसी प्रदेशमा भने एमाले नेतृत्वमा सरकार छ । एमालेको बहुमत भएर सत्ताको नेतृत्व गरिरहेको होइन । बरु एमालेका हिक्मतकुमार कार्कीले नेतृत्व गरेको कोसी सरकारलाई केन्द्रको सत्तारूढ दल माओवादी र जसपाले नै साथ दिएको छ ।


एमालेका हिक्मतकुमार कार्की नेतृत्वको सरकारलाई केन्द्रको सत्ता नेतृत्व गरिरहेको दल माओवादीले र जनता समाजवादी पार्टीले नै सहयोग गरिरहेको छ । जबसम्म माओवादी र जसपा सरकारबाट बाहिरिँदैनन्, तबसम्म सरकार गठनको छलफल अघि नबढ्ने कांग्रेस सांसद केदार कार्कीले बताए । 'माओवादी र जसपा सरकारबाट बाहिरनुपर्छ अनि मात्र हुन्छ,' उनले भने, 'सत्तागठबन्धनको सिद्धान्तअनुसार उहाँहरूले समर्थन फिर्ता लिनुपर्ने हो । तर, के कारणले लिनुभएको छैन, हामी खोज्दै छौं ।' एमालेले गत २५ पुसमा माओवादी, राप्रपा र जसपासहित ६० सांसदको समर्थन जुटाएर सरकार बनाएको थियो । माओवादी र जसपा कोसी सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन ।

९३ सांसद रहेको कोसी प्रदेशमा एमालेको ४०, कांग्रेसको २९, माओवादीको १३ (सभामुखसहित), राप्रपाको ६, एकीकृत समाजवादीको चार र जसपाको एक सांसद छन् । नयाँ सरकार गठनका लागि ४७ जना सांसद आवश्यक पर्छ । कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपासँग ४७ जना सांसद छन् । यद्यपि, सभामुखले विश्वासको मत दिन नमिल्ने भएका कारण सत्ता परिवर्तन गलपासो बनेको हो । एमाले र राप्रपासँग ४६ सांसद छन् । केन्द्रमा पनि राप्रपा गठबन्धनमा नरहेका कारण उसले प्रदेशमा सत्तागठबन्धनलाई साथ दिने सम्भावना न्यून छ ।

सरकारलाई समर्थन गरिरहेको माओवादीले पनि संसद्को अंकगणितलाई दोष दिँदै उम्कने गरेको छ । सरकार परिवर्तनको खेलमा लाग्दा राजनीति अस्थिरता निम्तने र मध्यावधि निर्वाचनतर्फ जाने संशयले सरकारबाट नबाहिरिएको माओवादी प्रदेश अध्यक्ष हर्कबहादुर नेम्वाङले बताए ।



माओवादी र जसपा सरकारबाट बाहिरनुपर्छ अनि मात्र हुन्छ । सत्ता गठबन्धनको सिद्धान्तअनुसार उहाँहरूले समर्थन फिर्ता लिनुपर्ने हो । तर, के कारणले लिनुभएको छैन हामी खोज्दै छौं ।



केदार कार्की
सांसद, कांग्रेस



इन्द्र आङ्बो
नेता, माओवादी

गठबन्धनको सरकार बनाउन प्रारम्भिक छलफल भइरहेको छ । संघीय सरकारमा मन्त्रिपरिषद् विस्तारको कुरा, ६ वटा प्रदेशमा सरकारमा गठबन्धनका दलहरूको सहभागिता र कोसीमा सरकार गठनबारे छलफल भइरहेको छ ।

कोसी प्रदेशमा माओवादीले मुख्यमन्त्रीको दाबी गरेको छ । माओवादीको मुख्यमन्त्री दाबीले पनि प्रदेश सरकार परिवर्तमा समस्या भएको कांग्रेसको बुझाइ छ । यद्यपि, माओवादीले भने मुख्यमन्त्रीको दाबी रहे पनि सरकार परिवर्तन नहुनुमा यो कारण नभएको बताए । 'हाम्रो दलभित्र मुख्यमन्त्री दाबी त छँदै छ । तर, सरकार परिवर्तन नहुनुको कारणचाहिँ यो होइन । तर, शीर्ष तहले के गर्छ भन्ने हो,' नेम्वाङले भने, 'संसद्को अंकगणित नै यस्तो छ । अहिले सभामुखलाई नजोडौं निष्पक्ष हुन दिऔं भन्ने हाम्रो धारणा हो । त्यसकारण, सभामुखलाई जोडेका छैनौं ।'

तर, माओवादी संसदीय दलका नेता इन्द्र आङ् बोले भने कोसी प्रदेशमा सरकार परिवर्तनका लागि संसदीय अंकगणित अप्ट्यारो नभएको बताए । उनले सहज नभए पनि सरकार गठन हुन सक्ने संख्या भएको दाबी गरे ।

'कोसी प्रदेशमा गठबन्धनको सरकार बनाउन प्रारम्भिक छलफल भइरहेको छ । संघीय सरकारमा मन्त्रिपरिषद् विस्तारको कुरा, ६ वटा प्रदेशमा सरकारमा गठबन्धनका दलहरूको सहभागिता र कोसी प्रदेशमा सरकार गठनको कुरा शीर्ष तहमा छलफल भइरहेको छ । चाँडै नै ठोस निष्कर्षमा पुग्छ,' आङ्बोले भने । उनले माओवादी सरकार गठनमा बाधक बन्ने, अल्झाउने र बार्गेनिङ गर्ने पक्षमा नरहेको बताए । 'हाम्रो अल्झाउने, रोक्ने र कुनै खालको बार्गेनिङ गर्ने उद्देश्य छैन,' उनले भने, 'हामी केन्द्रको गठबन्धनको निर्णय मान्न तयार छौं ।'

कांग्रसले पनि मुख्यमन्त्रीको दाबी गरिरहेको छ । कांग्रेस सांसद कार्कीले यसपटक मुख्यमन्त्रीमा कांग्रेसको दाबी रहेको बताए । 'अघिल्लोपटक पनि हामीले त्याग गरेका हौं । यसपटक हामी ठूलो दलको हैसियतमा पनि मुख्यमन्त्री पाउनुपर्छ भन्ने हो,' कार्कीले भने ।

कांग्रेस संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्री कसलाई बनाउने भन्ने विषयमा कुनै विवाद नरहेको दाबी गरे । उनले आलोपालोमा सरकारको नेतृत्व गर्ने गरी सहमति हुने बताए । 'कसलाई मुख्यमन्त्री बनाउने भन्ने विवाद त छैन । यहाँ हामी आलोपालोमा जाने हो । यहाँ कांग्रेस, माओवादी र एकीकृत समाजवादीले आलोपालोमा सरकारको नेतृत्व गर्ने हो,' उनले भने, 'हामीले शीर्ष नेतालाई भेटेर आलोपालोका लागि भनेका छौं । त्यसलाई टुंग्याइदिए सहज हुने थियो । हामी नेतृत्वले गरेको निर्णय कार्यान्वयन गर्न तयार छौं ।'

कोसी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले १०० दिनको उपलब्धि सार्वजनिक गर्ने क्रममा सहमतिको सरकार निर्माणका लागि आह्वान गरे । कोसी प्रदेशको परिस्थितिका कारण सहमतीय सरकार बन्न सक्ने बताउँछन्, कांग्रेस संसदीय दलका नेता थापा । 'मुख्यमन्त्रीले सहमतिको सरकारका लागि आह्वान गर्नुभएको छ । अहिले कोसी प्रदेशको अवस्था हेर्दा सान्दर्भिक नै देखिन्छ,' थापाले भने, 'कि त राप्रपालाई साथमा लिएर जानुपऱ्यो !'

कोसी प्रदेशका मुख्यमन्त्री कार्की केन्द्रमा राजनीतिक समीकरण फेरबदल भए पनि प्रदेशमा भने पुरानो समीकरणमा समस्या नआएको बताए । '२४ पुसमा पार्टीहरूले लेखेर विश्वास व्यक्त गरे ती पार्टीबीचमा अहिले कुनै असमझदारी आएको छैन । फिर्ता हुने र हट्ने कुरा आएको छैन । त्यसैले यहाँ निरन्तर होला भन्ने छ । यसलाई राष्ट्रिय राजनीतिमा आउने फेरबदलले पनि छोएन,' मुख्यमन्त्री कार्कीले भने, 'न्यूनतम साझा कार्यक्रममा हामीले सहकार्य नै गरिरहेका छौं । अहिले पनि हामी सल्लाहमै काम गरिरहेका छौं । म कसैलाई मन्त्रीबाट हटाउने पक्षमा पनि छैन । राम्रो गर्नेलाई साथमा लिएर जाने हो ।'

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
को

तपसिलका शाखा कार्यालयहरूको तपसिलमा उल्लेखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०१/१७ गते)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको तपसिलका शाखा कार्यालयहरूबाट लिनु भएको कर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरू, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरूलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालयः पूल्चोक, ललितपुर

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मितिः २०७४/०१/०५ मा दर्ता न : १६७१५८/७३/०७४ कायम भई दर्ता भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ७, बालकुमारी स्थित **इम्पाक्ट बिल्डर्स एण्ड कन्सल्टेन्सी प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू

नाम : अतिष मान अमात्य	नाम : अमृत मान अमात्य	नाम : अनु अमात्य
बाबु : अमृत मान अमात्य	बाबु : शम्भु मान अमात्य	बाबु : अमृत मान अमात्य
बाजे : शम्भु मान अमात्य	बाजे : सनक मान अमात्य	बाजे : शम्भु मान अमात्य
ठेगाना : ललितपुर-१६, ललितपुर	ठेगाना : ललितपुर-१७, ललितपुर	ठेगाना : ललितपुर-१८, ललितपुर
ना.प्र.प.नं. : २८१-०१५-५०४९९, ललितपुर	ना.प्र.प.नं. : १७१४/०३४/३५, ललितपुर	ना.प्र.प.नं. : २८-०१-०६६-००२५१, ललितपुर

शाखा कार्यालय : मनकामना, गोरखा

१. ऋणीको विवरण

इच्छाकामना गाउपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार चितवनमा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मिति २०७८/०१/१५ मा आर्थिक बर्ष ०७७/०७८ को दर्ता नं. २४१ कायम भई दर्ता भएको चितवन जिल्ला, इच्छाकामना गा.पा. वडा नं. ५, मुग्लिङ्ग स्थित **श्री नेवारी खाजा घर**

व्यक्तिगत जमानतकर्ताहरू

नाम : रजनी जोशी	नाम : रबिन्द्र जोशी	नाम : रोहित जोशी
पति : रबिन्द्र जोशी	बाबु : भरत लाल जोशी	बाबु : रबिन्द्र जोशी
ससुरा : भरत लाल जोशी	बाजे : बोध मान जोशी	बाजे : भरत लाल जोशी
ठेगाना : बन्दिपुर-६, तनहुँ	ठेगाना : बन्दिपुर-६, तनहुँ	ठेगाना : बन्दिपुर-४, तनहुँ
ना.प्र.प.नं. : ४३१०२८/१४६, तनहुँ	ना.प्र.प.नं. : २०५४५, तनहुँ	ना.प्र.प.नं. : ४३-०१-७७-०६४८२, तनहुँ

नाम : बिष्णु कुमारी जोसी ठेगाना : दारेचोक-३, चितवन
पति : भरत लाल जोशी ना.प्र.प.नं. : १८५, चितवन
ससुरा : बोध मान जोशी

२. ऋणीको विवरण

नाम : रजनी जोशी ठेगाना : बन्दिपुर-६, तनहुँ
पति : रबिन्द्र जोशी ना.प्र.प.नं. : ४३१०२८/१४६, तनहुँ
ससुरा : भरत लाल जोशी

व्यक्तिगत जमानतकर्ताहरू

नाम : रबिन्द्र जोशी	नाम : रोहित जोशी	नाम : बिष्णु कुमारी जोसी
बाबु : भरत लाल जोशी	बाबु : रबिन्द्र जोशी	पति : भरत लाल जोशी
बाजे : बोध मान जोशी	बाजे : भरत लाल जोशी	ससुरा : बोध मान जोशी
ठेगाना : बन्दिपुर-६, तनहुँ	ठेगाना : बन्दिपुर-४, तनहुँ	ठेगाना : दारेचोक-३, चितवन
ना.प्र.प.नं. : २०५४५, तनहुँ	ना.प्र.प.नं. : ४३-०१-७७-०६४८२, तनहुँ	ना.प्र.प.नं. : १८५, चितवन

३. ऋणीको विवरण

नाम : ऋषिराम लामिछाने
बाबु : गणेश बहादुर लामिछाने
बाजे : जय नारायण लामिछाने
ठेगाना : पदमपुर-५, चितवन
ना.प्र.प.नं. : २८७२/०६३, चितवन

व्यक्तिगत जमानतकर्ता

नाम : मिरा भट्टराई
पति : ऋषिराम लामिछाने
ससुरा : गणेश बहादुर लामिछाने
ठेगाना : रंगपुर-३, रौतहट
ना.प्र.प.नं. : ३२२०६२/१७३, रौतहट

४. ऋणीको विवरण

नाम : दिपा रानामगर
पति : गुप्ता लामिछाने
ससुरा : ढलक बहादुर लामिछाने
ठेगाना : रत्ननगर-१२, चितवन
ना.प्र.प.नं. : ०४१३९८, चितवन

व्यक्तिगत जमानतकर्ताहरू

नाम : गुप्ता लामिछाने	नाम : गणेश वहादुर लामीछाने	
बाबु : ढलक बहादुर लामिछाने	बाबु : ढलक बहादुर लामिछाने	
बाजे : बेग बहादुर लामिछाने	बाजे : बेग बहादुर लामिछाने	
ठेगाना : आंबु-५, तनहुँ	ठेगाना : आंबुखैरेनी-५, तनहुँ	
ना.प्र.प.नं. : ४५२०१, तनहुँ	ना.प्र.प.नं. : ९३६७, तनहुँ	

व्यक्तिगत जमानतकर्ताहरू

नाम : ढलक बहादुर लामिछाने	नाम : नर माया मगर
बाबु : बेग बहादुर लामिछाने	पति : ढलक बहादुर लामिछाने
बाजे : हस्त दल लामिछाने	ससुरा : बेग बहादुर लामिछाने
ठेगाना : आंबुखैरेनी-५, तनहुँ	ठेगाना : आंबुखैरेनी-५, तनहुँ
ना.प्र.प.नं. : ४७४..., तनहुँ	ना.प्र.प.नं. : १६०२..., तनहुँ

५. ऋणीको विवरण

नाम : मतीमाया गुरूङ
पति : अमृत गुरूङ
ससुरा : रन बहादुर गुरूङ
ठेगाना : मनकामना-३, गोरखा
ना.प्र.प.नं. : ४४१०१७/११००, गोरखा

व्यक्तिगत जमानतकर्ताहरू

नाम : अमृत गुरूङ	नाम : बुद्धिमाया गुरूङ	
बाबु : रन बहादुर गुरूङ	पति : रन बहादुर गुरूङ	
बाजे : विर बहादुर गुरूङ	ससुरा : विर बहादुर गुरूङ	
ठेगाना : मनकामना-३, गोरखा	ठेगाना : मनकामना-३, गोरखा	
ना.प्र.प.नं. : १४११५१, गोरखा	ना.प्र.प.नं. : ३/९/१३१, गोरखा	

व्यक्तिगत जमानतकर्ताहरू

नाम : रजनी लामा	नाम : निर्मल गुरूङ
पति : निर्मल गुरूङ	बाबु : रन बहादुर गुरूङ
ससुरा : रन बहादुर गुरूङ	बाजे : बिर बहादुर गुरूङ
ठेगाना : भरतपुर ११, चितवन	ठेगाना : मनकामना-३, गोरखा
ना.प्र.प.नं. : ३५१०२५/९५०५, चितवन	ना.प्र.प.नं. : ४४१०१७/४९१, गोरखा

६. ऋणीको विवरण

नाम : अक बहादुर गुरूङ ठेगाना : मनकामना ३ गोरखा
बाबु : डम्मर सिं गुरूङ ना.प्र.प.नं. : ९२३७३,गोरखा
बाजे : सुकबिर गुरूङ

व्यक्तिगत जमानतकर्ताहरू

नाम : अमृत गुरूङ	नाम : कोपिला गुरूङ	नाम : वल बहादुर गुरूङ
बाबु : रन बहादुर गुरूङ	पति : अक बहादुर गुरूङ	बाबु : डम्बर सिं गुरूङ
बाजे : बिर बहादुर गुरूङ	ससुरा : डम्बर सिं गुरूङ	बाजे : सुकविर गुरूङ
ठेगाना : मनकामना-३, गोरखा	ठेगाना : मनकामना-३ गोरखा	ठेगाना : मनकामना ३ गोरखा
ना.प्र.प.नं. : १४११५१, गोरखा	ना.प्र.प.नं. : ४४-०१-७२-०८३९५, गोरखा	ना.प्र.प.नं. : ५०२५, गोरखा

७. ऋणीको विवरण

नाम : कोपिला गुरूङ
पति : अक बहादुर गुरूङ
ससुरा : डम्बर सिं गुरूङ
ठेगाना : मनकामना-३ गोरखा
ना.प्र.प.नं. : ४४-०१-७२-०८३९५, गोरखा

व्यक्तिगत जमानतकर्ता

नाम : अक बहादुर गुरूङ
बाबु : डम्बर सिं गुरूङ
बाजे : सुकविर गुरूङ
ठेगाना : मनकामना-३ गोरखा
ना.प्र.प.नं. : ९२३७३, गोरखा

शाखा कार्यालय : कुश्मा, पर्वत

१. ऋणीको विवरण

नाम : लेख नाथ शर्मा
बाबु : खगेश्वर पाध्या
बाजे : महा शरन पाध्या
ठेगाना : छिस्ती-५, बाग्लुङ्ग
ना.प्र.प.नं. : १३७०९/१६५६, बाग्लुङ्ग

व्यक्तिगत जमानतकर्ता

नाम : शर्मिला शर्मा
पति : लेख नाथ शर्मा
ससुरा : खगेश्वर पाध्या
ठेगाना : छिस्ती-५,बाग्लुङ्ग
ना.प्र.प.नं. : ३८३७, बाग्लुङ्ग

२. ऋणीको विवरण

नाम : रिना कुमारी श्रेष्ठ
पति : राम कृष्ण श्रेष्ठ
ससुरा : जित बहादुर श्रेष्ठ
ठेगाना : शिवालय-१, पर्वत
ना.प्र.प.नं. : २६१८, पर्वत

व्यक्तिगत जमानतकर्ता

नाम : शेष कुमारी श्रेष्ठ
पति : जित बहादुर श्रेष्ठ
ससुरा : मोहन लाल श्रेष्ठ
ठेगाना : शिवालय-१, पर्वत
ना.प्र.प.नं. : ५६९९, पर्वत

३. ऋणीको विवरण

नाम : बिनीता शाही मल्ल
पति : राम कुमार शाही
ससुरा : जगतबहादुर शाही
ठेगाना : पिप्ले-४, म्याग्दी
ना.प्र.प.नं : ४९१०१६/२०३३७, म्याग्दी

व्यक्तिगत जमानतकर्ता

नाम : जगतबहादुर शाही
बाबु : लोकबहादुर शाही
बाजे : अम्मर बहादुर शाही
ठेगाना : पिप्ल-४, म्याग्दी
ना.प्र.प.नं. : ११४३६, म्याग्दी

आज स्वदेश फर्कदै सांसद भण्डारी

नयाँ पत्रिका

करिब साढे दुई महिना भारतमा उपचारपछि कांग्रेस सांसद चन्द्र भण्डारी आइतबार स्वदेश फिर्ता हुने भएका छन् । भण्डारीका स्वकीय सचिव बोधराज कँडेलका अनुसार आइतबार साँझ ५ बजे नेपाल एयरलाइन्समार्फत भण्डारी नेपाल आउन लागेका हुन् । कँडेलले शनिबार विज्ञप्तिमार्फत बाँकी उपचार नेपालमै हुने गरी आउने तय भएको जानकारी दिए । 'उहाँको स्वास्थ्य क्रमिक रूपमा सुधार भइरहेको छ । अबको बाँकी थप स्वास्थ्योपचार नेपालमा नै गरिने भएको छ । दिँउसो २:५५ बजे मुम्बईबाट नेपाल वायुसेवा निगमको मुम्बई-काठमाडौं नियमित उडानबाट नेपाल फर्किदै हुनुहुन्छ,' विज्ञप्तिमा भनिएको छ ।

४ फागुनमा घरमै ग्यास लिक भएर आगलागी हुँदा जलेर घाइते भएका भण्डारीलाई थप उपचारका लागि भारत लगिएको हो । घटनालगत्तै कीर्तिपुर अस्पतालको बर्न सेन्टरमा भर्ना गरिएका उनलाई चिकित्सकले स्वेदशमा उपचार सम्भव नहुने बताएका थिए । घाइते आमा ८६ वर्षीया हरिकला भण्डारीको भने कीर्तिपुर अस्पतालमै निधन भएको थियो ।

कीर्तिपुर अस्पतालले भण्डारीको अनुहार, हात र गोडामा गरी ३० प्रतिशत जलन भएको जानकारी गराएको थियो । ५ फागुनमा नेपालमा उपचार सम्भव नभएकाले चिकित्सकको सिफारिसबमोजिम थप उपचारका लागि श्री एयरलाइन्सको विमानमार्फत भारतको मुम्बईस्थित नेसनल बर्न्स सेन्टरमा लगिएको थियो ।

चट्याङले एकजनाको मृत्यु

ताप्लेजुङ / सिदिङ्वा गाउँपालिका- ६ मेहेलेमा चट्याङ लागेर शुक्रबार एकजनाको मृत्यु भएको छ । सिदिङ्वा गाउँपालिका- ६ का भूतपूर्व वडाध्यक्षसमेत रहेका ५८ वर्षीय श्रीप्रसाद कडरियाको चट्याङ लागेर मृत्यु भएको नीलगिरी माविका प्रधानाध्यापकसमेत रहेका मृतकका भाइ गोपाल कडरियाले बताए । शुक्रबार राति करिब ९ बजेतिर घरबाहिर निस्केका कडरिया चट्याङले घाइते भएका थिए । त्यसको एक घन्टापछि उनको मृत्यु भएको भाइ गोपालले बताए । तीन दिनअगाडि पनि मैवाखोलामा चट्याङ लागेर एक बालकको मृत्यु भएको थियो ।

■ **सामुदायिक विद्यालयप्रति आकर्षण**

विद्यार्थीको चाप थेग्न नसकेर ताप्लेजुङको भानुजन माविले रोक्यो भर्ना अभियान

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङका केही सामुदायिक विद्यालयले स्थानीय रेडियोमा विज्ञान बजाएर तथा घरघरमा गएर आफ्ना छोराछोरी पढाउन अभिभावकलाई अनुरोध गरिरहेका वेला भानुजन माध्यमिक विद्यालयले ११ दिनमै नयाँ विद्यार्थी भर्ना अभियान बन्द गरेको छ । विद्यार्थीको चाप थेग्न नसकेर विद्यालयले भर्ना नै बन्द गरेको हो । विद्यालयले प्रवेश परीक्षा (इन्ट्रान्स) लिएर उत्तीर्ण भएपछि मात्र नयाँ विद्यार्थीलाई भर्ना लिने गरेको छ ।

नयाँ शैक्षिक सत्रका लागि १ वैशाखदेखि भर्ना लिन थालिए पनि १५ दिनमै भर्ना अभियान बन्द गरिएको हो । १५ वैशाखसम्म दुईपटक प्रवेश परीक्षा लिएर भर्ना अभियान बन्द गरिएको विद्यालयका प्रधानाध्यापक किशोरकुमार राईले जानकारी दिए । ४ र १५ वैशाखमा लिइएको प्रवेश परीक्षामा चार सय विद्यार्थीले परीक्षा दिएका थिए । जसमध्ये तीन सयजना प्रवेश परीक्षा उत्तीर्ण भएको राईले बताए । विद्यालयमा नर्सरीदेखि कक्षा १२ सम्म २५ सय विद्यार्थीले अध्ययन गरिरहेका छन् । अहिले कक्षा १० बाट एक सय ५० र कक्षा १२ बाट दुई सयजना निस्किएका छन् । तर, कक्षा ११ मा करिब पाँच सय विद्यार्थी पुनः थपिने अनुमान गरिएको छ । विद्यालयबाट तीन सय ५० जना बाहिरिँदा करिब आठ सयजना प्रवेश गर्ने गरेका छन् ।

समयअघि नै किन भर्ना अभियान बन्द गरिएको भन्ने प्रश्नमा प्रधानाध्यापक राईले शिक्षकको अभावका कारण धेरै विद्यार्थी भर्ना गर्न नसकेको जानकारी दिए । स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारले शिक्षक र भौतिक संरचनाको ग्यारेन्टी गरे धेरै विद्यार्थी भर्ना लिन सकिने उनले बताए ।

भानुजन माध्यमिक विद्यालयको भौतिक संरचना, राजधानीमा रहेको सुविधासम्पन्न निजी विद्यालयभन्दा कम देखिँदैन । भानुजन माविमा सुविधासम्पन्न भवन निर्माण भएका छन् । कक्षाकोठा, खेलमैदान र शौचालय व्यवस्थित तथा आकर्षित भएका कारण पनि विद्यार्थीहरूको हब भानुजन माबि बनेको छ । प्रयोगात्मक शिक्षण सिकाइका लागि प्रयोगशाला स्थापना भएको छ ।

कक्षा १२ सम्म पढाइ हुने यो विद्यालयमा सिभिल इन्जिनियरिङ, कम्प्युटर साइन्स, विज्ञान, पर्यटन तथा पर्वतारोहण, शिक्षा, संगीत र व्यवस्थापन विषयको पठनपाठन हुने गरेका कारण पनि विद्यार्थीमा आकर्षण देखिएको छ । विद्यालयमा अंग्रेजी तथा नेपाली माध्यममा कक्षा १२ सम्मै पढाइ हुने गरेको छ ।

अमृतको स्वरमा 'मनमा तिमी'

गायक अमृत खाती र रेनुका खतिवडाको आवाज रहेको नयाँ गीत 'मनमा तिमी' सार्वजनिक भएको छ । यस गीतमा नारायण दंगालले संगीत भरेका छन् । मिलन श्रेष्ठले निर्देशन गरेको गीतको भिडियोमा विक्रमजंग शाह, जुना कार्की र अनु पराजुलीको अभिनय छ । यस गीतलाई गायिका खतिवडाले नै लेखेकी हुन् ।

आलियालाई अवार्ड

फिल्म फेयर अवार्ड २०२३ मा अभिनेत्री आलिया भट्टले गंगुबाई काठियावाडीका लागि उत्कृष्ट अभिनेत्रीको अवार्ड जितेकी छिन् । यस फिल्ममा उनले एक यौनकर्मीको भूमिका निर्वाह गरेकी थिइन् । उत्कृष्ट अभिनेताको अवार्ड 'बधाई दो'बाट राजकुमार रावले जितेका छन् । गंगुबाई काठियावाडी उत्कृष्ट फिल्म घोषित भएको छ भने यही फिल्मबाट सञ्जयलीला भन्सालीले उत्कृष्ट निर्देशकको अवार्ड जितेका छन् ।

पित्तथैलीको पत्थरी यी कुरा जानिराखौं

पछिल्लो समय नेपालमा पित्तथैलीमा पत्थरी हुने बिरामीको संख्या बढ्दो छ । प्रायः ४० वर्ष आसपासको मान्छेमा यो समस्या धेरै देखिने गरेको छ । यद्यपि, पछिल्लो समय सानो उमेरका मानिसहरू पनि यो समस्या लिएर अस्पताल धाउन थालेका छन् । मोटोपन भएका मान्छे र महिलामा यो समस्या धेरै देखिने गरेको छ । वंशानुगत कारणले पनि यस्तो समस्या देखिने गरेको छ ।



डाक्टरको सल्लाह



डा. उदय कोइराला
जनरल सर्जन
मोडल अस्पताल

कस्तो अवस्थामा अप्रेसन नगर्ने ?

- पित्तथैलीमा पत्थरी भएपछि अप्रेसन नै गर्नुपर्छ भन्ने हुँदैन । जसलाई ग्यास्ट्रिक छैन, चिल्लो खाँदा दुखाइ हुँदैन । त्यस्ता व्यक्तिले अप्रेसन गर्नुपर्दैन । त्यसले केही असर गर्दैन ।
- यदि ६० वर्षमाथिका मान्छेलाई पत्थरीको कुनै लक्षण देखिएन भने अप्रेसन गर्नुपर्दैन ।
- मधुमेहको समस्या भएका, पित्तथैली बाक्लो हुँदै गएका, अन्य रोगको औषधि लिइरहेका मान्छेले लक्षण नभए पनि अप्रेसन गर्नुपर्छ ।
- लक्षण नदेखिएको मान्छेले चिल्लो कम खानुपर्छ । चिल्लोले पत्थरी गराउँदैन, तर दुखाइ धेरै गराउन सक्छ । पेट भारी हुने गरी खानुहुँदैन ।

लक्षण

- पित्तथैलीमा पत्थरीको लक्षण ग्यास्ट्रिकको जस्तो हुन्छ । अधिकांश मानिस ग्यास्ट्रिक भनेर बसेका हुन्छन् । मुटुको भागभन्दा मुनि दुखाइ हुन्छ ।
- दायाँपट्टिको कोखामा दुखाइ महसुस हुन्छ । कसैलाई देब्रे कोखामा पनि दुखाइ हुन्छ ।
- पेट फुलेजस्तो महसुस हुन्छ । खाना खाएपछि धेरै पेट दुखाइ हुन्छ । खानापछि धेरै दुखाइ भयो भने पत्थरी नै सम्झँदा हुन्छ ।
- चिल्लो खाँदा पेट दुस्स हुन्छ । खाना खाएपछि पखाला पनि लाग्न सक्छ ।

पहिचान र उपचार विधि

- पेटको अल्ट्रासाउन्ड गरेपछि मात्रै पित्तथैलीमा पत्थरी भए/नभएको पत्ता लाग्छ । खाली पेटमा अल्ट्रासाउन्ड गरेर जाँच गर्नुपर्छ । पत्थरी नलीमा गएर अड्कियो भने जन्डिस हुने सम्भावना हुन्छ । त्यसपछि सहन नसक्ने दुखाइ हुन सक्छ । पाचन ग्रन्थि सुन्निन सक्छ । त्यसैले धेरै लक्षण नहुँदा उपचार गर्नुपर्छ । जन्डिस भयो भने कलेजोमा इन्फेक्सन हुन सक्छ । पत्थरी ठूलो छ र लामो समय भइसकेको छ भने क्यान्सर हुने खतरा पनि हुन्छ ।
- पित्तथैलीमा मासु पलाएर एक सेन्टिमिटरभन्दा ठूलो छ भने क्यान्सर हुने सम्भावना हुन्छ । त्यसका लागि सिटिस्क्यान गरेर जाँच गरिन्छ । सिटिस्क्यान, एमआरसिपी र अल्ट्रासाउन्ड जाँच गरेपछि मात्रै थाहा हुन्छ । कहिलेकाहीं पित्तथैलीको कारण मात्रै दुखाइ नहुन सक्छ, त्यस्तो अवस्थामा इन्डोस्कोपी गर्नुपर्छ । कहिलेकाहीं पेटमा अल्सर हुँदा पनि दुख्न सक्छ, त्यसलाई छुट्याउन यसरी जाँच गरिन्छ ।
- पत्थरी मात्रै निकाल्यो भने पित्तथैलीमा नयाँ समस्या देखिन सक्छ । त्यसैले अप्रेसन गरेर पित्तथैली पूरै निकाल्नुपर्ने हुन्छ । पित्तथैली निकाल्नु भनेको पित्त निकाल्नु होइन । पित्तको 'सोर्स' भनेको कलेजो हो । कलेजोले पित्त उत्पादन नै गरिरहन्छ । खाना पचाउने काम पित्तले गरिरहन्छ । पित्तथैलीको अप्रेसन गर्दा चिरेर र ल्याप्रोस्कोपी प्रविधिबाट प्वाल पारेर गर्न सकिन्छ । चिरेर गरे पनि ल्याप्रोस्कोपी विधिबाट प्वाल पारेर गरे पनि तरिकाचाहिं उस्तै हो ।
- पित्तथैलीको कारणले दुखाइ बढी छ, ज्वरो आएको छ भने तत्कालै अप्रेसन गर्नुपर्ने हुन्छ । तर, पाचन ग्रन्थिमै असर गरिसकेको छ भने केही पर्खेर गर्नुपर्ने हुन्छ । सुन्निएको छ, दुखाइ धेरै भएको छ भने दूरबिन प्रविधिबाट (ल्याप्रोस्कोपी विधि) नै अप्रेसन गर्न सकिन्छ । पित्तथैलीको अप्रेसनपछि केही समय आराम गर्नुपर्छ । खानेकुरामा केही बार्नुपर्दैन ।

गर्मीमा यात्रा गर्दा...



घुमघाममा निस्कँदा पानीको बोतल, सिटामोललगायत आधारभूत स्वास्थ्य सामग्रीको बाकस, चकलेट, नट्सजस्ता इनर्जी दिने खानेकुरा तपाईंले झोलामा बोक्नुपर्छ । गर्मी मौसममा घुम्न निस्कँदा तपाईंले झोलामा अन्य केही सामग्री पनि बोक्न जरुरी छ, जसकारण तपाईंलाई यात्रा अवधिभर असहज नहोस् ।

गर्मीको समयमा मानिसहरू हाफ टिसर्ट लगाउन रुचाउँछन् । तर, लामो यात्रामा जाँदा तपाईंले पूरै बाहुला भएको टिसर्ट लगाउनुपर्ने हुन सक्छ । किनकि, ट्रेकिङका क्रममा तपाईंले घामको प्रत्यक्ष सम्पर्कबाट आफ्नो छालालाई जोगाउन जरुरी हुन्छ ।



सञ्जीव गुरुङ
पथप्रदर्शक, ट्रिप हिमालय
ट्रेक्स एन्ड एक्सपिडिसन

तातो हावाले तपाईंलाई टाउको दुख्ने, चक्कर लाग्नेलगायत समस्या निम्त्याउन सक्छ । त्यसैले टाउकोलाई घामको सीधा सम्पर्कबाट जोगाउन तपाईंले ह्याट लगाउनु राम्रो हुन्छ । टोपीले टाउको छोपिँदा घाम प्रत्यक्ष रूपमा टाउकोमा पर्न पाउँदैन, टाउको र घाँटी दुवै सुरक्षित रहन्छ ।

हिँड्दा छालामा सनस्क्रिन लगाउनुपर्ने हुन्छ । अन्यथा, घामको विकिरणले छालामा असर गर्न सक्छ । विभिन्न एलर्जी पनि देखिन सक्छ । छाला सुरक्षित राख्न प्रत्येक दुई घन्टामा सनस्क्रिनको प्रयोग गर्नुभयो भने राम्रो हुन्छ । लामो यात्रामा जाँदा झोलामा लाइट ज्याकेट बोक्न नबिर्सनुस् । बिहानको समयमा उच्च स्थानमा तापक्रम कम हुन्छ । यदि तपाईंको ब्यागमा पर्याप्त कपडा छैन भने तपाईंले चिसो सहनुपर्ने हुन सक्छ ।

घामको विकिरणसँगको प्रत्यक्ष सम्पर्कले आँखामा असर गर्न सक्छ । दृष्टि कमजोर हुने, चक्कर लाग्ने, थकाइ लाग्नेलगायत समस्या देखिन सक्ने भएकाले सनग्लास बोक्नु राम्रो हुन्छ ।

गर्मीमा हिँड्दा शरीरबाट अत्यधिक पसिना आउने गर्छ । जसकारण, तपाईंलाई ब्याक्टेरियाले संक्रमण गर्न सक्ने जोखिम पनि रहन्छ । यसबाट बच्न एन्टिब्याक्टेरियल पाउडर लगाउनुपर्ने हुन्छ । झोलामा यस्तो पाउडर बोक्न नबिर्सनुस् ।

यात्राका क्रममा रगतमा सुगरको स्तर कायम राख्नुपर्ने हुन्छ । त्यस्तै, तपाईं हाइड्रेट पनि रहनुपर्ने हुन्छ । त्यसैले ग्लुकोज डीजस्ता पेय पदार्थ बोक्न नबिर्सनुस् । यसले तपाईंको ऊर्जा कायम राख्छ ।

तौल नियन्त्रण गर्न जुम्बा



यदि तपाईंले जुम्बा गर्नुभएको छैन भने आउनुस् र सुरु गर्नुस् । यो अन्य फिटनेस वर्कआउटभन्दा फरक छ । यसले वर्कआउटभन्दा पनि एउटा डान्स पार्टीजस्तो महसुस गराउँछ । सबै उमेरसमूहकाले यो गर्न सक्छन् । १२ वर्षदेखि ६० वर्षसम्मका मानिस आउन सक्छन् । स्टेपहरू फलो गर्नलाई धेरै सहज छन् । कहिलेकाहीं इन्स्ट्रक्टरले तपाईंलाई सीधै सिकाउँछन् । कहिलेकाहीं इन्स्ट्रक्टरले गरेका स्टेप ऐनामा हेरेर तपाईंले सिक्नुहुन्छ । तर, जसरी सिके पनि तपाईंको अनुहारमा हाँसो भने हुनेछ, यो नै महत्त्वपूर्ण कुरा हो । स्ट्रेसबाट बाहिर निस्कनका लागि र फिटनेसका लागि जुम्बा महत्त्वपूर्ण छ ।

जुम्बाका धेरै मानसिक तथा शारीरिक फाइदा छन् । यसले तपाईंको शरीरलाई स्वस्थ राख्छ । तपाईंलाई ऊर्जाशील बनाउँछ ।

जुम्बामा झन्डै एक घन्टाको क्लास हुने गर्छ । जसमध्ये १० मिनेट वार्मअप र पाँच मिनेट कुलडाउन हुन्छ । त्यसपछिको समय त पार्टी गरेजसरी बित्छ ।

स्याङ्तानको कवितासंग्रह 'ओ पेङदोर्जे !' सार्वजनिक



कवि तथा पत्रकार राजु स्याङ्तानको कवितासंग्रह 'ओ पेङदोर्जे !' सार्वजनिक भएको छ । शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा सहयोद्धा प्रवीणा गोलेलाई स्याङ्तानले कवितासंग्रह हस्तान्तरण गरे । गोले कुनै समय स्याङ्तानसँगै जनयुद्धमा सहभागी थिइन् । उनले सिन्धुपाल्चोकको ठोकर्पामा भएको दोहोरो भिडन्तमा एउटा हात गुमाएकी थिइन् ।

'एउटा समुदायबाट उठेको मानिस उसको वरपरको विभिन्न थिचोमिचो, सहयोग र असहयोगको बीचबाट हुर्कंदाहुर्कंदै बजार र विश्वव्यापीकरणसँग जुध्न पुग्छ,' पुस्तक र लेखकबारे टिप्पणी गर्दै समीक्षक हरि शर्माले भने, 'परिणाममा बजार, समाज र पुँजीवादको बन्दी भएका कविको वेदना र पीडा यसमा सशक्त ढंगले प्रतिबिम्बित भएको छ ।' स्याङ्तानले बिम्ब र प्रतिबिम्ब प्रयोग गर्दै कल्पनालाई सशक्त ढंगले उभ्याएको उनले बताए ।

कवि श्रवण मुकारुङले राजुले आमपाठकका मर्मलाई छोएर कविता प्रस्तुत गर्ने गरेको बताए । 'मैले नछुटाईकन पढ्ने अहिलेका कविहरूमध्ये राजु एक हुन्,' उनले भने, 'आफ्नो परिवेशलाई आमपाठकको मर्ममा छोएर प्रस्तुत गर्न राजु प्रखर देखिएका छन् ।'

कार्यक्रममा स्याङ्तानले आफ्नो संग्रहभित्रका दुईवटा कविता वाचन गरेका थिए । यस कवितासंग्रहमा ६ वटा फरक खण्डभित्र ५१ वटा कविता अँटाएका छन् । नेपालय पब्लिकेसनले यस पुस्तकलाई बजारमा ल्याएको हो ।

छालामा मेहदीको असर



सुन्दरताका दृष्टिले मेहदी लगाउनु राम्रो हो । यसको प्रयोग प्राचीन समयदेखि नै हुँदै आइरहेको छ । तर, मेहदीले कतिपयलाई नकारात्मक असर पनि गरिरहेको हुन्छ । यसतर्फ पनि ध्यान दिनुपर्छ ।

- पछिल्लो समय बजारमा विभिन्न प्रकारका केमिकल मिसिएका मेहदी पाइन्छन् । यस्ता मेहदीले सुन्दर देखाए पनि स्वास्थ्यमा समस्या निम्त्याउन सक्छ । त्यसैले मेहदी चयन गर्दा ध्यान दिनुपर्छ । केमिकल मिसाइएका होइन, प्राकृतिक रूपमै तयार गरिएका मेहदी प्रयोग गर्नुपर्छ ।
- मेहदीले छालामा एलर्जी हुने, पानीफोका हुने, छाला फुट्नेजस्ता समस्या देखा पर्न सक्छन् । मेहदी लगाएको हातले शरीरका अन्य भाग छोएमा पनि असर गर्न सक्छ । नाक र आँखामा पनि एलर्जी हुन सक्छ ।
- मेहदीको गन्धले कतिपयलाई सास फेर्न गाह्रो हुन्छ । त्यसैले लगाउनुअघि बजारमा कस्ता खालको मेहदी आएको छ, बुझेर मात्रै लगाउने गर्नुपर्छ ।
- मेहदी लगाएको ठाउँमा पोल्न सक्छ । दीर्घरोग भएका दिदी-बहिनीका लागि झन् खतरा हुन्छ । यसले अर्को समस्या पनि हुन सक्छ, झमझमाउन सक्छ । यस्तो लक्षण देखिएमा डाक्टरको सम्पर्कमा बस्नुपर्छ । असर देखिएमा तुरुन्तै उपचारमा लाग्नुपर्छ । सबैले आफ्नो स्वास्थ्यलाई ख्याल गर्न आवश्यक हुन्छ ।

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

1st Date Of Publication : 30th April, 2023 (For NEE/NCB : 16/079/80)
2nd Date Of Publication : 30th April, 2023 (For NEE/S.Q : 14/079/80)

1. Neelakantha Municipality invites bids from eligible bidders for the execution of below mentioned works under NCB And Sealed Quotation Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S. N	Identifiction No.	Works Description	Estimated Amount (Without VAT & Contingencies) NRS	Bid Document Fee(NRs)	Bank Address for Bid Document Fee	Bid Security Amount (NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/Bid Bond Validity Period
1	NEE/NCB:-17/079/80	Tallo Bhulbhule Patle khalte Road Maintenance Works	35,07,208.88	3,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	1,05,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, mount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	30th May-2023,12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE/S.Q:-14/079/80	Fiber Internet Connectivity	17,69,893.81	1,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	53,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	14th May-2023,12:00 Hrs	45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.

3. Eligible bidder may obtained further information from www.bolpatra.gov.np
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 14th May-2023 ,14:00 Hrs for NEE/S.Q:-14/079/80 & 30th May -2023,14:00 Hrs for NEE/NCB :-17/079/80 at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi, Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

दलित मुक्तिको नयाँ बाटो

दलित आन्दोलनले अब समस्याको जरामा हिर्काउनुपर्छ र यसका लागि धर्म, संस्कार र संस्कृतिमा व्यापक सुधारलाई एक नम्बर एजेन्डा बनाउनुपर्छ



● डा. मित्र परियार

अग्रलेख

लोकतान्त्रिक गणतन्त्र नेपालका ६० लाख दलित आज पनि कुनै न कुनै रूपमा राणाकालीन अपमान र घृणाको सिकार भइरहेका छन्। जातीय अपमान (मानसिक हिंसा) र हिंसाका घटना कम हुनुको साटो बढेका छन्। नवराज विक, अजित मिजार, अंगिरा पासीजस्ता जातीय हिंसामा ज्यान गुमाएका निर्दोष दलितले आजसम्म पनि न्याय प्राप्त गर्न सकेका छैनन्। र, यो अन्याय, अत्याचारविरुद्ध समाजमा कसैले चासो पनि दिएको छैन। पशुपन्छी मारिँदा बरू समाजमा हल्लीखल्ली होला, दलित मारिँदा खासै मतलब हुँदैन।

इतिहासको यस्तो जटिल घुम्तीमा आइपुग्दा दलित आन्दोलन स्वयं थला परेको छ। भनै शिथिल बनेको छ। यसले घाउमा नुनचुक दलेजस्तो भएको छ। दलित नेता, कार्यकर्ता बढी नै नेता र पार्टीको अन्धभक्त भईदिँदा, उनीहरूले नै कतिपय घटनामा अपराधी उम्काउन सहयोगी भूमिका खेलिदिँदा दलित सर्वसाधारण र अगुवाबीच ठूलो अविश्वासको खाडल पैदा भएको छ। आफ्नै मान्छेप्रति विश्वासको संकट उत्पन्न हुनाको कारण पनि दलित आन्दोलन सेलाउँदै गएको प्रस्ट छ।

समुदायमाथि अन्याय र उत्पीडन कम नहुने, तर आन्दोलनचाहिँ झन् झन् तुहिँदै गएका कारण दलित समुदायमा चरम निराशा व्याप्त छ। तीव्र आक्रोश भुसको आगोजस्तै भित्रभित्रै सल्किँदै छ। यो उर्लिंदो नैराश्य र आक्रोशको परिणामस्वरूप 'दलित' शब्दप्रति नै दलितमाझ घृणा पैदा भएको स्थिति छ।

दलित मुक्तिका नाममा सयौँ संघसंस्था, एनजिओ खोलिएका छन्। हरेक पार्टीका दलित भ्रातृ संगठन छन्। दलितका नाममा यति धेरै संस्था र संगठन क्रियाशील भए पनि अन्याय पर्दा पीडितले आड लाग्ने कोही भेट्दैनन्। दलितको नाम बेचेर आर्थिक लाभ लिनेहरू, देश-विदेश घुम्नेहरू, घरगाडी जोड्नेहरू प्रशस्तै छन्, तर परेको वेला माइतीघर मण्डलमा कोही आउँदैनन्। यस्तो परिस्थितिमा आमदलित जनसमुदायमा दलित शब्द र दलित अगुवाप्रति आक्रोश पैदा हुनु अस्वाभाविक हो र ?

त्यसो भनेर दलित यसरी नै सधैँ चुप लागेर बस्छन्, दलितलाई सधैँ बलिको बोको बनाइरहन सकिन्छ, आफ्नो स्वार्थका लागि मात्रै रिंगाइरहन सकिन्छ भन्ने राजनीतिक नेतृत्वले सोचेको छ भने त्यो गलत र घातक सोच हो। किनकि दलित 'स्लिपिङ टाइगर' हुन्। ती जागेको दिन देशमा ठूलै भद्रगोल र खैलाबैला हुने पक्का छ। किनकि, मान्छेले युगौँसम्म अन्याय र अत्याचार सहिरहन सक्दैन। हिजोसम्म त राणा र राजालाई दोष दिए पुग्थ्यो। अब दल र राज्यसत्ताले जिम्मेवारी लिनैपर्छ। राज्यलाई जिम्मेवार बनाउन दलित मुक्ति आन्दोलन उठ्नेछ।

खासगरी गैरदलित नेताहरूले 'ब्रेनवास' गरिनसकेका दलित युवा पुस्ताको आकार बढ्दै गएको छ। ती युवा परिवर्तनका खातिर दिलोज्यान दिएर संघर्षमा होमिन तम्तयार छन्, आतुर छन्। धैर्यको बाँध फुट्नै लागेको छ। मात्रै तिनले सही नेतृत्व भेट्टाएका छैनन्। संघर्षको उत्तम तरिका पत्ता लगाउन सकिरहेका छैनन्। क्रान्तिको नयाँ बाटो देखिरहेका छैनन्।

मेरो विचारमा अलगथलग भएको दलित आन्दोलन उठाउन नयाँ विचार र सिद्धान्तका साथ नयाँ ढंगको राजनीति गर्नुपर्छ। दलित क्रान्ति उठाउने पहिलो र सबैभन्दा महत्त्वपूर्ण काम भनेको आन्दोलनलाई पार्टी र कथित उच्च जातीय नेतृत्वको नियन्त्रणबाट बाहिर ल्याउनु हो। बाघको खोरमा बसेर बाघको बानीव्यवहार सुधार्न सम्भव हुँदैन। पार्टीको नीति र निर्देशनमा हामीले धेरै लड्यौँ, धेरै रगतपसिना बगायौँ, धेरै कुर्बानी गर्‍यौँ। तर, अन्त्यमा हात लाग्यो शून्य ! अधाकारहरू प्राप्त भए पनि ती धेरैजसो संविधान र कानुनका किताबमा मात्र सीमित छन्। अब हाम्रो संघर्ष हाम्रै अगुवाइमा चर्काउनुपर्छ। अरू जाति, समुदाय र राजनीतिक शक्तिसँग आवश्यकताअनुसार साझेदारी गर्दै जान सकिन्छ, तर हरेक तहमा नेतृत्व दलितको मात्रै हुनु अनिवार्य छ।

अर्को महत्त्वपूर्ण कुरा, अब हामीले राज्य व्यवस्था बदल्ने राजनीतिमा समय र शक्ति खेर फाल्नु हुँदैन। जति नै अगतिलो भए पनि सिद्धान्ततः लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिता उत्पीडितका लागि उत्तम व्यवस्था हुन्। भलै यिनलाई सुधार र परिष्कार गर्ने प्रशस्तै ठाउँ छन्। कठोर कम्युनिस्ट सत्तामा बोल्न र संगठन खोल्नसमेत बन्देज हुन्छ भने कसरी हाम्रो मुक्ति प्राप्त होस् ? राजा फर्काउनुपर्छ भन्नु त सरासर आत्मघाती कुरा हुन्छ। किनकि हिन्दू सिद्धान्त प्रयोग गर्दै जात व्यवस्थाका आधारमा सामाजिक संरचना, संस्कार र संस्कृति निर्माण गरी शुद्र दास बनाएर हामीलाई धुलोपिठो बनाउने अरू कोही नभएर मल्ल र शाह राजतन्त्र र राणातन्त्र नै हुन्।



दलित आन्दोलनले अब समस्याको जरामा हिर्काउनुपर्छ। याने धर्मसंस्कार र संस्कृतिमा व्यापक सुधारको विषयलाई एक नम्बर एजेन्डा बनाउनुपर्छ। निश्चय नै आर्थिक, शैक्षिक पक्षहरू पनि महत्त्वपूर्ण छन्। राज्यसत्तामा हाम्रो पहुँच बढाउँदै लग्नु पनि उत्तिकै महत्त्वपूर्ण छ। तर, गरिबी, अशिक्षा, पछौटेपन आदि त देशकै समस्या हुन्। उपल्ला भनिएका जातमा पनि एक हदसम्म यी समस्या विद्यमान छन्। तर, हाम्रो आत्मसम्मान ढाल्ने, हामीलाई मानवीय व्यवहार हुनै नदिने, हामीले जति पढे पनि धन कमाए पनि अरू नागरिकसमान बन्नै नदिने मूल कारण भनेको धार्मिक विश्वास र परम्परा नै हुन्। राज्यले धर्मसंस्कारमा व्यापक परिमार्जन गरे मात्रै हामीले शिर ठाडो पारेर बाँच्न पाउनेछौँ।

> अबको दलित आन्दोलनले व्यवस्था बदल्ने वा सत्ता प्राप्त गर्ने उद्देश्य राख्नुहुँदैन। मात्रै छुवाछुतको विश्वास र व्यवहार निर्मूल पार्ने उद्देश्य राखेर अगाडि बढ्नुपर्छ। त्यसका लागि एक शान्तिपूर्ण तर सशक्त सामाजिक आन्दोलन उठाउनु जरुरी छ।

दलित राजनीतिको लक्ष्य पनि हेरफेर हुन जरुरी देखिन्छ। आजसम्म दलित आन्दोलनले सत्तामुखी राजनीतिलाई प्रमुख ठान्दै आएको छ। यो गलत छ। तर, यसले काम दिँदैन। पहिलो त ठूला ठानिएका दलबाट मन्त्री, गृहमन्त्री वा प्रधानमन्त्री नै बने पनि दलितले चाहेबमोजिम सामाजिक क्रान्ति गर्न सम्भव हुँदैन। कारण, समाज र पार्टीमा ब्राह्मणवादको चर्को नियन्त्रण र निगरानी हुन्छ। आजसम्म धेरै दलित सांसद बने, मन्त्री पनि बने। तर, तिनले दलित मुक्तिका खातिर उल्लेख्य पहलकदमी केही गरेको रेकर्ड छैन।

दोस्रो, दलितको मात्रै छुट्टै दल खोलेर बहुमत ल्याएर आफूले चाहेबमोजिमको समाज निर्माण गर्ने परिस्थिति पनि छैन। त्यसका लागि दलितको आर्थिक, सामाजिक, भौगोलिक स्थितिले भ्याउँदैन। कथं संघीय वा कुनै प्रान्तीय संसद्मा दलित पार्टीको राम्रै उपस्थिति भएछ भने पनि काम गर्न सजिलो छैन। किनकि, सत्ताका लागि विभिन्न राजनीतिक, जातीय, क्षेत्रीय शक्तिसँग समझदारी र सम्झौता गर्नुपर्ने बाध्यता हुन्छ। भारतको उत्तर प्रदेशमा चारपटक दलित महिला मायावती मुख्यमन्त्री बने पनि छुवाछुत निर्मूल पार्ने हेतु उनले कुनै ठोस कदम चालिनन् या चाल्न पाइनन्। उनले पावरका लागि ब्राह्मण, ओबिसीलगायत शक्तिसँग साझेदारी जो गर्नुपरेको थियो।

तसर्थ, मेरो विचारमा अबको दलित आन्दोलनले व्यवस्था बदल्ने वा सत्ता प्राप्त गर्ने उद्देश्य राख्नु हुँदैन। मात्रै छुवाछुतको विश्वास र व्यवहार निर्मूल पार्ने उद्देश्य राखेर अगाडि बढ्नुपर्छ। त्यसका लागि एक शान्तिपूर्ण तर सशक्त सामाजिक आन्दोलन उठाउनु जरुरी छ। उक्त आन्दोलनले राज्यको चरित्र बदल्न, राज्यलाई दलितको पीडाप्रति संवेदनशील बनाउन अहं भूमिका खेल्नेछ। यो आन्दोलनले राजनीतिक शक्तिहरू, संसद्, सरकार, कर्मचारीतन्त्र, सेनाप्रहरी, न्यायपालिका, मिडिया, नागरिक समाज सबैलाई दलितका मुद्दाबारे सोच्न, केही गर्न बाध्य पार्नेछ।

छुवाछुतरूपी बम समाजमा गाडेको पुरानो राज्यसत्ताले हो। त्यो घातक बम डिफ्युज गर्ने जिम्मेवारी पनि राज्यकै हो। राज्यलाई यो जिम्मेवारी बोध गराउने काम आगामी दलित आन्दोलनले गर्नुपर्छ। चर्को दबाब नदिएसम्म यो मनुवादी सत्ताले हाम्रो पीडा सुन्दैन, बुझ्दैन। शासकहरू प्रायः सबैको महेन्द्रकालीन सोच छ। तिनले कहिल्यै दलितलाई अरूसरह ठानेकै छैनन्। त्यसैकारण जुनसुकै विचार र आस्थाका पार्टीले सत्ता चलाए पनि छुवाछुत र जातीय दमन अन्त्य गर्नेतर्फ सिन्को भाँचेका छैनन्।

राज्यले चाहेमा छुवाछुतरूपी सामाजिक क्यान्सर निर्मूल पार्न सक्छ। उपचारका लागि राज्यले कमसे कम दुईवटा कदम चाल्नुपर्ने हुन्छ। पहिलो- संविधान र कानुन दलितमुखी बनाउने र त्यसलाई कडा रूपमा व्यवहारमा लागू गर्ने। जस्तै- छोइछिटो गर्ने जनप्रतिनिधिलाई तुरुन्तै हटाउन सकिन्छ, त्यस्तो अपराध गर्ने वृद्धवृद्धाको वृद्धभत्ता केही वर्षका लागि खारेज गर्न सकिन्छ। विभेद गर्नेको घरमा बिजुली, पानी काट्न सकिन्छ। राज्यले नै अग्रसरता लिई यस्ता कठोर कदम चालेर छुवाछुतविरोधी कानुन कार्यान्वयन गर्दा सामाजिक व्यवहारमा तीव्र परिवर्तन आउनेछ।

दोस्रो कदम भनेको धर्मसंस्कार र संस्कृतिमा व्यापक सुधार नै हो। अति जातिवादी सामाजिक मनोविज्ञान धोइपखाली गर्न परम्परागत विभेदी संस्कार, धार्मिक मान्यता, परम्परा र कर्मकाण्ड बदल्नु आवश्यक छ। त्यसका लागि बजेटै छुट्याएर हरेक जिल्लाका पण्डित, पुरोहित, पुजारी, जैसी, लामागुरु, धामी, झाँक्रीलाई कडा निर्देशनसहित नयाँ तालिम दिनुपर्छ। सबै जातका हिन्दूलाई समान व्यवहार गर्न, सबै जातका मानिसको घरमा संस्कार गर्न निर्देशन दिनुपर्छ र त्यो पालना नगर्नेमाथि कडा कारबाही राज्यले नै चलाउनुपर्छ। एउटा हिन्दूकी छोरी अर्को हिन्दूका छोराले बिहे गर्दा कुल रिसाउने, पितृले पिर्ने भन्ने मान्यता गलत हुनु भन्ने नवीन चेतना समाजमा फैलाउनुपर्छ। यसरी धार्मिक सुधार गर्दा जातीय अपमान र घृणा ह्वात्तै घटेर जानेछ।

तर, हामीले दल र तिनका सरकारको चरित्र देखेकै छौँ। कागजमा जे लेखेको भए पनि समाजमा चलिआएको चलन कायमै रहोस् भन्ने मानसिकता सबै दलका सबै नेताको छ। यसमा कुनै शंका छैन। निर्वाचनमा हार्ने डरका कारण पनि यिनीहरू जात र धर्मको विषय छुने चाहँदैनन्। दल र राज्यसत्तालाई जिम्मेवार बनाउन दलितले नयाँ आन्दोलनमार्फत सशक्त दबाब सिर्जना गर्नुपर्छ। मेरो विचारमा दलित मुक्तिको सरल बाटो यही हो।

३ प्रश्न

नेकपा एकीकृत समाजवादीका मुख्य सचेतक **मेटमणि चौधरी**लाई



समग्रमा संसद्को यो अधिवेशन कस्तो रह्यो ?

विधेयक प्रस्तुत हुने हिसाबले राम्रै रह्यो। छलफल र कुराकानी पनि राम्रै भयो। तर, सभामुखको भूमिका भने सन्तोषजनक रहेन। उहाँले एउटा दलविशेषको प्रतिनिधिका रूपमा आफ्नो भूमिका निर्वाह गर्नुभयो। निष्पक्ष भूमिका निर्वाह गर्नबाट उहाँ चुक्नुभयो। अन्यथा, संसद्को यो अधिवेशन ठिकै रह्यो।

संसद्को यस अधिवेशनले गरेका राम्रा काम के-के हुन् ?

महत्त्वपूर्ण विधेयकहरूलाई संसद्मा छलफल गरेर समितिमा पठाउने काम भयो। तिनमा ०४८ र ०५१ सालदेखि दलहरूको चासोमा नपरेर संसद्मा अड्किरहेका भ्रष्टाचार निवारण ऐन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी विधेयक संसद्मा छलफलपछि समितिमा पुगेका छन्। यसैलाई यस संसद्का राम्रा काम मान्न सकिन्छ।

यो संसद्ले गर्नैपर्ने तर गर्न नसकेका महत्त्वपूर्ण काम के-के हुन् ?

नागरिकतासम्बन्धी विधेयक सुरुमै पेस गरेर हामीले यही अधिवेशनबाट टुंगोमा पुऱ्याउन सक्नुपर्ने थियो। त्यसमा सिंगो सदन र त्यसका सदस्यका रूपमा हामी सबै चुक्यौँ। संसदीय समितिहरू पनि सुरुमै बनिसक्नुपर्थ्यो। समितिका सभापतिहरू पनि चुनिइसक्नुपर्ने थियो। यसमा पनि हामी चुक्यौँ। सरकार निर्माण र विघटनको खेलले संसद्को महत्त्वपूर्ण समय नष्ट भयो। यतिखेरसम्ममा प्रिबजेट छलफल भइसक्नुपर्ने थियो। यसतर्फ सरकारले ध्यानै दिएन। हाम्रा तर्फबाट पनि दबाब पुगेन र सभामुखमा पनि समन्वयकारी भूमिकाको अभाव देखियो।

प्रेरक प्रसंग

'ब्ल्याक बेल्ट' पाउनुको अर्थ

मार्सल आर्टको लामो अभ्यासपछि एक युवकलाई ब्ल्याक बेल्टका लागि सिफारिस गरियो। ब्ल्याक बेल्ट वितरण समारोहमा जब उनी बेल्ट लिन मञ्चमा पुगे, तब मार्सल आर्टका मुख्य प्रशिक्षकले उनलाई भने- ब्ल्याक बेल्ट पाउनुअघि तिमीले थप एउटा परीक्षा दिनुपर्छ। के तिमी त्यसका लागि तयार छौ ?

युवकले केही झुकेर जवाफ दिए- म तयार छु गुरु ! सायद कसैसँग भिडन्त गर्नुपर्ने होला भन्ने उनले सोचे। तर, मुख्य प्रशिक्षकको दिमागमा भने अर्थोकै चलिरहेको थियो। उनले युवकलाई सोधे- तिम्रा लागि ब्ल्याक बेल्ट प्राप्त गर्नुको वास्तविक अर्थ के हो ?

युवकले उत्तर दिए- यो मेरो यात्राको अन्त्य हो। मेरो कठोर परिश्रमको इनाम पनि हो यो बेल्ट। मुख्य प्रशिक्षक उनको उत्तरबाट सन्तुष्ट भएनन्। उनले भने- तिमी अहिले ब्ल्याक बेल्ट पाउन योग्य भइसकेका छैनौ। एक वर्षपछि फेरि आऊ। युवक विनम्रतापूर्वक झुकेर गुरुलाई अभिवादन गरेर त्यहाँबाट बिदा भए। एक वर्षसम्म कठोर परिश्रमपूर्वक अभ्यास गरिसकेपछि युवक पुनः ब्ल्याक बेल्ट लिन गए। मुख्य प्रशिक्षकले पुनः पहिलेकै प्रश्न दोहोऱ्याए। यसपटक युवकले जवाफ दिए- यो बेल्ट यस मार्सल आर्टको सबैभन्दा ठूलो उपलब्धि पाउनुको चिनारी हो। मुख्य प्रशिक्षक यसपटक पनि उनको प्रश्नबाट सन्तुष्ट भएनन्। युवकले थप केही भन्छन् कि भनेर उनी केहीबेर मौन रहे। तर, युवक शान्त नै रहे। मुख्य प्रशिक्षकले यसपटक पनि उनलाई निराश बनाउँदै भने- तिमी यसपटक पनि बेल्टका लागि योग्य भइसकेका छैनौ। जाऊ, थप मिहिनेत गर र अर्को वर्ष आऊ।

एक वर्षपछि युवक पुनः बेल्ट लिन पुगे। यसपटक पनि मुख्य प्रशिक्षकले उही प्रश्न सोधे- तिम्रा लागि ब्ल्याक बेल्ट प्राप्त गर्नुको वास्तविक अर्थ के हो ? युवकले आत्मविश्वासका साथ जवाफ दिए- ब्ल्याक बेल्ट आरम्भ हो। यो कहिल्यै समाप्त नहुने यात्रा हो, जसमा अनुशासन छ, कठोर परिश्रम छ र जहिल्यै सर्वोत्तम मापदण्ड छुने लालसा छ। मुख्य प्रशिक्षकले खुसी हुँदै भने- एकदम ठिक भन्यौ। अब भने तिमी ब्ल्याक बेल्ट पाउन बिल्कुलै लायक बनेका छौ। यो सम्मान ग्रहण गर र आफ्नो काममा लाग।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बेरुजु घटाउने उपाय

पछिल्लो समयमा तीनै तहका सरकारबाट बेरुजु रकम बढ्दो क्रममा देखिन्छ। यदि तीनै तहका सरकारले निम्न बुँदामा ध्यान दिने हो भने बेरुजु केही घट्न सक्छ :

१. कार्यकर्ता पोषणका लागि बजेट छुट्याउन बन्द गर्ने, २. असारमा गरिने विकासे खर्च रोक्ने, ३. बहुवर्षीय योजना सकेसम्म कटौती गर्ने, ४. बजेट विनियोजनका लागि निश्चित मापदण्ड तयार गरी लागू गर्ने, ५. अनुगमनलाई कर्मकाण्डी होइन, प्रभावकारी बनाउने, ६. बेरुजु रहेका अड्डाका हाकिम/कर्मचारीको कार्यसम्पादन मूल्यांकन शून्य कायम गर्ने, ७. भदौ-असोजदेखि नै बजेट निकासा गर्ने, ८. बेरुजु कायम भएका कार्यालयको बजेट कटौती गर्ने, ९. लागत इस्टिमेटभन्दा कम बजेट लछुट्याउने, १०. बेरुजु फर्स्योटलाई प्राथमिकता दिने।

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

महावीरका माग सुन

राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक वैज्ञानिक महावीर पुन यतिवेला केही माग लिएर धर्ना बसेको समाचार पढियो। उनका माग के-के रहेछन् भनेर हेर्दा बजेटको एक प्रतिशत रकम अनुसन्धान र नवप्रवर्तनका लागि छुट्याउनुपर्ने मुख्य रहेछ। के पुनले राखेको यो माग अनुचित हो र ? देशलाई अघि बढाउने हो भने नवप्रवर्तन अत्यावश्यक छ। अनि, त्यसका लागि राज्यकोषको बजेट पनि नभई हुँदैन। त्यसैले, महावीरका माग सुन।

● **सुनन्दा मगर**
सातदोबाटो, ललितपुर

सकारात्मक समाचार

'सुटिङ हब बन्दै नेपाल' शीर्षकको समाचार सकारात्मक छ। यसरी नेपाली भूमिमा विदेशी सिनेमाहरूको सुटिङ हुन थाल्यो भने एकातिर यसबाट राज्यलाई राजस्व प्राप्त हुन्छ भने अर्कातिर नेपाली प्राविधिक तथा कलाकारले पनि रोजगारी पाउँछन्। साथमा नेपाली भूमिको प्राकृतिक सौन्दर्यको प्रचार-प्रसार पनि हुन सक्छ। जसले यहाँको पर्यटन प्रवर्द्धनमा पनि सघाउ पुग्नेछ। त्यसैले, सकभर धेरै विदेशी फिल्म युनिटलाई देश भित्र्याउनतर्फ सबैको ध्यान जाओस्।

● **सुजन तिवारी**
काँडाघारी, काठमाडौं

फरार सांसदलाई संरक्षण कि सजाय ?

हत्या अभियोग लागेका एमाले सांसद लक्ष्मी महतो कोइरी यतिका दिनसम्म कहाँ लुकेर बसेका छन् ? उनी नेपालमै छन् कि भारतमा ? नेपालमै भए प्रहरीले किन उनलाई पक्राउ गर्न सकेको छैन ? प्रहरीले नचाहेर हो वा राजनीतिक दबाबले पक्राउ गर्न नसकेको हो ? के नेपाल प्रहरी र प्रहरीको संयन्त्र अभियुक्तलाई खोजी गर्न अक्षम भएकै हुन् त ? यी प्रश्नको उत्तर आमजनताले खोजिरहेका छन्।

एकातिर रवि लामिछाने गृहमन्त्रीको पदबाट हट्नु, अर्कातिर सांसद कोइरी पक्राउ प्रकरण पूरै सेलाउनु संजोग मात्र हो त ? संसद् भवनमा आएर शपथ खाँदा र प्रधानमन्त्रीलाई विश्वासको मत दिँदासमेत गिरफ्तार नगरिएका सांसद कोइरी अब पक्राउ पर्लान् भनेर कसरी विश्वास गर्नु ? त्यसको मुख्य कारण कोइरीको पार्टी एमाले भएकाले हो। यदि कोइरी एमालेबाहिरका कुनै अर्को पार्टीको सांसद भएको भए अहिलेसम्म पक्राउ परिसकेका हुने थिए। हाम्रो जस्तो कानुनी शासन नभएको मुलुकको मुख्य समस्या नै सत्ताको आडमा दण्डहीनता बढ्नु र बढाउनु हो। सत्तामा पुगेर कानुनी शासन होइन, उल्टै अपराधी र भ्रष्टहरूको पक्षपोषण गर्नु हो।

जबसम्म जिम्मेवार दलका जिम्मेवार नेताहरूले अपराधी र भ्रष्टहरूको संरक्षण गरिरहन्छन्, तबसम्म राजनीतिप्रति आमजनताको अपनत्व बढ्दैन। सायद यस्तै कार्यले गर्दा होला, आममतदातामा पुराना दलप्रति वितृष्णा बढेको। तैपनि, ठूला र पुराना भनिएका दलका नेतृत्वले आत्मसमीक्षा गरेर सच्चिने छनक देखाएका छैनन्।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

देश/विदेश

युक्रेन संकट अन्त्यका लागि चिनियाँ प्रयास

आगोमा इन्धन थप्नुको साटो चिनियाँ पक्ष जटिल समस्या समाधानका रूपमा वार्तालाई नै एक सम्भाव्य उपायका रूपमा देख्छ

बुधबार दिउँसो युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले चिनियाँ राष्ट्रपति सी जिनपिङलाई फोन वार्ताका लागि निम्तो दिएका थिए। दुवै पक्षले चीन-युक्रेन सम्बन्ध र युक्रेन संकटबारे वार्तालाप गरेका थिए। सीले युक्रेनसँगको सम्बन्धलाई अगाडि बढाउन निरन्तर र स्पष्ट रूपमा चीन इच्छुक रहेको भन्दै जोड दिएका छन्। युक्रेन संकटको राजनीतिक समाधानका लागि सबै पक्षसँग गहिरो कुराकानी गर्न चीनले युरेसियन मामिलासम्बन्धी चिनियाँ सरकारको विशेष प्रतिनिधिलाई युक्रेन र अन्य राष्ट्रमा पठाउने बताउँदै सीले युक्रेन संकटमा आफ्नो निरन्तरको अडान र प्रस्तावलाई पुनः पुष्टि गरेका छन्। जेलेन्स्कीले शान्ति पुनर्स्थापना र युक्रेन संकटलाई कूटनीतिक माध्यमबाट समाधान गर्न चीनले महत्त्वपूर्ण भूमिका खेलेकामा स्वागत गरेका छन्। उनले सामाजिक सञ्जालमा वार्ता लामो र अर्थपूर्ण रहेको तथा यसले द्विपक्षीय सम्बन्धको विकासलाई बलियो बनाउने बताएका छन्।

यो वार्ताबाट चीन-युक्रेन सम्बन्ध र युक्रेन संकटप्रति चीनको अडान एवं दृष्टिकोणमा एकरूपता छ भन्ने पुष्टि हुन्छ। पहिलो, युक्रेनमा संकट चर्किंदा पनि 'चीन-युक्रेन सम्बन्ध विकास गर्न चीनको इच्छा' र 'दुई देशबीचको पारस्परिक लाभकारी सहयोग'मा चीन परिवर्तित भएको छैन। दोस्रो, युक्रेन संकटमा शान्ति र वार्ताका लागि आग्रह गर्ने चीनको मुख्य अडान अपरिवर्तित छ। चीनले यो संकटलाई दूरदर्शी र व्यावहारिक मानसिकतासाथ अगाडि बढाउन, स्थिरता दिन र यसमा निरन्तरता प्रदर्शन गरिरहेको छ। यो विश्वभर थप स्पष्ट हुँदै गइरहेको छ।

यो फोनवार्ताले चीन जतिसक्दो चाँडो युद्धविराम र शान्ति पुनर्स्थापनाका लागि प्रयासरत छ भन्ने देखाउँछ। युक्रेन संकट सुरु भएपछि राष्ट्रपति सीले तुरुन्तै गर्नैपर्ने चार काम, अन्तर्राष्ट्रिय समुदायले गर्नुपर्ने चार पहल र तीन अवलोकनको प्रस्ताव गरेका छन्। यसका आधारमा चीनले 'चाइनाज पोजिसन अन द पोलिटिकल सेटलमेन्ट अफ द युक्रेन क्राइसिस' नामक पत्रसमेत जारी गरेको छ। त्यसैगरी, चीनले रुस र युक्रेनलगायत सबै पक्षका साथै फ्रान्स, जर्मनी र इटलीलगायत युरोपेली शक्तिसँग राम्रो सम्पर्क बनाइराखेको छ। यसबाहेक अमेरिका र द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्ने ब्राजिलजस्ता उदीयमान मुलुकसँग पनि चीनले संवाद जारी राखेको छ। यी पहलका पछाडि राज्यप्रमुखस्तरको कूटनीति महत्त्वपूर्ण मार्गदर्शक र सञ्चालक शक्ति बनेको छ।

चीनले केही पश्चिमा र अमेरिकीको 'भिडेरै' समाधान निकाल्नुपर्छ भन्ने अवधारणाभन्दा भिन्न पूर्वीय विवेकयुक्त समाधान प्रस्ताव गरेको छ। चीनले युक्रेन संकटलाई जटिल एवं अप्ठ्यारो संकटका रूपमा लिए पनि समाधानका केही उपाय अझै बाँकी नै रहेको देख्छ। जटिल अन्तरविरोधलाई बिस्तारै विघटन गर्दै, धैर्यपूर्वक र स्थिर रूपमा समस्याको मूलमा पुग्न ठूलो राजनीतिक बुद्धि, धैर्य र लगनशीलता चाहिन्छ र यो नै जनताले चाहेको उत्तम समाधान पनि हो। समयक्रमसँगै रुस र युक्रेनलगायत युरोपका धेरै मुलुकले चीनको प्रस्तावित समाधानलाई बिस्तारै मान्यता दिएका वा आंशिक रूपमा स्वीकार गरेका छन्। त्यसैगरी विश्वभर 'चिनियाँ मत सुनिनुपर्छ' भनेर आवाज मुखर हुँदै गएको छ।

चीन न युक्रेन संकट गराउने पात्र हो, न संकटका दौरान चीनले कसैको पक्ष लिएको छ। तर, राष्ट्रसंघीय सुरक्षा परिषद्का सदस्य र एक जिम्मेवार शक्ति राष्ट्रका नाताले निष्कपट र निःस्वार्थ भई चीन युक्रेन संकट अन्त्य होस् भन्ने चाहन्छ। चीन सधैँ शान्ति, वार्ता र इतिहासमा सही पक्षमा उभिएको छ।



चित्रः लिउ रिउ/ग्लोबल टाइम्स

रुस र युक्रेन दुवैले शान्ति र संवादलाई प्रवर्द्धन गर्न चीनको प्रयासको स्वागत गरेका छन्। त्यसैगरी फ्रान्स र जर्मनीजस्ता युरोपेली शक्तिका साथै युरोपियन युनियनका नेताले पनि शान्ति र वार्तालाई प्रवर्द्धन गर्न चीनले थप भूमिका खेल्ने अपेक्षा गरेका छन्। चीन र युक्रेनका नेताबीचको फोनवार्तालाई ह्वाइट हाउसले समेत 'राम्रो कुरा' भनेर स्वागत गरेको छ। यसले युक्रेनको जटिल एवं परिवर्तनशील संकटमा चीनको पहलकदमीको विशेष महत्त्वलाई झल्काउँछ।

एक वर्षअघि रुस-युक्रेन द्वन्द्व भएयता विश्वलाई ठूलो धक्का लागेको छ। समय बित्दै जाँदा अन्तर्राष्ट्रिय समुदायले यो गरम तातो द्वन्द्वलाई थप शान्त हुँदै संवादतर्फ लगिरहेका छन्। मुख्यतः सबै पक्षबीच वार्ता गर्ने इच्छा बढ्दै गएको छ र विभिन्न युरोपेली मुलुकबाट तर्कसंगत आवाज पनि सुनिन थालेका छन्। एक अर्थमा युक्रेन संकटमा राजनीतिक समाधानको बाटो खुलिरहेको छ। अबको कार्यभार भनेको यो अवसरको सदुपयोग गर्नु र अन्तर्राष्ट्रिय समुदायका लागि संयुक्त रूपमा शान्तिको ढोका खोल्न ऊर्जा जुटाउनु हो। आगोमा इन्धन थप्नुको साटो चिनियाँ पक्षले जटिल समस्या समाधानका रूपमा वार्तालाई नै एक सम्भाव्य उपायका रूपमा देख्छ। युरोपमा दीर्घकालीन शान्ति र स्थायित्वका लागि वार्ता नै आधारभूत उपाय हो। सुखद पक्ष के छ भने चीनको प्रस्तावले थप समर्थन पाइरहेको छ, अर्थात् शान्तिवार्ताका माग दिनानुदिन बढ्दो छ।

रुस-युक्रेन द्वन्द्व सुरु भएयता अमेरिका र पश्चिमा जनमतले चीनलाई तल देखाउने प्रयासमा अफवाह फैलाएर चीनमाथि धेरै हिलो छ्यापेका थिए। तर, सफा हात धुनु आवश्यक हुँदैन। समयक्रमसँगै यी आरोप पराजित भइरहेका छन् र शान्तिको खोजीकर्ताका रूपमा चीनको छवि दिनानुदिन स्पष्ट हुँदै गइरहेको छ। रुस र युक्रेन दुवैले यसलाई महसुस गरेका छन् र अन्य मुलुक एवं अन्तर्राष्ट्रिय समुदायले पनि महसुस गर्न थालेका छन्। अन्ततः न्यायकै जित हुनेछ।

(१४ वैशाखको ग्लोबल टाइम्सको सम्पादकीय)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

राजा चार्ल्सको राज्याभिषेकलाई जयजयकार गर्न सकिँदैन

म ती व्यक्तिलाई सम्मान गर्छु, जसका लागि बेलायती राजपरिवार अर्थपूर्ण लाग्छ



● स्टान ग्रान्ट



१९७० अप्रिल २२ मा अस्ट्रेलिया भ्रमणका क्रममा क्विन्सल्यान्डको कुकटाउनमा स्थानीय बालबालिकासँग महारानी एलिजाबेथ द्वितीय । तस्बिर : सिएनएन

'म मेरा परमेश्वरप्रति श्रद्धा गर्छु । म महारानीको सेवा गर्छु । म (अधिराज्यको) भन्डालाई सलाम गर्छु ।' विद्यालयमा मेरा प्रत्येक दिन यिनै शब्द उच्चारण गरेर सुरु हुन्थ्यो । सन् १९६० को दशकको श्वेतवादी अस्ट्रेलियाको क्युरा हो यो । ह्वाइटनेस (गोराबाद) अस्ट्रेलियाको घोषित नीति थियो । सन् १९०१ मा स्थापित अस्ट्रेलियाको संसद्ले पारित गरेको पहिलो कानुन थियो, आप्रवासन नियन्त्रण ऐन, जसलाई 'ह्वाइट अस्ट्रेलिया पोलिसी' भनेर चिनिन्छ ।

यो ऐनले कथित अश्वेतहरूलाई बहिष्कार गर्थ्यो । सन् १९७० को दशकसम्म पनि यो नीतिलाई औपचारिक रूपमा खारेज गरिएको थिएन । अस्ट्रेलिया आफ्नो इतिहासको अधिकांश समय सगर्व श्वेतवादी रह्यो । सन् १९४७ मा अध्यागमनमन्त्री आर्थर क्यालवेलले चिनियाँहरूलाई अपमान गर्न भने 'सेता चिनियाँ दम्पतीले जन्माउँदैमा त्यो गोरो हुँदैन' भनेपछि यो देशले संस्थागत रूपमा जातिवादको फेरो समातेको थियो । श्वेतवाद (ह्वाइटनेस) अस्ट्रेलियाकै निर्माण हो । सन् १७७० मा ब्रिटिस नाविक लेफ्टिनेन्ट (पछि क्याप्टेन) जेम्स कुकले नयाँ ठाउँको खोजीको युग उत्कर्षमा पुगेको बखत यस महाद्वीप राजसंस्थालाई चढाएका थिए । त्यसपछि हाम्रा मानिसका अधिकार कुण्ठित भए । हामीलाई बेलायती रैती बनाइयो, जो आजपर्यन्त जारी छ । राजा चार्ल्स तृतीयको राज्याभिषेकको अर्थ यो मुलुकका अधिकांश आदिवासीका निम्ति यही हो ।

> आज पनि हामी हाम्रो भूमिमै पहिचानविहीन मानिस हौं । अस्ट्रेलिया एक मात्र राष्ट्रमण्डल देश हो । तर, चाहे त्यो विगत होस् वा वर्तमान यो देशले आदिवासीसँग कहिल्यै सन्धि गरेको छैन । हामीबाट हाम्रो सार्वभौमिकता कहिल्यै खोसिएको छैन, तर कानुनी रूपमा हाम्रो कुनै हैसियत पनि छैन ।

मेरा मानिस अर्थात् फस्ट नेसन्स पिपुल (आदिवासी)हरूमाथि आक्रमण गरिएको थियो । हाम्रो भूमि खोसिएको हो । अहिले अस्ट्रेलिया पुकारिने यो भूमिमा कैयौं युद्धहरू थोपरिए, जसमा आदिवासीहरूको आमसंहार गरिएको छ । सन् १८२० को दशकमा मेरा मानिस अर्थात् यस विराडजुरी(आदिवासीहरूको) राष्ट्रमाथि जंगी शासन लादियो, जसलाई 'समूल उन्मूलनको युद्ध' भनिन्थ्यो । बाँचेकाहरूलाई छुट्टाछुट्टै मिसन र समूहमा बाँडेर बन्दी जस्तै बनाइयो । तिनका हरेक क्रियाकलापको अनुगमन गरियो । कफ्र्यु लगाइयो । हाम्रो नागरिक स्वतन्त्रतालाई अस्वीकार गरियो । हामीलाई आफ्नो भाषा बोल्नसमेत दिइएन । मेरो बुबाले आफ्ना हजुरबुबालाई आफ्नो गृहनगरको मुख्य गल्लीमा मातृभाषा बोलेकोमा जेल हालेको दृश्य साक्षात्कार गरेका थिए । हाम्रो संस्कृतिलाई ध्वस्त पारियो । हाम्रा केटाकेटीहरूलाई जबर्जस्ती परिवारबाट अलग्याइयो, जसलाई 'चोरिएका पुस्ता' भनेर चिनिन्छ । आदिवासीहरूलाई सार्वजनिक स्थानहरू (होटल, स्विमिङ पुल, सिनेमाघरहरू)बाट बहिष्कृत गरियो । मेरा मानिसलाई पृथ्वीबाटै नामेट बनाउन खोजिएको थियो । औपनिवेशिक अस्ट्रेलियामा लोपको संघारमा पुगेका मानिसलाई औंल्याउन 'स्मुथ द डाइङ पिलो' भन्ने आम शब्दावलीको प्रयोग नै चलेको थियो । सन् १९६३ मा मेरो जन्म हुँदा अन्य अश्वेत आदिवासीलाई जस्तै मलाई पनि जनगणनामा गनिएको थिएन । हामीलाई अन्य अस्ट्रेलियनमा समावेश गरिएको थिएन ।

'म मेरा परमेश्वरलाई श्रद्धा गर्छु । म महारानीको सेवा गर्छु । म (अधिराज्यको) भन्डालाई सलाम गर्छु ।' स्कुलको त्यो प्रतिज्ञाले सानो छँदा पनि मलाई असहज महसुस गराएको सम्झना छ । म आफू थ्रप्रै गोरा अस्ट्रेलियन अनुहारहरूको छेउमा उभिएको र त्यो प्रतिज्ञा उच्चारण गरेको सम्झन्छु । हामी परमेश्वरका मानिस थियौं । अफ्रिकी अमेरिकीहरूजस्तै हामी पनि दुःखकष्टमा परमेश्वरतिर लाग्यौं । यद्यपि, महारानी र उनको भन्डा हामीमाथि गरिएका यी सबै अत्याचारका प्रतीक चिह्न थिए ।

> हामीलाई बेलायतको रैती बनाइयो, जो आजपर्यन्त कायम छ । राजा चार्ल्स तृतीयको राज्याभिषेकको अर्थ यो मुलुकका आदिवासीका निम्ति यही हो । हाम्रो भूमि खोसिएको हो । अस्ट्रेलियाको भूमिमा कैयौं युद्ध थोपरिए, जसमा आदिवासीको आमसंहार गरिएको छ ।

म एक विपन्न आदिवासी परिवारमा जन्मेको थिएँ । कामको खोजीमा आमाबाबु भौंतारिँदा हामी एक सहरबाट अर्को सहरमा बसाइँ सऱ्यौं । किशोरावस्थाअगावै मैले एक दर्जनभन्दा बढी पटक विद्यालय परिवर्तन गर्नुपऱ्यो । हामी किनारा, सीमान्तमा बस्थ्यौं । आफन्त, हजुरबुबा तथा हजुरआमा, काका अनि काकीहरूसहितको यात्रारत क्याराभान चल्थ्यो हाम्रो । म आफूजस्तै मानिसका संघर्षका कथाबीच हुर्केको हुँ । म दोस्रो विश्वयुद्धमा यो राष्ट्रको सेवा गरेर स्वदेश फर्किएको तर आफ्ना सैनिक साथीहरूसँग पबमासँगै बसेर रक्सी पिउन नपाउने मेरो हजुरबुबाजस्तैका कथाहरूका बीच हुर्केको हुँ ।

मेरी आमाले मलाई आफ्नो बुबालाई रक्सी पिएको आरोपमा रुखमा चर्को घाममा कुकुरलाई जस्तै दिनभर बाँधेर राखिएको कथा सुनाएकी थिइन् । आदिवासीका निम्ति रक्सी पिउनु वर्जित अपराध थियो । मेरी आमाकी आमा एक गोरी अस्ट्रेलियन महिला थिइन् । अस्पतालमा गएर आफ्नो पहिलो सन्तान जन्माएको थाहा पाएपछि उनलाई प्रहरीहरूले निरन्तर सताएका थिए । हामी अस्ट्रेलियामा बस्थ्यौं, तर अस्ट्रेलिया मेरा लागि होइन, अन्य मानिसका लागि हो भन्ने कुरा मलाई स्पष्ट थियो ।

अनि यी सबै अत्याचार श्रीपेचको लालमोहरअन्तर्गत भएका थिए । महारानीको लालमोहरबाट हाम्रो देश चोरियो । महारानीको फुली लगाएका प्रहरीले हाम्रा मानिसलाई गिरफ्तार गरे । हाम्रा बच्चा खोसेर लगे । तर, महारानी एलिजाबेथले आफ्नो ७० वर्षे शासनकालमा एकपटक पनि हामीसँग माफी मागिनन् ।

आज पनि हामी हाम्रो भूमिमै पहिचानविहीन मानिस हौं । अस्ट्रेलिया एक मात्र राष्ट्रमण्डल देश हो । तर, चाहे त्यो विगत होस् वा वर्तमान यो देशले आदिवासीसँग कहिल्यै सन्धि गरेको छैन । हामीबाट हाम्रो सार्वभौमिकता कहिल्यै खोसिएको छैन, तर कानुनी रूपमा हाम्रो कुनै हैसियत पनि छैन ।

यो वर्ष अस्ट्रेलियालीहरूले अस्ट्रेलियाली संविधानमा आदिवासीलाई औपचारिक रूपमा मान्यता दिन जनमतसंग्रहमा मतदान गर्नेछन् । त्यसले द भ्वाइस नामक एक प्रतिनिधि संस्था स्थापित गर्नेछ । यो हाम्रा लागि बनेका वा बनाइने कानुनबारे संसद्लाई सल्लाह दिने प्रतिनिधिमूलक निकाय हुनेछ । यसलाई पुस्तौनी नीतिगत असफलतालाई सच्याउने प्रयासको रूपमा हेरिएको छ, जसले आदिवासीलाई अस्ट्रेलियामा चरम विपन्न र बन्दी समुदाय बनाएको छ । कुनै पनि अस्ट्रेलियालीको तुलनामा हाम्रो स्वास्थ्य, रोजगारी र शिक्षा सबैभन्दा खराब स्थितिमा छ । हामी अन्य अस्ट्रेलियालीभन्दा औसत १० वर्ष कम उमेरमै मर्छौं । यो देशका केही भागमा आदिवासीको औसत आयु ५० वर्षभन्दा कम छ । यही वर्ष मैले एउटी भान्जीलाई ३७ वर्षकै उमेरमा सदगत गर्नुपऱ्यो । अझै पनि हामी आशावादी छौं । भलै यो निराशाबाट पैदा भएको आशावादिता हो ।

हाम्रा मान्छेले न्यायका लागि लड्न कहिल्यै छाडेका छैनन् । दुई शताब्दीदेखि हामीले आफ्नो उचित स्थानका लागि आन्दोलन चलाइरहेका छौं । म सम्मान जताउने शब्द हाम्रो विराडजुरी शब्द 'यिन्देमारा'सँगै हुर्केको मानिस हुँ । म ती व्यक्तिलाई पनि सम्मान गर्छु, जसका लागि बेलायती राजपरिवार अर्थपूर्ण लाग्छ । तर, यदि मैले महारानी एलिजाबेथको शोक मनाउन सकिनँ भने मलाई क्षमा गर्नुहोला । मैले राजा चार्ल्स तृतीयको राज्याभिषेकको जयजयकार गर्न सकिनँ भने पनि मलाई क्षमा गरियोस् ।

(अस्ट्रेलियाका पत्रकार एवं लेखक ग्रान्ट ग्रिफिथ विश्वविद्यालयका प्राध्यापक हुन् ।)

सिएनएनबाट

इतिहासमा आज



सन् १९४५ : जर्मन तानाशाह एडोफ हिटलर र उनकी पत्नी इम ब्राउनद्वारा बर्लिनको एउटा बंकरमा आत्महत्या ।

सन् १९९३ : टेनिस स्टार मोनिका सेलेसलाई एक पागल प्रशंसकद्वारा छुरा प्रहार । छुरा हमलाले गम्भीर घाइते नबने पनि मनोवैज्ञानिक असरका कारण सेलेसले दुई वर्षभन्दा बढी कुनै पनि प्रतियोगिता खेलिनन् ।

सन् १९७५ : भियतनाम युद्धको अन्त्य । कम्युनिस्ट सेनाले भियतनामको सबैभन्दा ठूलो सहर हो चि मिन्हलाई नियन्त्रणमा लिएपछि दक्षिण भियतनामी राष्ट्रपति डुङ भान मिन्हले पदबहालीको दुई दिनमै विनासर्त आत्मसमर्पण गरे ।

सन् १९१६ : जर्मनी र प्रथम विश्वयुद्धमा उसका सहयोगीहरू डेलाइट सेभिङ टाइम (डिएसटी) प्रयोग गर्ने पहिलो देश बने । बेलायतलगायत केही युरोपेली देशले त्यसको अर्को वर्ष डिएसटी प्रयोगमा ल्याए ।

सन् १७८९ : जर्ज वासिंटन अमेरिकाको पहिलो राष्ट्रपति बनेको दिन । वासिंटनको न्युयोर्क सहरको संघीय हलको बालकनीमा उनले शपथग्रहण गरेका थिए । अमेरिकामा उनलाई देशको संस्थापक पिताको रूपमा सम्मान गरिन्छ ।

सन् २०१३ : आफ्नी आमा तथा रानी बिट्रिक्सले राजकाज त्याग गरेपछि विलेम-अलेक्जेन्डर नेदरल्यान्डको राजा बने । राजकाज त्याग गरेको ३३ वर्षअघि उनी राजसिंहासनको जिम्मेवारी ग्रहण गरेकी थिइन् ।

विश्व संक्षेप

बाइडेनले प्रशान्त क्षेत्रका १८ नेतासँग भेटवार्ता गर्ने

पोर्ट मोरेस्बी/ अमेरिकी राष्ट्रपति जो बाइडेनले आगामी मे महिनामा पपुवा न्युगिनीको भ्रमणका क्रममा दक्षिण प्रशान्त क्षेत्रका १८ नेतासँग भेटवार्ता गर्ने भएका छन् । दक्षिण प्रशान्त क्षेत्रलाई दोस्रो विश्वयुद्धपछि सापेक्षिक कूटनीतिक रूपमा पछि परेको क्षेत्रका रूपमा हेरिएको थियो । तर, पछिल्लो समय यो क्षेत्र व्यापारिक, राजनीतिक र सैन्य प्रभावका लागि प्रतिस्पर्धा गर्ने शक्तिहरूको अखडा बन्दै गएको छ । पपुवा न्युगिनीका विदेशमन्त्री जस्टिन टकाचेन्कोले पत्रकार सम्मेलनमा अमेरिकी राष्ट्रपति बाइडेनले आफ्ना आयोजकसँग द्विपक्षीय वार्तामा भाग लिने र प्रशान्त टापुका १८ नेतासँग पनि भेटघाट गर्ने जानकारी दिए । प्यासिफिक आइल्यान्ड फोरम समुद्रको विशाल भूभागमा छरिएका प्रायः साना राज्यको १८ सदस्यीय क्षेत्रीय समूह हो ।



उक्त भेटवार्तामा अस्ट्रेलिया र न्युजिल्यान्डका प्रधानमन्त्री पनि सहभागी हुनेछन् । बाइडेन आगामी मे २२ मा पपुवा न्युगिनीको भ्रमण गर्ने कम्तीमा एक शताब्दीपछि पहिलो बहालवाला अमेरिकी राष्ट्रपति हुनेछन् । सन् १९०१ मा थियोडोर रुजवेल्टको प्रशासनसँग सम्बन्धित विदेश मन्त्रालयको रेकर्डअनुसार कुनै पनि बहालवाला अमेरिकी राष्ट्रपतिले पपुवा न्युगिनीको भ्रमण गरेका छैनन् । बाइडेनले जापानको हिरोसिमामा हुने जी-७ शिखर सम्मेलन र मे महिनामा सिड्नीमा हुने क्वाडको शिखर सम्मेलनमा अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाको पनि सहभागिता जनाउने कार्यक्रम छ ।

अमेरिकी विशेष दूत जोसेफ युनले दक्षिण प्रशान्त क्षेत्रमा चीनको प्रभाव बढेपछि अमेरिकाले आफ्नो कूटनीतिक पहल बढाउन लागेको बताए । चीनले हालै पपुवा न्युगिनीको पूर्वमा रहेको सोलोमन टापुसँग चिनियाँ सेनालाई त्यहाँ तैनाथ गर्न गोप्य सुरक्षा सम्झौतामा हस्ताक्षर गरेको छ । राज्य समर्थित एक चिनियाँ कम्पनीले गत मार्चमा राजधानी होनियारामा अन्तर्राष्ट्रिय बन्दरगाह विकास गर्ने ठेक्का पाएको थियो, जुन दक्षिण प्रशान्त क्षेत्रमा रणनीतिक पकड हासिल गर्ने बेइजिङको प्रयासमा ठूलो विजय हो ।

सुडानबाट ४८ जापानी स्वदेश फर्काइए

टोकियो/ द्वन्द्वग्रस्त सुडानबाट शनिबार बिहान ४८ यात्रु टोकियो पुगेका छन् । जापानी नागरिक चार्टर्ड उडानबाट स्वदेश फर्काइएको परराष्ट्र मन्त्रालयले जनाएको छ । शुक्रबारसम्म ६५ जना जापानी नागरिक र अन्य देशका नागरिकले पनि सुडान छाडेका छन् । तीमध्ये केही आफ्नै पहलमा जापान फर्किएको मन्त्रालयले जनाएको छ । अप्रिलको मध्यमा सुडानी सेना र अर्धसैनिक च्यापिड सपोर्ट फोर्सबीच भीषण झडप भएपछि असुरक्षाको अनुभूति गर्दै थुप्रै देशले सुडानबाट आफ्ना नागरिक फिर्ता बोलाएका छन् ।

कुटपिट गरेर सहपाठीको हत्या

नयाँदिल्ली/ नयाँदिल्लीको बेदारपुर प्रहरी इलाकामा रहेको एक विद्यालयका विद्यार्थीले आफ्नै साथीलाई कुटेर हत्या गरेका छन् । कक्षा आठका दुई विद्यार्थीले १२ वर्षका आफ्ना साथीको कुटेर हत्या गरेका प्रहरीले जनाएको छ । शुक्रबार एमसिडी विद्यालयका कक्षा ८ का छात्रको शव नालामा भेटिएपछि हत्याको रहस्य खुलेको हो ।

आफ्नै सहपाठीलाई कुटपिट गरेर मारेको अभियोगमा प्रहरीले दुवै अभियुक्तलाई पक्राउ गरेको छ । विद्यालय परिसरमा धूमपान गरेको देखेका उनले विद्यालय प्रशासनलाई त्यसबारे जानकारी दिने बताएपछि अभियुक्तद्वयले निजलाई प्रलोभनमा पारेर सुनसान स्थानमा बोलाएका थिए । आरोपितले सहपाठीलाई लट्ठीजस्तो कुनै भुत्ते वस्तुले बारम्बार टाउकोमा प्रहार गर्दा उनको मृत्यु भएको प्रहरी अनुसन्धानबाट ज्ञात भएको छ । अभियुक्तहरूलाई बाल न्याय कार्यालयमा प्रस्तुत गरिने प्रहरीले जनाएको छ ।

जापानमा गर्भपतन गराउने प्रस्ताव स्वीकृत

टोकियो/ जापानको स्वास्थ्य मन्त्रालयले प्रारम्भिक चरणको गर्भपतन गर्न प्रयोग हुने औषधिलाई स्वीकृति दिएको छ । यो अनुमतिसँगै जापानमा पहिलोपटक गर्भपतनको चक्की उपलब्ध हुने भएको छ । जापानमा २२ हप्तासम्म गर्भपतनलाई कानुनी मान्यता दिइएको छ । तर, अहिलेसम्म यसको लागि शल्यक्रिया एक मात्र विकल्प थियो । यसका लागि सामान्यतया पति वा पत्नी वा सम्बन्धित केटीसाथीको सहमति आवश्यक पर्छ । मन्त्रालयले स्वास्थ्य अधिकारीलाई एक सूचना जारी गर्दै बेलायती औषधि कम्पनी 'लाइन फार्मा'ले बनाएको औषधिलाई स्वीकृति दिएको जनाएको छ ।

औषधि निर्माताले आफ्नो उत्पादन, मिफेप्रिस्टोन र मिसोप्रोस्टोलको दुई चरणको उपचार, डिसेम्बरमा जापानमा स्वीकृतिका लागि पेस गरेको थियो । सन् १९८८ मा पहिलोपटक गर्भपतनको चक्कीलाई स्वीकृति दिएको फ्रान्स र सन् २००० देखि उपलब्ध हुँदै आएको अमेरिकालगायत थुप्रै देशमा पनि यस्तै औषधि उपलब्ध छ ।

मन्त्रालयको प्यानलको अनुमोदनपछि नौ हप्तासम्मको गर्भ फाल्नका लागि यो चक्की लिन स्वीकृति गरिएको थियो । हजारौं सार्वजनिक राय प्रस्तुत भएपछि यसलाई एक महिनाका लागि स्थगित गरिएको थियो । राष्ट्रिय प्रसारक एनएचकेका अनुसार गर्भपतनको चक्की र चिकित्सकीय परामर्शको कुल लागत करिब एक लाख येन (७०० अमेरिकी डलर) हुनेछ । गर्भपतनलाई सार्वजनिक स्वास्थ्य बिमाले समेटेको छैन ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बरहथवा, सर्लाहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रकाशित मिति २०८०/०१/१७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बरहथवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ ०१ गते सोमबार**का दिन शाखा कार्यालय बरहथवा, सर्लाहीमा गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागको कार्यालयमा मिति २०७२/१०/२७ मा दर्ता नं. ४९६१/०७३/०७४ दर्ता कायम भई सर्लाही जिल्ला, सेखौना गा.पा. वडा नं. ०९ स्थित रजिष्टर्ड कार्यालय रहेको **कम्नीष्ट हार्डवेयर**का प्रोप्राईटर रामखेलावन रायको नाति, रामपरिक्षण राय यादवको छोरा, सर्लाही जिल्ला, रामनगर ०६, बस्ने **ललन राय यादव** (ना.प्र.नं. १९१००७/३१६, जारी मिति २०७०/०९/२०, जिल्ला प्रशासन कार्यालय सर्लाही) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. रामखेलावन रायको नाति, रामपरिक्षण राय यादवको छोरा, सर्लाही जिल्ला, रामनगर ०६, बस्ने **ललन राय यादव** (ना.प्र.नं. १९१००७/३१६, जारी मिति २०७०/०९/२०, जिल्ला प्रशासन कार्यालय सर्लाही) ।
२. रामपरिक्षण राय यादवको नातिनी, मिक्षीलाल रायको छोरी, ललन राय यादवको पत्नी, सर्लाही जिल्ला, रामनगर ०६ बस्ने **रेखा देबी** (ना.प्र.नं. १९३००७/४२५, जारी मिति २०६३/१२/२५ जिल्ला प्रशासन कार्यालय, सर्लाही) ।
३. रामखेलावन रायको नातिनी, रामबिलास रायको छोरी, रामपरिक्षण राय यादवको पत्नी, सर्लाही जिल्ला, रामनगर ०६ बस्ने **धरखनिया देबी** (ना.प्र.नं. ८८९३१९३८, जारी मिति २०४९/०९/२५ जिल्ला प्रशासन कार्यालय, सर्लाही) ।
४. रामपरिक्षण राय यादवको नाति, ललन राय यादवको छोरा, सर्लाही जिल्ला, रामनगर ०६, बस्ने **राहुल कुमार यादव** (ना.प्र.नं. १९१००७/१९९, जारी मिति २०६८/१२/२६, जिल्ला प्रशासन कार्यालय सर्लाही) ।
५. रामपरिक्षण राय यादवको नाति, ललन राय यादवको छोरा, सर्लाही जिल्ला, रामनगर ०६, बस्ने **कमलेश कुमार यादव** (ना.प्र.नं. १९-०१-७४-००६५९, जारी मिति २०७४/०१/२२, जिल्ला प्रशासन कार्यालय सर्लाही)॥

लिलाम हुने सम्पत्तीको विवरण :

१. **धरखनीया देबी**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सखौना गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ६३४, २०४, २०५, २३३ र ३२२ को जग्गा क्षेत्रफल क्रमश ०-१९-१२-०, ०-३-८-०, ०-६-१२-०, ०-३-०-० र ०-२-०-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० बैशाख ३१ गते** भित्र बैंकको शाखा कार्यालय बरहथवा, सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बरहथवा, सर्लाहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सुचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०८० जेठ ०१ गते अपरान्ह ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बरहथवा, सर्लाहीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बरहथवा, सर्लाहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० जेठ ०१ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय बरहथवा, सर्लाही फो.न ०४६-५४०३८७

रासायनिक होइन, प्रांगारिक मलतर्फको यात्रा

रासायनिक मलले दीर्घकालमा उत्पादन क्षमता घटाउनुका साथै माटो र मानव स्वास्थ्यमा समेत असर पार्छ



अर्थ संवाद
• उषा गिरी
प्रबन्ध निर्देशक, रिकिशी फर्टिलाइजर एन्ड एग्रो प्रालि

नेपाललाई कृषिप्रधान देश भनिन्छ । जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित छ । घरमा गाई, भैंसीलगायत बस्तुभाउ पालेका छौं, तर पनि हाम्रो ध्यान रासायनिक मलमै केन्द्रित हुन्छ/छ । हामी रासायनिक मलका लागि घन्टौं लाइन लागेर बस्नुपर्ने बाध्यात्मक अवस्था छ । किसानहरूको मनोविज्ञान नै यस्तो बन्दै गइरहेको छ कि रासायनिक मलविना हाम्रो बाली उत्पादन नै हुन सक्दैन । यद्यपि, अहिलेको सामाजिक चेतको विकास र आधुनिक समयले हामीलाई रासायनिक मलको प्रयोग हानिकार रहेछ भनेर पनि सन्देश दिँदै आइरहेको छ, जुन हाम्रो लागि सकारात्मक संकेत हो । मुख्य कुरा त हाम्रो नीतिले, हाम्रो परम्परागत ढर्राले पनि युरिया मलको आवश्यकतालाई बाध्यात्मक बनाइदिएको छ । जसले गर्दा हामीलाई रासायनिक मलको प्रभाव र प्रांगारिक मलको लाभका बारेमा बुझ्न समय लागेको हो ।

जनताका प्रतिनिधिहरू जनताका आवश्यकता, समस्या तथा चाहनाका विषयमा छलफल गर्ने थलो संसद् हो । हाम्रो संसद्मा रासायनिक मल अभाव भयो, किसानले दुःख पाए भनेर छलफल हुन्छ । तर, प्रांगारिक मललाई कसरी प्राथमिकता दिने, किसानको पहुँचसम्म कसरी पुऱ्याउने, हाम्रो स्रोत साधनको प्रयोग कसरी गर्ने भनेर छलफल किन हुँदैन ? हाम्रो आफ्नै मौलिक वस्तुलाई प्रयोग गर्ने हो भने हामी रासायनिक मलको विकल्पमा आन्तरिक मल नै धान्न सक्ने अवस्थामा पुग्न सक्छौं । अहिले हामीले अर्गानिक खेतीतर्फ जोड दिने हो भने महत्त्वपूर्ण ढंगले सरकारको नीतिमा बहस हुन आवश्यक छ ।

हामी एकैपटक प्रांगारिक मलमा जान सक्दैनौं होला, तर बिस्तारै एकाध वर्षमा लैजान र सिंगो देशलाई नै रासायनिक मलमुक्त देश बनाएर पूरै अर्गानिक खेतीतर्फ लैजान हामीलाई कसले रोकेको छ ? हरेक वर्ष रासायनिक मलको नाममा हाम्रो अर्बौं रुपैयाँ बाहिरिएको अवस्था छ । त्यो पैसालाई आधा मात्र यस क्षेत्रमा खर्च गर्ने हो भने आज किसानले घन्टौं लाइन लागेर बस्नुपर्दैन र नेताहरूले पनि मलको राजनीति गर्नैपर्दैन भन्ने मलाई लाग्छ । हामी हाम्रो प्रविधिमार्फत फोहोरमैला व्यवस्थापन तथा स्थानीय सामग्री जस्तै- गोबर, सुली, पातपतिंगर आदिलाई सदुपयोग गरी नेपाल सरकारको मापदण्डअनुरूप प्रांगारिक मल उत्पादन गर्ने लक्ष्य र नीति ल्याउने हो भने स्थानीय रोजगारी, प्रदान गर्न पनि ठूलो भूमिका खेल्छ, साथै नेपाली कृषकलाई दिगो कृषि गर्न टेवा पुऱ्याउन सकिन्छ ।

रासायनिक मल : क्षणिक लाभ, दीर्घकालीन प्रभाव

रासायनिक मलको प्रयोगले उत्पादनमा हुने बेफाइदा र माटोमा ल्याउने ह्रास धेरै छन् । साधारणतः उत्पादन बढाउन रासायनिक मलको प्रयोग गर्ने गरिएको देखिन्छ । तर, सारमा यसले हाम्रो उत्पादन क्षमतामा अझ ह्रास ल्याइरहेको छ । हाम्रो देशमा मात्रै होइन, विश्वभर नै रासायनिक मलको प्रयोगले माटो र उत्पादन हुने वस्तुमै नकारात्मक असर परिरहेको छ । त्यति मात्रै होइन, उत्पादन क्षमतामा समेत ह्रास आइरहेको छ । मानव स्वास्थ्यमै नकारात्मक असर परेको कतिपय रिपोर्टले पुष्टि गरेको अवस्था छ । रासायनिक मलको प्रयोगले क्षणिक उत्पादन बढाउने हो, दीर्घकालीन उत्पादन दिन सक्दैन ।

विशेषगरी, नेपालमा खाद्यान्न बालीको खेती धेरै गरिने हुँदा यहाँ रासायनिक मल पनि खाद्यान्न बालीमा नै बढी प्रयोग भएको देखिन्छ । उखु, आलुलगायत तरकारी खेतीमा पनि अत्यधिक मात्रामा रासायनिक मल प्रयोग गरिन्छ । यसले तत्काललाई हाम्रो उत्पादन बढाएको देखिए पनि दीर्घकालमा उत्पादन क्षमतादेखि माटो र मान्छेकै स्वास्थ्यमा समेत गम्भीर असर पारिरहेको छ ।

स्थानीय तहमा प्रांगारिक मल बनाउने योजना : प्रांगारिक मल प्रयोगको नीति सरकारले बनाउने हो र त्यो तल्लो तहको सरकारदेखि नै सुरु हुन आवश्यक छ । देशभरका ७ सय ५३ वटै स्थानीय तहले प्रांगारिक मल बनाउने योजना ल्याउने र स्थानीय तहलाई क्रमशः 'रासायनिक मल निषेधित क्षेत्र' उद्घोष गर्न सक्छन् । पछिल्लो समय काठमाडौं महानगरपालिका, नागार्जुन नगरपालिकाहरूले यसबारेमा निकै चासो दिनुभएको छ । भक्तपुर र अन्य जिल्लाका केही ठाउँमा व्यक्तिगत तथा व्यावसायिक रूपमा प्रांगारिक मल उत्पादन सुरु गरेका छन् । यसलाई नेपालभर विस्तार गर्न आवश्यक छ ।

दीर्घकाललाई निर्विकल्प अर्गानिक मल : अहिले विश्वभरि नै खाद्यसंकट र सुरक्षाको बहस उठेको छ । नेपालमा पनि यस विषयमा बहस हुन थालेको छ । सरकारको आगामी वार्षिक नीति तथा कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत यस विषयको उठान होला । खाद्यसंकटबाट धेरै हदसम्म मुक्त गर्नका लागि पनि रासायनिक मलको विकल्प प्रांगारिक मल बन्न सक्छ । हामी दुईवटा अवस्थामा छौं, एकातिर दिगोपनका लागि कुरा गर्दै छौं भने अर्कोपट्टि भोको पेटलाई खुवाउनुपर्ने अवस्थामा छौं । त्यसैले हामीले उत्पादन बढाउनु छ र त्यसको दिर्घकालीन समाधान पनि खोज्नु छ । यसका लागि अर्गानिक मल निर्विकल्प हो ।

प्रांगारिक मलको प्रयोगले माटोमा ल्याउने दिगोपनको बारेमा थुप्रै अध्ययन भएका छन् । प्रांगारिक मलको प्रयोगले उत्पादन बढ्छ । माटोमा अर्गानिक तत्त्व छैन भने जतिसुकै मल-पानी हाले पनि त्यसले कुनै काम गर्दैन । अर्गानिक तत्त्व यस्तो चिज हो, जसले पानीलाई होल्डिङ गर्ने, प्रोटिन होल्डिङ गर्ने क्षमता वृद्धि गर्छ । अर्को, यसले माटोमा अम्लीयपन बढाउँछ । रासायनिक मलले माटोमा अम्लीयपनको मात्रालाई सन्तुलित बनाउँदैन, बढाउने वा घटाउने गर्दछ । हामी धेरैजस्तो त युरिया, फस्फोरस र पोटासियमको प्रयोग गर्छौं, त्यसले अम्लीय वा क्षारीयपनलाई तलमाथि गराउँछ ।

रासायनिक मल कारखानाको सान्दर्भिकता : अहिले रासायनिक मलको कारखाना खोल्ने कुरा चलिरहेको छ । यसको चर्चा भइरहँदा यसको उत्पादन क्षमतादेखि सम्भावनासम्मको बारेमा छलफल तथा अध्ययन गर्न आवश्यक छ । ठूलो लगानी गरेर कारखाना सञ्चालनमा आएपछि त्यसले लाभ दिन्छ कि दिँदैन ? वर्षमा कति समय मेसिन चलाउन सकिन्छ ? लागत उठाउन सकिन्छ कि सकिँदैन ? भन्नेलगायत आर्थिक पाटो पनि हेर्नुपर्छ । हाम्रो मल कारखाना खोल्ने विषयमा धेरैपटक अध्ययन भइसकेको छ । कतिपय अध्ययनले नेपालमा मल कारखानाको औचित्य नरहेको पुष्टि गरेको छ । लागतका हिसाबले, उत्पादन र क्षमताका हिसाबले पनि हामीलाई कारखाना नै खोलेर जानुपर्ने अवस्था छैन भन्नेसमेत देखिएको छ । त्यसैले यसको सान्दर्भिकताका विषयमा व्यापक छलफल हुनु आवश्यक छ ।

जैविक मलमा देखिएको आशा : आजको बढ्दो आर्थिक संकटको समयमा रासायनिक मलबाट मात्र कृषि क्षेत्रमा दीर्घकालीन समाधान दिन सकिँदैन । बरु आधुनिक प्रणालीका प्रांगारिक मलहरूको प्रयोगलाई पनि सँगसँगै बढावा दिन सक्नुपर्छ । यी दुवै प्रकारका मल उत्पादनमा नेपालले आफ्नै स्रोत परिचालन गरेर राष्ट्रिय आवश्यकतालाई धान्न सक्छ । यसबीचमा जैविक मल उप्तादनमा केही आशा देखिएका छन् । अहिले नेपालमा केही कम्पनीले उल्लेखनीय मात्रामा जैविक मल उत्पादन गर्न काम गरिरहेका छन् । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा प्रवर्द्धन गरिएका बायोग्यास प्रविधिहरूको स्थानीयकरणसँगै ठूलो मात्रामा बायोग्यासको सह-उत्पादनको रूपमा कम्पोस्ट मलले बजार लिन थालेको छ ।

त्यस्तै, कुखुरा फार्म, उखु-मिलको जैविक फोहोर, नगरपालिकाबाट संकलित जैविक फोहोर आदि प्रयोग गरेर पनि जैविक मल बन्न थालिएको छ । त्यसबाहेक स्थानीय स्तरमा उपलब्ध सबैखाले कच्चा पदार्थलाई सीधै कम्पोस्टिङ वा भर्मी-कम्पोस्टिङ गरेर पनि जैविक मल बनाउने चलन बिस्तारै देशव्यापी हुँदै छ ।

जैविक मललाई प्रोत्साहनको खाँचो : वातावरणीय र दीर्घकालीन माटोको स्वास्थ्यको दृष्टिकोणबाट जैविक मल किसानहरूको पहिलो विकल्प हुनुपर्छ भन्ने कुरा विवादित छैन । यद्यपि, अहिलेको आमचासो भनेको सरकारी नीति, प्रतिबद्धता र कार्यक्रमका आधारमा नेपालमा जैविक मलमा आधारित रहेर कृषि उत्पादकत्व सुधार गर्न लामो समय लाग्न सक्छ भन्ने नै हो । यति हुँदाहुँदै पनि सरकारी पक्षबाट जैविक मल प्रयोगमा सहुलियत कार्यक्रमको निरन्तरताको अभाव, किसानहरूमा जैविक मलको महत्त्वसम्बन्धी सचेतना र धैर्यको अभावका कारण विभिन्न तहका सरकारका अनेकन् घोषणाका बाबजुद जैविक मलको प्रयोग उत्साहजनक हुन सकेको छैन ।

तीन तहकै सरकारको जैविक मल प्रवर्द्धनअनुकूल नीति कार्यक्रम लागू नहुनु र किसानहरूले यो मलमा अनुदान नपाउनुको कारण देशभरकै जैविक मल उत्पादक कम्पनीका उत्पादनले पर्याप्त बजार पाएका छैनन् । त्यस्ता उद्योगमा खुलेका जैविक मलाई बजारीकरण गर्न र प्रोत्साहन गर्न आवश्यक छ ।



> तीन तहकै सरकारको जैविक मल प्रवर्द्धनअनुकूल नीति कार्यक्रम लागू नहुनु र किसानले यो मलमा अनुदान नपाउनुको कारण देशभरकै जैविक मल उत्पादक कम्पनीका उत्पादनले पर्याप्त बजार पाएका छैनन् । त्यस्ता उद्योगका जैविक मललाई बजारीकरण गर्न र प्रोत्साहन गर्न आवश्यक छ ।

अर्थ ज्ञान

यसरी साट्न सकिन्छ पुरानोसँग नयाँ नोट

सर्वसाधारणले आफूसँग भएका चलनचल्तीका लागि अयोग्य नोट राष्ट्र बैंकको काठमाडौं उपत्यकाको एउटा र उपत्यकाबाहिर रहेका ७ वटा शाखाबाट सटही गर्न सक्छन् । त्यस्तै, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकका शाखाबाट समेत नोट सटही गर्न सकिन्छ । राष्ट्र बैंकले आफ्नो शाखा र नेपाल बैंक तथा वाणिज्य बैंकका शाखासमेत गरी ७७ ओटालाई नोटकोष तोकेको छ । ती नोटकोषबाट 'नेपाल राष्ट्र बैंक नोट सट्टा भर्ना नियमावली २०५९' अनुसार नोट साट्न सकिन्छ । नोटको दर र पूरा नम्बरसहित ५० प्रतिशतभन्दा बढी भाग भएको र दोहोरो सट्टाभर्ना जान नसक्ने यकिन भएमा नोटकोषले नयाँ नोट साटिदिन्छन् । तर,



जोडा नमिलेको, सच्याइएको, मनोमानी लेखेको नोटको भने सट्टाभर्ना हुनेछैन ।

बिजनेस @



मधुरमण आचार्य, पूर्वसचिव

पहिले कृषिले धान्थ्यो । अनि, औद्योगिक उत्पादन चाहियो । पछि सेवाको भूमिका बढ्यो । निर्यातजन्य आर्थिक वृद्धि पनि खोजियो । ज्ञानमा आधारित अर्थतन्त्र बनाउने पनि भनियो । त्योभन्दा पनि माथि नवप्रवर्तनमुखी अर्थतन्त्र चाहिन्छ ! नवप्रवर्तनमा लगानी नगरी हासिल गर्न सकिन्न द्रुत आर्थिक वृद्धि !

सूर्यराज आचार्य, पूर्वधारविज्ञ

सुनिँदै छ, भारतको सहयोगमा डिपिआर हुँदै गरेको रक्सौल-काठमाडौं रेलमार्गमा ब्रोडगेजजस्तो 'आउट-डेटेड' प्राविधिक मापदण्ड अपनाइँदै छ । महँगो र कमसल भारतीय प्रविधि/उपकरणमा निर्भर हुनुपर्नेछ । रेलमार्ग 'सेतो हात्ती' हुने जोखिम छ । सरकारले यो गल्ती नगरोस् । 'स्ट्यान्डर्ड गेज' अपनाइयोस् ।





प्रतापजंग पाण्डे, उद्यमी

नेपालमा साँच्चिकै भ्रष्टाचार नियन्त्रण गर्ने हो भने १० वटा पावर ब्रोकरलाई थुन्नुपर्छ । ती १० पावर ब्रोकरलाई थुन्नुस्, ८० प्रतिशत भ्रष्टाचार आफैं नियन्त्रण हुन्छ ।

अंक र अर्थ

चैतसम्मको राजस्व संकलनको लक्ष्य र प्रगति

करका शीर्षक	चैतसम्मको लक्ष्य	चैतसम्मको संकलन
भन्सार महसुल	२ खर्ब ४७ अर्ब	१ खर्ब ३० अर्ब
मूल्य अभिवृद्धि कर	२ खर्ब ८० अर्ब	२ खर्ब २ अर्ब
अन्तःशुल्क	१ खर्ब ५२ अर्ब	१ खर्ब ३ अर्ब
शिक्षा सेवा शुल्क	१ अर्ब १४ करोड	१ अर्ब २६ करोड
आयकर	२ खर्ब ४६ अर्ब	१ खर्ब ७९ अर्ब
कुल कर राजस्व	९ खर्ब २७ अर्ब	६ खर्ब १६ अर्ब
गैरकर राजस्व	७० अर्ब ५ करोड	६७ अर्ब ६८ करोड
कुल राजस्व	९ खर्ब ९७ अर्ब	६ खर्ब ८३ अर्ब

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

लोभको पासोमा परनिर्भरता बढाउँदै टेक्नोलोजी

टेक्नोलोजीमा परनिर्भरता बढ्दा हामी कम उत्पादक बन्छौं, यसकै फाइदा उठाएर कम्पनीले हाम्रो भावनासँग खेली व्यापार गर्छ



• शम्भुप्रसाद ढुंगाना

यो समयको मान्छे घरपरिवार घुमाउन हिँड्दा पनि सकेसम्म वाइफाईको पासवर्ड खोज्छ । पाइएन भने मोबाइलको डाटा लिन थाल्छ । घुम्नुको मजा लुट्न छोडेर, खानाको स्वाद लिन छोडेर फोटो पोस्ट गर्न व्याकुल हुन्छ । के यो प्रविधिले मेसिनपालुवा बनाएको होइन ?

भागदौडको समयलाई प्रविधिले जति सहज बनाएको छ, त्यति नै प्रयोगकर्ताको मनोवैज्ञानिक स्वास्थ्य, समाज र वातावरणमा हानिकारक प्रभाव पनि पारेको छ । प्रयोगकर्ता र समाज टेक्नोलोजीबाहेक अरू केही नदेख्दा प्रविधि हानिकारक बन्न पुग्छ । प्रविधिले प्रयोगकर्तालाई अक्षमता, आत्मनियन्त्रण, दुर्व्यवहार, प्राविधिक केन्द्रवाद र वातावरणीय ह्रास ल्याउँछ भनेर विभिन्न अनुसन्धानले पुष्टि गरिसकेका छन् ।

टेक्नोलोजीले मानिसले गर्न सक्ने काम गर्न थालेपछि प्रयोगकर्ता सीप सिक्न तथा जिज्ञासाहीन हुन जान्छ । यसबाट मान्छे अटोमेटेड हुन थाल्छ । निस्फिक्री विश्वास गर्न थाल्छ, प्रविधिलाई । सीपविहीन भई मान्छे प्रविधिको सेड्युलमा चल्छ । आत्मविश्वास त लगभग हराएरै जान्छ । उदाहरणमा क्याल्कुटेरलाई लिन सकिन्छ । दिमागलाई विश्वास गर्न छोडेर हामी क्याल्कुलेटरको विश्वास गर्न थालेका छौं । यसले हामीलाई यान्त्रिक बनाएको छ ।

एउटा क्यामेराम्यान एआईको प्रयोग गर्न थाल्छ र समाजलाई ढाँट्छ कि यो फोटो आफैंले खिचेको हो । तर, वास्तविकता त्यस्तो नहुन सक्छ । टिकटक तथा ब्युटी प्लस क्यामेराको प्रयोग गरी सोसल मिडियामा सार्वजनिक गरिएका फोटो र वास्तविक अनुहारको फरकपनकै कारण धेरै मानिस डिप्रेसनमा गएका छन् ।

व्यक्तिबाट मेसिनमा सीमित सीप प्रवाह गर्न सकिन्छ । पूर्ण हस्तान्तरण असम्भव छ । एउटा अडियो क्यासेटमा जति गीत भरिएको छ, त्यति नै सुन्न सकिने हो, नभरिएको गीत सुन्न असम्भव छ । त्यस्तै, मेसिनमा पनि जति भरिएको छ, त्यति नै गर्छ । भुल्न नहुने कुरा के भने मेसिनमा भर्ने केही मान्छेको दिमागले हो, बाँकी सबै प्रयोगकर्ता मात्र हुन् । जसले मेसिनमा भर्न सक्छ, त्यो नै टेक्नोलोजीको दुनियाँमा बाँच्छ । उदाहरणका लागि, फेसबुकका मालिकले फलानो दिनसम्म आफ्नो प्रोफाइल फोटो नराख्नुहोला, नत्र अटोमेटिक तपाईंको फेसबुक डि-एक्टिभेट गर्छु भन्यो भने कसैको केही लाग्छ ? अनि भइएन त पालुवा ? एलन मस्कले ट्विटरमा भेरिफाइड अकाउन्ट बनाउन पैसा तिर्नुपर्ने नियम लगाए, जुन यसअघि थिएन ।

जुनसुकै तप्कामा भए पनि जब एकाधिकार हुन थाल्छ, त्यसको परिणाम गलत नै हुन्छ । हामीले प्रयोग गरिरहेको इमेल, सोसल मिडिया तथा अन्य प्रविधिको उद्देश्य भनेको विभिन्न सुविधाको लोभमा पैसा कमाउने धन्दा हो । इमेलले सुरुमा प्रयोगकर्तालाई बानी लगाउन २ जिबी स्पेस सित्तैमा दिन थाल्यो, प्रयोगकर्ता बढेसँगै बढाएर १६ जिबी सित्तैमा दिन सुरु गऱ्यो र त्यसपछि बल्ल सुरु भयो व्यापार । प्रयोगकर्तालाई लत लगाएर योभन्दा धेरै ठाउँ चाहिए पैसा तिर भन्न थाल्यो, के अब हामी मेसिनपालुवा भएनौं ?

प्रविधिका पनि प्रकार छन् । केहीले पेपरलेस भन्दै ट्याब्लेट बिक्री गराउँछ, कलम र कागजको बजार चौपट पार्छ । अर्को आउँछ, औद्योगिक क्रान्ति भन्दै रोबोट बेच्छ, श्रमिकको रोजिरोटी खोस्छ ।

प्रयोगकर्तालाई प्रविधिले एउटा बटनमा सबै काम हुने भ्रम फैलाइदिन्छ । पुस नोटिफिकेसन पठाई जबरजस्ती डाउनलोड गर्न लगाउँछ र प्राविधिक धन्दा सुरु हुन्छ, डाउनलोड भएका एपमा विज्ञापन देखाएर । भर्खरै एप्पल कम्पनीले आइडीको पासवर्ड माग्रिहेको छ, पासवर्ड सुरक्षाका निम्ति प्रयोग गरिन्छ । के एप्पलले पासवर्ड मागेर हाम्रो अकाउन्टलाई सुरक्षामा राख्यो त ? प्रविधि कम्पनीले जे चाह्यो, त्यही हुने अवस्थामा छ, अझ भनौं केहीको मुठीमा छ, प्रविधि । प्रयोगकर्तालाई प्रविधिले कसरी काम गर्छ भन्ने कुरा हेक्का राख्ने समय नै हुँदैन, फल्याँस्स हुँदा त्यो प्रविधिको लत लागिसकेको हुन्छ ।

इन्टरनेटविनाको जीवन अकल्पनीय भइसकेको छ । यो समयको मान्छे घरपरिवार घुमाउन हिँड्दा पनि सकेसम्म वाइफाईको पासवर्ड खोज्छ । पाइएन भने मोबाइलको डाटा लिन थाल्छ । घुम्नको मजा लुट्न छोडेर, खानाको स्वाद लिन छोडेर फोटो पोस्ट्याउन व्याकुल हुन्छ । के यो प्रविधिले मेसिनपालुवा बनाएको होइन ?

टेक्नोलोजीले पक्कै पनि धेरै ठाउँका ढोका खोल्छ र सूचनाको पहुँचमा राख्छ, यसलाई नकार्न सकिँदैन । तर, यसले हामीलाई हाम्रो महत्त्वपूर्ण कामबाट विचलित गराइरहेको छ । हाम्रो दैनिकीमा प्रविधिको हस्तक्षेपलाई एकपटक विचार गरेर हेरौं । सम्झनुहोस् त, फेसबुकमा जन्मदिनको शुभकामना, वर्षगाँठको शुभकामनालगायत भन्दै कति समय खर्च भयो ? मोबाइलको स्क्रिन नै पातलो हुने गरी टिकटक कति समय स्क्रोल गर्यौं ?

उद्यममा प्रविधि मिसिनु आवश्यक छ, तर घोलिनु आवश्यक छैन । इन्टरनेटमा पनि खराबी छन् । त्यहीं गौतम बुद्धको उपदेशदेखि वीरताको गाथा पढ्न र हेर्न पाइन्छ र त्यहीं बन्दुक बनाउने तरिका पनि सिकाइन्छ । अहिलेको समाज बुद्धको उपदेशभन्दा बन्दुक बनाउन दौडिएको देखिन्छ ।

टिकटक लाइभमा बसेर पैसा कमाउने लोभमा युवायुवतीले आफूलाई नंग्याउँदै लगेका छन् । चिनियाँ प्रविधि उकालो लाग्यो भनेर इन्स्टाग्रामले रिल भन्दै अश्लील दृश्यलाई प्रसारण गरिरहेको छ । हामीलाई लत लगाइरहेको छ । लत लाग्छ अनि पैसा माग्छ, प्रविधिको लडाइँमा पनि हामी प्रयोगकर्ता फेरि अनायासै मेसिनपालुवा बनिसक्छौं । प्रविधि र मानव फरक हो भन्नेमा निर्माण कम्पनीहरूले पनि हेक्का राख्न जरुरी छ । टेक्नोलोजीमा जब परनिर्भरता बढ्न थाल्छ, तब हामी कम उत्पादक हुन थाल्छौं, यसकै फाइदा उठाएर कम्पनीले हाम्रो भावनासँग खेल्छ र व्यापार गर्छ । निर्माण कम्पनीहरूले चाहन्छन् नै यही, सजग त प्रयोगकर्ता नै हुनुपर्छ ।



> प्रविधिका पनि प्रकार छन् । केहीले पेपरलेस भन्दै ट्याब्लेट बिक्री गराउँछ, कलम र कागजको बजार चौपट पार्छ । अर्को आउँछ, औद्योगिक क्रान्ति भन्दै रोबोट बेच्छ, श्रमिकको रोजिरोटी खोस्छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १७ वैशाख ०८०

विकासमा भन्दा ऋण तिर्न बढी खर्च

सार्वजनिक ऋण २० खर्ब ७० अर्ब पुग्यो, ऋण सेवा खर्च साढे दुई गुणाले बढ्यो

चैत मसान्तसम्ममा सरकारले सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा एक खर्ब ७३ अर्ब खर्चिएको छ, जब कि यही अवधिमा पुँजीगत खर्च भने एक खर्ब सात अर्बबराबर मात्रै भएको छ

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले चालू आव ०७९/८० को नौ महिनामा विकास तथा पुँजी निर्माणमा जति खर्च गरेको छ, त्योभन्दा बढी खर्च ऋणको साँवा-ब्याज भुक्तानीमा भएको छ। चैत मसान्तसम्ममा सरकारले एक खर्ब सात अर्ब २४ करोडबराबर पुँजीगत खर्च गरेको छ। जुन सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा भएको खर्चभन्दा ६६ अर्ब कम हो।

सरकारको सार्वजनिक ऋणसँगै साँवा फिर्ता र ब्याज भुक्तानीमा हुने खर्च उच्चदरमा बढेको छ। चालू आर्थिक वर्षको नौ महिनामा सरकारले ऋणको साँवा फिर्ता र ब्याज भुक्तानीमा मात्रै एक खर्ब ७३ अर्ब खर्चिएको छ। जुन गएको आवको यही अवधिको तुलनामा साढे दुई गुणाले बढी हो।

चैत मसान्तसम्ममा सरकारले साँवा फिर्तातर्फ एक खर्ब २४ अर्ब २१ करोड र ब्याज भुक्तानीमा ४९ अर्ब १३ करोड गरी ऋण सेवाअन्तर्गत कुल एक खर्ब ७३ अर्ब ३४ करोड रुपैयाँ खर्च गरेको छ। जुन गएको आर्थिक वर्षको सोही अवधिको तुलनामा ९९ अर्ब ३६ करोडले बढी हो। गत आव ०७८/७९ को चैत मसान्तसम्ममा सरकारले ऋण सेवाअन्तर्गत साँवा फिर्ता तथा ब्याज भुक्तानीमा ७३ अर्ब ९८ करोड रुपैयाँ खर्च गरेको थियो।

पुँजी निर्माण तथा कमाउने क्षमता कम भएको हाम्रो जस्तो देशमा धेरै ऋण हुनु ठीक नहुने पूर्वमहालेखा नियन्त्रक सुरेश प्रधान बताउँछन्। 'अहिले नेपालीले जन्मिँदै ६०-७० हजारको ऋणभार बोक्नुपरेको छ, ऋण सेवामा हुने खर्चसमेत उच्चदरमा बाँढिरहेको छ,' उनले भने, 'ऋणको सदुपयोग हुनुपर्छ, ऋणबाट पुँजी निर्माण हुनुपर्छ। नत्र ऋण तिर्न ऋण नै लिनुपर्ने वेला आउँछ, जुन ठीक होइन।'



पछिल्ला पाँच आर्थिक वर्षमा सरकारले सार्वजनिक ऋणको साँवा फिर्ता र ब्याज भुक्तानी

आर्थिक वर्ष	साँवा फिर्ता	ब्याज भुक्तानी	कुल ऋण भुक्तानी
०७४/७५	५५ अर्ब ६७ करोड	१६ अर्ब २४ करोड	७१ अर्ब ९२ करोड
०७५/७६	५४ अर्ब ३५ करोड	२० अर्ब ७१ करोड	७५ अर्ब ६ करोड
०७६/७७	५७ अर्ब ५३ करोड	२६ अर्ब ६ करोड	८३ अर्ब ५९ करोड
०७७/७८	६० अर्ब १६ करोड	३४ अर्ब ६३ करोड	९४ अर्ब ८० करोड
०७८/७९	७६ अर्ब ७५ करोड	४५ अर्ब २ करोड	१ खर्ब २१ अर्ब ७८ करोड
०७९/८० (चैतसम्म)	१ खर्ब २४ अर्ब २१ करोड	४९ अर्ब १३ करोड	१ खर्ब ७३ अर्ब ३४ करोड

■ सार्वजनिक ऋण पौने २१ खर्ब पुग्यो

नेपालले भुक्तानी गर्नुपर्ने सार्वजनिक ऋण पौने २१ खर्ब पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चैत मसान्तसम्ममा आन्तरिक ऋण १० खर्ब दुई अर्ब र बाह्य ऋण १० खर्ब ६७ अर्ब गरी कुल ऋण २० खर्ब ६९ अर्ब ९९ करोड रुपैयाँबराबर पुगेको हो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गएको असार मसान्तसम्ममा सरकारले तिर्न बाँकी ऋण २० खर्ब १३ अर्ब रुपैयाँबराबर रहेको थियो। यो नौ महिनामा सरकारले एक खर्ब ८० अर्ब ऋण लिएको छ। एक खर्ब २४ अर्ब साँवा फिर्ता गरेको छ। यसबाट ५६ अर्ब ऋण दायित्व बढेको देखिन्छ।

■ भूकम्प र कोभिडको असर

कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा ऋण भुक्तानीको अनुपातसमेत १.०६ प्रतिशत विन्दुले बढेको छ। आव ०७८/७९ मा जिडिपीमा ऋण भुक्तानीको अनुपात २.५१ प्रतिशत रहेको थियो। चालू आवको चैत मसान्तसम्म आइपुग्दा जिडिपीमा ऋण भुक्तानीको अनुपात ३.५७ प्रतिशत पुगिसकेको छ। त्यसअघि आव ०७७/७८ मा यस्तो अनुपात २.२२ प्रतिशत र आव ०७५/७६ मा २.१७ प्रतिशत थियो। खासगरी भूकम्पपछिको पुनर्निर्माण र कोभिडको व्यवस्थापन तथा पुनरुत्थानका कारण नेपाल सरकारको सार्वजनिक ऋण बढ्दै गएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख भूमिराम शर्मा बताउँछन्। 'ऋण बढेको छ, त्यससँगै ऋण सेवामा हुने खर्च स्वाभाविक रूपमा बढेको छ। ब्याजदर, विनिमय दरलगायतले पनि ऋण सेवाको खर्च बढाएको छ,' उनले भने, 'दिगो स्रोत नभएको हाम्रो जस्तो देशले धेरै ऋण थेग्न पनि सक्दैन। गएको वर्ष ऋण सेवामा १२१ अर्ब खर्च भएको थियो। यस आवमा यस्तो खर्च २३० अर्ब पुग्ने देखिन्छ।'

■ ऋण तिर्न ऋण नै लिनुपर्ने अवस्था आउनु ठीक होइन



● **सुरेश प्रधान**, पूर्वमहालेखा निरीक्षक

अहिले हाम्रो कुल सार्वजनिक ऋण जिडिपीको ४० प्रतिशत हाराहारी पुगेको छ। जुन अन्य देशको तुलनामा धेरैचाहिँ होइन। तर, पुँजी निर्माण हुने तथा कमाउने क्षमता कम भएको हाम्रो जस्तो देशमा धेरै ऋण हुनु पनि ठीक होइन। खासगरी ऋण लिएर बनाइएका परियोजनाले नै ऋण तिर्न सक्नुपर्छ। सोहीअनुसार ऋण व्यवस्थापन तथा परियोजना निर्माण र सञ्चालन गरिनुपर्छ। मेलम्ची खानेपानी परियोजनाका लागि लिइएको ऋण सोही परियोजनाको आम्दानीबाट तिर्नुपर्छ। यसो हुन सकेन भने ऋणको भारले छोपिँदै जान्छ। अनि तिर्न गाह्रो हुन्छ। अहिले नेपालीले जन्मिँदै ६०-७० हजारको ऋणभार बोक्नुपरेको छ। यसको सदुपयोग हुनुपर्छ। नत्र ऋण तिर्न ऋण नै लिनुपर्ने वेला आउँछ, जुन ठीक होइन।

■ यस वर्ष ऋण सेवामा सवा दुई खर्ब खर्च हुने देखिन्छ



● **भूमिराम शर्मा**, प्रमुख, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

हाम्रो सार्वजनिक ऋण परिचालनको 'स्पेस' कम हुँदै गएको छ। अहिले जिडिपीको ४० प्रतिशत हाराहारी ऋण पुगेको छ। सार्वजनिक ऋणलाई जिडिपीको ५० प्रतिशतभन्दा माथि नपुऱ्याउने सरकारको रणनीति छ। खासगरी भूकम्पपछिको पुनर्निर्माण र कोभिडको व्यवस्थापन तथा त्यसपछिको पुनरुत्थानका कारण पछिल्लो समय ऋण बढ्दै गएको छ, त्यससँगै ऋण सेवामा हुने खर्च स्वाभाविक रूपमा बढेको छ। ब्याजदर, विनिमय दरलगायतले पनि ऋण सेवाको खर्च बढाएको छ। दिगो स्रोत नभएको हाम्रो जस्तो देशले धेरै ऋण थेग्न पनि सक्दैन। गएको वर्ष ऋण सेवामा १२१ अर्ब खर्च भएको थियो। यस आवमा यस्तो खर्च २३० अर्ब पुग्ने देखिन्छ।

'उच्च भन्सारदरले अनधिकृत व्यापार बढ्यो'

काठमाडौं/ नेपाल समुद्रपार निकासी-पैठारी संघले उच्च भन्सारदरका कारण अनधिकृत व्यापार बढेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ। संघको प्रतिनिधिमण्डलले अर्थमन्त्री डा. प्रकाशशरण महतलाई भेटेर अवैध आयातले वैध व्यापारलाई समेत असर पारेको भन्दै त्यसलाई रोक्न आग्रह गरेको हो।

संघका अध्यक्ष विनोदकुमार सेठियाले खुला सिमाना भएको मुलुकमा उच्च भन्सारदरका कारण अवैध आयात बढ्दा कानुनसम्मत कारोबार गर्ने व्यवसायी समस्यामा परेको बताए। यो समस्या निराकरणका लागि भन्सारदरहरू घटाउनुपर्नेमा उनले जोड दिए। उच्च भन्सारदरका कारण हुने मूल्यअन्तरको लाभ लिन तराई भेगमा बसोवास गर्ने सबैजसो



नागरिकले सीमावर्ती भारतीय बजारलाई किनमेल गन्तव्य बनाइरहेकोतर्फ पनि उनले अर्थमन्त्रीको ध्यानाकर्षण गराए।

सरकारले आयातमा प्रतिबन्ध लगाएका वस्तु बजारमा पाइरहेको उदाहरण प्रस्तुत गर्दै अध्यक्ष सेठियाले प्रतिबन्धले अनधिकृत व्यापारलाई बढावा दिन्छ-दिँदैन भन्नेमा पनि विचार गर्नुपर्ने बताए। उनले व्यावसायिक कृषिका लागि अनुकूल वातावरण तयार गर्नुपर्ने र सुशासनका लागि सम्पर्करहित र कागजातरहित सेवा प्रवाहलाई बढावा दिनुपर्नेमा जोड दिए। नेपालमा व्यवसायको लागत उच्च रहेको भन्दै यसको न्यूनीकरणमा समेत जोड दिए।

अध्यक्ष सेठियाले आयकर, मूल्यअभिवृद्धि कर, अन्तःशुल्क र भन्सारका विवाद टुंग्याउन स्थायी कर फर्स्यौट आयोग गठन गर्नुपर्ने माग राखे। उनले करको दायरा विस्तार, उधारोसम्बन्धी ऐन निर्माण र पुराना ऐन-नियमावलीको समयानुकूल संशोधनको आवश्यकतासमेत औंल्याए।

संघका उपाध्यक्ष रतनलाल केडियाले देशमा रहेका चामल उद्योगलाई सहज बनाउन धान र चामलको आयातमा फरक-फरक महसुल लगाउनुपर्ने बताए। भेटका अवसरमा संघले तयार पारेको सुझाव पनि अर्थमन्त्रीलाई हस्तान्तरण गरिएको महासचिव अनिलकुमार अग्रवालले जानकारी दिए। अर्थमन्त्री डा. महतले अर्थतन्त्रको सुधारमा आफू गम्भीर रहेको उल्लेख गर्दै आगामी आर्थिक वर्षको बजेटमार्फत व्यवसायीका धेरै गुनासा सम्बोधन हुने बताए।

२४ वर्षपछि इन्धन भण्डारण क्षमतामा वृद्धि

पोखरामा एक करोड लिटर क्षमताको डिजेल भण्डारणगृह तयार, गण्डकीको महिनाको माग धान्ने

अजित अधिकारी/नयाँ पत्रिका

गण्डकी प्रदेशमा एक महिनाको डिजेल माग धान्ने गरी १० हजार किलोलिटर (एक करोड लिटर) क्षमताको भण्डारणगृह र अन्य आवश्यक पूर्वाधार निर्माण सम्पन्न भएका छन्। ७७ करोड ७७ लाख रुपैयाँ लागतमा पाँच-पाँच हजार किलोलिटर क्षमताको स्टोरेज ट्यांक निर्माण सकिएकाले चाँडै सञ्चालनको गृहकार्य थालिएको आयल निगमले जनाएको छ। निगमको गण्डकी प्रादेशिक कार्यालय, पोखरापरिसरमै डिजेलका दुईवटा स्टोरेज ट्यांकसँगै २४ लाख लिटर पानी अटाउने ट्यांकसमेत निर्माण भएको छ।

आयल निगमका प्रवक्ता इन्जिनियर मनोज ठाकुरका अनुसार डिजेल र पानीको ट्यांक सञ्चालनका लागि आवश्यक सबै परीक्षण सफल भएका छन्। 'हामीले सबै टेस्टिङ सकेका छौं। स्टोरेज ट्यांकहरू सञ्चालनका लागि योग्य अवस्थामा छन्,' सो परियोजनाको प्रमुखसमेत रहेका ठाकुरले भने, 'अब चाँडै एक कार्यक्रम गरी उद्घाटन गर्नेछौं।'

परियोजनाअन्तर्गत दुईवटा स्टोरेज ट्यांकसँगै फायर फाइटिङका लागि आधुनिक प्रविधि जडान गरिएको छ। २४ लाख लिटर क्षमताको ट्यांकीमा राखिएको पानीलाई डिजेलको स्टोरेज ट्यांकको वरिपरि पाइपका माध्यमबाट पठाउने व्यवस्था गरिएको छ। डिपोभित्र कुनै आगजनीको घटना हुनासाथ अटोमेसनमा रहेको सेन्सरले आफैं पानीको फोहोरा डिजेल ट्यांकको वरिपरि फाल्नेछ।

त्यस्तै, दुईवटा लोडिङ र दुईवटा अनलोडिङ टिएलएफ सेड (ट्यांकरमा तेल भर्ने र ट्यांकरको तेल खसाल्ने ठाउँ) बनाइएको छ। स्टोरेज ट्यांकको डिजेल ट्यांकरमा पठाउन जर्मन प्रविधिका आधुनिक पाइपहरू जडान गरिएको छ। पाइप र पम्प स्टेसनलाई एपिआई-६५० र एनएसपिए-३० मापदण्डअनुसार तयार गरिएको प्रवक्ता ठाकुरले जानकारी दिए। स्टोरेज ट्यांकको डिजेल प्रतिघन्टा ६ वटा ट्यांकरमा भर्न सकिने गरी पाइपिङ प्रणालीले काम गर्ने निगमले जनाएको छ।



■ दुई दशकपछि इन्धन भण्डारणगृह विस्तार

आयल निगमले ०५६ यता पहिलोपटक इन्धन भण्डारणगृह विस्तार गरेको हो। ०५६ मा देशभर ७२ हजार किलोलिटर इन्धन भण्डारणगृह निर्माण भएपछि निगमले थप पूर्वाधार जोडेको थिएन। ०७२ मा भारतले नाकाबन्दी गर्दा देशभर इन्धनको अभाव भएपछि सरकारले नै ९० दिनलाई पुग्ने पेट्रोलियम पदार्थको भण्डारणगृह निर्माणलाई प्राथमिकतामा राख्दै आएको छ। सरकारकै योजनाअनुसार निगमले गण्डकीमा १० हजार किलोलिटर डिजेलको भण्डारणगृह थपेको हो। यो पूर्वाधार तयार भएपछि निगमको मधेस प्रादेशिक कार्यालय, अमलेखगन्जपछि पोखरा देशकै दोस्रो ठूलो इन्धन भण्डारण गर्ने डिपोसमेत बनेको छ। अमलेखगन्जमा भने २४ हजार ३० किलोलिटर क्षमताको भण्डारणगृह छ।

यो परियोजना २७ कात्तिक ०७७ मा तत्कालीन कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलका पालामा शिलान्यास भएको थियो। सुरुका दिनमा प्रदेश सरकारको अगुवाइमा दुई अर्बको जग्गा किनेर पेट्रोलियम भण्डारणगृह बनाउने योजना बनाइएको थियो। तर, यस्तो योजनालाई पन्छाउँदै निगम व्यवस्थापनले पोखरास्थित डिपोपरिसरमै प्रयोगविहीन रहेको ७७ रोपनी क्षेत्रफलमा भण्डारणगृह निर्माणलाई अघि बढाएर अहिले पूर्णता दिइएको हो।

एक महिनाको माग धान्ने

गण्डकी प्रदेशमातहतका गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, बाग्लुङ, म्याग्दी, पर्वत र नवलपरासीका एक सय सात पेट्रोलपम्पलाई निगमको पोखरास्थित डिपोबाट पेट्रोल र डिजेल वितरण हुन्छ। यी जिल्लामा दैनिक औसतमा पेट्रोल एक सय २० किलोलिटर र डिजेल दुई सय ८० किलोलिटर खपत हुने गरेको छ।

यो माग परिमाणअनुसार हाल निर्माण सम्पन्न भएको १० हजार किलोलिटरको ट्यांकले गण्डकी प्रदेशको एक महिनाको मागलाई धान्ने देखिन्छ। हाल पेट्रोलको भण्डारणगृह भने न्यून (तीन सय ५० किलोलिटर) छ। त्यस्तै, दुई हजार दुई सय ८० किलोलिटर क्षमताको हाल सञ्चालित डिजेलको पुरानो भण्डारणगृह छ। डिजेलको नयाँ स्टोरेज ट्यांक सञ्चालनमा ल्याएपछि पुरानो भण्डारणगृहलाई पेट्रोल राख्न मिल्ने गरी 'कन्भर्सन' गर्ने निगमको योजना छ।

यो काम गरेर रूपान्तरण भएपछि पेट्रोलका लागि दुई हजार ६ सय ३० किलोलिटरको भण्डारणगृह तयार हुनेछ। यसले २१ दिनको माग धान्न पुग्नेछ। 'डिजेलको नयाँ स्टोरेज ट्यांक सञ्चालनमा आएपछि गण्डकी प्रदेशमा एक महिनालाई पुग्ने पेट्रोल र डिजेलको भण्डारण हुनेछ,' प्रवक्ता ठाकुरले भने, 'हडताल, बन्द वा अन्य कुनै कारणले पनि गण्डकीमा इन्धन आपूर्तिमा आउँदा दिनमा खासै समस्या हुनेछैन।'

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रिय कार्यालय
चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४४३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np,
Web site: www.gurkhasfinance.com.np

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०।०१।१७ नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिनु भएको कर्जा रकम संस्थासंग कर्जा लिँदा गर्नु भएको शर्त कबुलियत बमोजिम चुक्ता भुक्तानी नगरी शर्तहरू उल्लंघन गर्नु भएकोले बक्यौता रकम भुक्तानीका लागि संस्थाबाट पटक-पटक मौखिक, बिभिन्न मितिमा लिखित पत्र मार्फत कर्जा चुक्ता/भुक्तान गर्न तर-ताकेता गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरूले सोको पूर्ण बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरी बस्नु भएकोले तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र कर्जाको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जाना ब्याज लगायतका अन्य दै दस्तुर समेत चुक्ता/भुक्तान गर्न/गराउनको लागि सम्बन्धित ऋणी, जमानतकर्ताहरूलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ताहरू लगायत सम्बद्ध सबैलाई ने.रा. बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई जारी एकीकृत निर्देशन बमोजीम कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिने व्यहोरा जानकारी गराउदै कर्जा सुरक्षण वापत यस संस्थालाई धितो बन्धक लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ र अन्य प्रचलित ऐन, कानुन बमोजिम लिलाम बिक्रीकोलागि आवश्यक प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ। कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति वित्तीय संस्था आफैले सकार गरि लिन वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्नेछ। उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजीम बाँकी लेना रकम असुल उपर गर्नकालागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा अन्य आवश्यक कानूनी कारवाही समेत अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धन/जमानीकर्ताको विवरण
१.	**शाखा कार्यालय: बीरगंज, पर्सा (कर्जा शीर्षक : व्यक्तिगत)** **नाम: रमेश प्रसाद कुर्मी** बाबु: रामजी राउत कुर्मी बाजे: श्याम बहादुर राउत ठेगाना: बारा जिल्ला बहुअरी गा.वि.स वडा नं. ४ (ना.प्र.नं. १२९०/०७०५ जारी मिति: २०४५/०२/१४ जि.प्र.का. बारा)	(१) **नाम: धिरज कुमार पटेल** बाबु : रमेश प्रसाद कुर्मी बाजे: रामजी राउत कुर्मी ठेगाना : बारा जिल्ला बहुअरी गा.वि.स वडा नं. ४ (ना.प्र.नं. ३३१०८९/३४२०८ जारी मिति: २०७०/०१/०३ जि.प्र.का. बारा)
	(२) **नाम: निरज प्रसाद पटेल** बाबु : रमेश प्रसाद कुर्मी बाजे: रामजी राउत कुर्मी ठेगाना : बारा जिल्ला बहुअरी गा.वि.स वडा नं. ४ (ना.प्र.नं. ३३-०१-७३-०२८०५ जारी मिति: २०७३/०३/०७ जि.प्र.का. बारा)	**धितोको विवरण** (१) **रमेश प्रसाद कुर्मी**को नाममा भूमि व्यवस्थापन तथा अभिलेख विभाग मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला बहुअरी गा.वि.स. वडा नं. ७, नक्सा सीट ७ स्थित कि.नं. ३०४ को जग्गा क्षेत्रफल ०-४-१४-४ (विगाह-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत।
२.	**शाखा कार्यालय : वितांमोड, झापा (कर्जा शीर्षक : व्यक्तिगत)** **नाम: बुद्ध सिंह तामाङ (लामा)** बाबु: मान बहादुर तामाङ बाजे: बम बहादुर तामाङ ठेगाना: झापा जिल्ला वाहुण्डांगी गा.वि.स. वडा नं. ४ हाल, झापा जिल्ला मेचीनगर नगरपालिका वडा नं. २ (ना.प्र.नं.:०४३००१/३७० जारी मिति: २०६३/१०/२६ जि.प्र.का. झापा)	(१) **नाम: यामलक्ष्मी राई** बाबु: चन्द्र बहादुर राई बाजे: बिर बहादुर राई ठेगाना: झापा जिल्ला वाहुण्डांगी गा.वि.स. वडा नं. ३ हाल, झापा जिल्ला मेचीनगर नगरपालिका वडा नं. २ (ना.प्र.नं.: ०४१००१/१०९७ जारी मिति : २०६६/१०/१४ जि.प्र.का. झापा)
		धितोको विवरण (१) **बुद्ध सिंह तामाङ (लामा)** को नाममा भूमि व्यवस्थापन तथा अभिलेख विभाग मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको, झापा जिल्ला बाहुनडांगी गा.वि.स. वडा नं. ४ नक्सा सीट नं. ४ङ स्थित कि.नं. ४४७७ को जग्गा क्षेत्रफल ०-४-५-० (विगाह-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत।
३.	**शाखा कार्यालय : वितांमोड, झापा (कर्जा शीर्षक: व्यक्तिगत)** **नाम: जसोदा लिम्बु** बाबु: डिल्ली प्रसाद लिम्बु बाजे: बम बहादुर लिम्बु ठेगाना: झापा जिल्ला महेशपुर गा.वि.स वडा नं. ३ हाल: झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ८ (ना.प्र.नं. ५७८१३०३६ जारी मिति : २०४४/११/२८ जि.प्र.का. झापा)	(१) **नाम : धन बहादुर लिम्बु** बाबु: मंगल सिं लिम्बु बाजे: बोम हाङ्ग लिम्बु ठेगाना: झापा जिल्ला पृथवीनगर गा.वि.स वडा नं. ५ हाल: झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ८ (ना.प्र.नं. ९९०१, ६२६५ जारी मिति २०४२/०९/०२ जि.प्र.का. झापा)
	(२) **नाम: योगेश लिम्बु** बाबु: धन बहादुर लिम्बु बाजे: मगंल सिं लिम्बु ठेगाना: झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. २ हाल, झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ८ (ना.प्र.नं. ०४-०१-७४-१२७३५ जारी मिति २०७४/१०/०५ जि.प्र.का.झापा)	**धितोको विवरण** (१) **जसोदा लिम्बु**को नाममा भूमि व्यवस्थापन तथा अभिलेख विभाग मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको, झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. १५ नक्सा सीट नं. १८००३६७०९ स्थित कि.नं. ४३ को जग्गा क्षेत्रफल १६९.३० (वर्ग मीटर) जग्गा (घर-जग्गा) लिगलगापात समेत।
४.	**शाखा कार्यालय : वितांमोड, झापा (कर्जा शीर्षक: व्यक्तिगत)** **नाम: नरदेवी तामाङ** बाबु: कर्ण बहादुर तामाङ बाजः भिम बहादुर तामाङ ठेगाना: झापा जिल्ला अर्जुनधारा नगरपालिका वडा नं. ११ (ना.प्र.नं. ८२३१२६७४ जारी मिति : २०५४/०७/०४ जि.प्र.का. झापा)	(१) **नाम: बिर बहादुर तामाङ** बाबु: दल बहादुर तामाङ बाजे: लाल ध्वाज तामाङ ठेगाना: झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ६ हाल, झापा जिल्ला अर्जुनधारा नगरपालिका वडा नं. ११ (ना.प्र.नं.: २३११५७८४ जारी मिति : २०४०/०९/२५ जि.प्र.का. झापा)
		धितोको विवरण (१) **नरदेवी तामाङ**को नाममा भूमि व्यवस्थापन तथा अभिलेख विभाग मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको, झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं.६ नक्सा सीट नं. ६ स्थित कि.नं. ३८६६ को जग्गा क्षेत्रफल ०-१-०-० (विगाह-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत।

एनएमबि लघुवित्तको १० प्रतिशत बोनस सेयर पारित



पोखरा/ एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको १०औँ वार्षिक साधारणसभाले सेयरधनीलाई १० प्रतिशत बोनस सेयर दिने प्रस्ताव पारित गरेको छ। पोखरामा सम्पन्न साधारणसभामा अध्यक्ष सञ्जीव सुब्बाले पेस गरेको आव ०७८/७९ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गरिएको थियो। सभामा सञ्चालक समितिबाट प्रस्ताव भएबमोजिम हाल कायम चुक्ता पुँजी ६५ करोड ५८ लाख ६२ हजारको १० प्रतिशतले हुन आउने रकम ६ करोड ५५ लाख ८६ हजारबराबरको बोनस सेयर जारी गर्ने प्रस्ताव पारित गरिएको हो।

बुद्धले थप्यो १५औँ एटिआर-७२ जहाज

धनगढी, सुर्खेत तथा अन्तरप्रदेशीय उडान बढाउने योजना

नयाँ पत्रिका
काठमाडौं, १६ वैशाख



बुद्ध एयरले १५औँ एटिआर-७२ जहाज भित्र्याएको छ। नयाँ जहाजको आवश्यक कागजी प्रक्रिया पुऱ्याई एक महिनाभित्र उडान सेवा दिने कम्पनीले प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

ठूला जहाजबाट उडान गर्दा सञ्चालन खर्च कम हुने र हवाई भाडादर पनि स्वतः सस्तो र सहज हुने कारण बुद्ध एयरले ७२ सिटे जहाज ल्याएको हो। यससँगै बुद्ध एयरको जहाज संख्या १५ पुगेको छ। जसअनुसार १२ वटा एटिआर-७२, तीनवटा एटिआर-४२ रहेका छन्। यसअघि बुद्ध एयरसँग रहेका दुईवटा बिचएयरक्राफ्ट क्यानडाका कम्पनीलाई बेचेको थियो। बुद्ध एयरका बजार निर्देशक रूपेश जोशीले जुन १५ मा थप अर्को नयाँ जहाज आउने बताए। धनगढी तथा सुर्खेतमा दैनिक दुई-दुई उडान गरिरहेको बुद्धले अब थप एक उडान गर्ने योजना बनाएको छ। बुद्ध एयरले पोखराबाट नेपालगन्ज, भैरहवा र भरतपुरको सीधा उडान भइरहेको छ। अबको केही समयपछि भद्रपुर र विराटनगरबाट 'प्राइम टाइम'मा पोखराको उडान गर्ने योजना रहेको बुद्ध एयरले विज्ञप्तिमा उल्लेख गरेको छ।

फूलैफूलले ढाक्यो बन्दीपुर



तनहुँमा **उपेन्द्र खनाल**

तनहुँको पर्यटकीय नगरी बन्दीपुर यतिखेर फूलैफूलले ढाकिएको छ। बन्दीपुर बजारका घरका छतमा रंगीबिरंगी फूलहरू फुलेका छन्। कलात्मक घरले सुन्दरता बढाएको बन्दीपुरका हरेक घरमा फुलाइएका विभिन्न जातका फूलले पर्यटकलाई थप मोहित गरेको छ।

बन्दीपुरका ७० भन्दा होटेलहरूमा दैनिक पाँच-सात सयको संख्यामा पर्यटक आउने गरेको बन्दीपुर पर्यटन विकास समितिका पूर्वअध्यक्ष बैस गुरुङले बताए। 'केही दिनदेखि अत्यधिक गर्मी बढेसँगै पर्यटकहरू रिफ्रेस हुन बन्दीपुर आउन थालेका छन्। यहाँको मौसम गर्मीमा चिसो हावा चल्ने र जाडोमा तापक्रम बढ्ने भएकाले पनि यो ठाउँ पर्यटकको रोजाइमा पर्ने गर्छ। अहिले बजार क्षेत्रमा फूलहरू फुलेका छन्। त्यसले पनि पर्यटकलाई आकर्षित गरेको छ,' उनले भने। बन्दीपुरमा चाइनिज पर्यटक धेरै आउने गर्छन्। त्यस्तै भारत, अमेरिका, अस्टेलिया, न्युजिल्यान्ड, जर्मनलगायतका देशबाट पनि आउने गरेका छन्।

यहाँ कलात्मक घरले मात्र नभई बजार क्षेत्रमा बिछ्याइएको ढुंगाले पनि पर्यटकको मन खिच्ने गर्छ। त्यस्तै, बजार क्षेत्रमा राखिएको मेटालिक पोलले पनि बन्दीपुरको सुन्दरतामा थप सुन्दरता बढाएको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताए। बन्दीपुरबाट माछापुच्छ्रे, अन्नपूर्णसहित एघारवटा हिमालहरू नजिकैबाट नियाल्न सकिनेछ। बन्दीपुरमा बिदाको दिनमा आन्तरिक पर्यटकको भिड बढ्ने गरेको छ।

नेसनल माइक्रो फाइनान्सको नाफा ३३ करोड ५० लाख

धादिङ/ नेसनल माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्थाले ३३ करोड ५० लाख नाफा गरेको छ। यो अघिल्लो आर्थिक वर्षभन्दा करिब दुई करोडले बढी हो। संस्थाको नवौँ साधारणसभाले सेयरधनीलाई १५ प्रतिशतले हुन आउने आठ करोड ८० लाखबरारबरको बोनस सेयर दिने प्रस्ताव पारित गरेको संस्थाका अध्यक्ष केशवप्रसाद आचार्यले बताए। उनले भने, 'हामीले १५ प्रतिशत लाभांश दिने पारित गरेका छौं। संस्थाको चुक्ता पुँजी ६७ करोड ४६ लाख ७६ हजार दुई सय १९ रुपैयाँ पुऱ्याउने प्रस्ताव पारित भएको छ।'

धादिङको नीलकण्ठ नगरपालिकामा ०७१ असार १८ गतेबाट सञ्चालनमा आएको संस्थाले ६४ जिल्लाका एक सय एक शाखाबाट सेवा प्रवाह गरिरहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत रामबहादुर यादवले बताए। संस्थाले करिब एक लाख ५० हजार विपन्न परिवारलाई सेवा पुऱ्याउँदै आएको छ। उनले भने, '७९ हजारभन्दा बढी सदस्यलाई विभिन्न परियोजना सञ्चालन गर्न ११ अर्ब ४२ करोड कर्जा लगानी गरिरहेको छ। त्यस्तै, कुल बचत तीन अर्ब २४ करोड संकलन गरेको छ।'

लुम्बिनी दर्शनार्थीलाई लक्ष्मी केयर्सको विद्युतीय सवारीसाधन



काठमाडौं/ लक्ष्मी बैंकका कर्मचारीद्वारा स्थापित संस्था लक्ष्मी केयर्सले लुम्बिनी सम्पदा क्षेत्रपरिसरमा प्रयोगका लागि दुई थान विद्युतीय सवारी प्रदान गरेको छ। सो सवारीसाधन ज्येष्ठ नागरिक, फरक ढंगले अक्षमलगायतका पर्यटकलाई लुम्बिनी सम्पदा क्षेत्र परिसरभित्र निःशुल्क यात्राका लागि प्रयोग हुनेछ। आउँदो बुद्धजयन्तीका अवसरमा लुम्बिनी भ्रमणमा आउने धर्मावलम्बीहरूको सुविधालाई ध्यानमा राख्दै सो विद्युतीय सवारीहरू प्रदान गरिएको हो। लुम्बिनीमा आयोजित एक कार्यक्रमबीच लक्ष्मी केयर्सका अध्यक्ष अनुप श्रेष्ठ र पूर्वअध्यक्ष तथा सल्लाहकार शिशु जोशीले संयुक्त रूपमा लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु मैत्रेय शाक्यपुत्तलाई हस्तान्तरण गरेका छन्।

लक्ष्मी केयर्सले गत ०७९ चैत १८ गते काठमाडौंमा आयोजना गरेको अरेन्ज भाइब्स, २०२३ सांगीतिक कार्यक्रममा संकलित रकमबाट उपर्युक्त विद्युतीय सवारीहरू सहयोग प्रदान गरेको हो।

सानिमा बैंकद्वारा १० लाख दुर्घटना बिमा रकम हस्तान्तरण



काठमाडौं/ सानिमा बैंकले सानिमा दीर्घायु बचत योजनाअन्तर्गत १० लाखको दुर्घटना बिमा रकम भुक्तानी गरेको छ। बैंकका खातावाला उदयकुमार साहको दुर्घटना भई मृत्यु भएकाले उनकी श्रीमती आशा कुमारीलाई १० लाखको दुर्घटना बिमा रकम भुक्तानी गरिएको हो। बैंकका मधेस प्रदेश प्रमुख दीपेशसिंह ठकुरीले बिमाप्रदायक कम्पनी सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको संयोजनमा चेक हस्तान्तरण गरेका छन्। स्वर्गीय उदयकुमार साहले सानिमा बैंकको पटेर्वा सुगौली शाखामा उक्त योजनाअन्तर्गत बचत खाता खोलेका थिए। बैंकले दीर्घायु बचत योजनाअन्तर्गत १० लाखको दुर्घटना बिमा, तीन लाखसम्मको ६ जटिल रोगको उपचार बिमा, १० हजारसम्मको ओपिडी भुक्तानी शुल्कसहितको ५० हजारसम्मको औषधि उपचार बिमा, २५ हजारको आवधिक जीवन बिमा र पाँच हजारको वार्षिक स्वास्थ्य परीक्षण सुविधा प्रदान गर्दै आइरहेको छ।

पोल्ट्री व्यवसायीले खोले 'नेपाल एग ट्रेडिङ'



काठमाडौं/ पोल्ट्री व्यवसायीहरूको संगठनले नेपाल एग ट्रेडिङ प्रालि सञ्चालनमा ल्याएका छन्। व्यवसायीहरूले बिहीबार एक कार्यक्रम गर्दै विभिन्न ठाउँमा छरिएका पोल्ट्री किसानहरूको समस्या समाधान गर्ने थलोका रूपमा एग ट्रेडिङ सञ्चालनमा ल्याइएको हो।

पछिल्लो समय लेयर्स कुखुरापालन संकटमा परेर अर्बौं लगानी डुब्ने अवस्था आएको, अन्डामा राज्यलाई आत्मनिर्भर बनाउन तथा व्यवसायीलाई थप मर्यादित बनाउन ट्रेडिङ सञ्चालनमा ल्याइएको नेपाल एग ट्रेडिङका अध्यक्ष शोभाकान्त ढकालले जानकारी दिए। उनले भने, 'कोरोना भाइरस र आर्थिक मन्दीले पोल्ट्री व्यवसाय निकै संकटमा परेको, उत्पादन घटेको अवस्थामा पुनः पहिलेकै अवस्थामा फर्काउन प्रयत्न रहनेछ।' पछिल्लो समय दैनिक अन्डा उत्पादन ५५ लाखबाट ३५ लाखमा झरेको व्यवसायीको भनाइ छ। व्यवसायीहरूका अनुसार यस क्षेत्रमा एक अर्ब ६० रुपैयाँको लगानी छ। पाँच लाखजना प्रत्यक्ष-अप्रत्यक्ष रोजगारमा आबद्ध रहेका छन्।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०१/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

कमलादी शाखा, काठमाडौं

ऋणीको विवरण

१. कृष्ण लाल महर्जन
कर्जा शिर्षक : आवधिक कर्जा, अल्पकालिन तथा फोर्स कर्जा
२. किरण लाल महर्जन
कर्जा शिर्षक : आवधिक कर्जा, अल्पकालिन तथा फोर्स कर्जा
३. माद्रि डंगोल
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा फोर्स कर्जा
४. पुष्पा महर्जन
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा फोर्स कर्जा
५. स्निग्धा महर्जन
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

नकली महर्जन
ना.प्र.नं. २४४२/०४०/४१
जारी मिति २०४०/११/२१, जि.प्र.का. ललितपुर
बाबुको नाम : पुर्ण लाल महर्जन
पतिको नाम : कर्म लाल महर्जन
ससुराको नाम : बुद्धि लाल महर्जन
स्थायी ठेगाना : ललितपुर - ७, ललितपुर

पुष्पा महर्जन
ना.प्र.नं. ४३४९४
जारी मिति २०६३/०२/२९, जि.प्र.का. ललितपुर
बाबुको नाम : इन्द्र विक्रम सिंह सुवाल
पतिको नाम : कृष्ण लाल महर्जन
ससुराको नाम : कर्म लाल महर्जन
स्थायी ठेगाना : ललितपुर - ७, ललितपुर

स्निग्धा महर्जन
ना.प्र.नं. २८-०१-७५-०४६६५
जारी मिति २०७५/१०/१०, जि.प्र.का. ललितपुर
बाबुको नाम : कृष्ण लाल महर्जन
बाजेको नाम : कर्म लाल महर्जन
स्थायी ठेगाना : ललितपुर म.न.पा. वडा नं. ७, ललितपुर

काजी लाल महर्जन
ना.प्र.नं. २८७/०३०/३१
जारी मिति २०३०/०७/०१, जि.प्र.का. ललितपुर
बाबुको नाम : बुद्धि लाल महर्जन
बाजेको नाम : आशा लाल महर्जन
स्थायी ठेगाना : ललितपुर - ७, ललितपुर

माद्रि डंगोल
ना.प्र.नं. ३४८
जारी मिति २०५७/०४/०५, जि.प्र.का. काठमाडौं
बाबुको नाम : बद्रिमान सी डंगोल
पतिको नाम : किरण लाल महर्जन
ससुराको नाम : कर्म लाल महर्जन
स्थायी ठेगाना : काठमाडौं - ३०, काठमाडौं

किरण लाल महर्जन
ना.प्र.नं. ६०६३२
जारी मिति २०४४/१२/०४, जि.प्र.का. ललितपुर
बाबुको नाम : कर्म लाल महर्जन
बाजेको नाम : बुद्धि लाल महर्जन
स्थायी ठेगाना : ललितपुर - ७, ललितपुर

कृष्ण लाल महर्जन
ना.प्र.नं. ३/५५६ जारी मिति २०४४/११/२५, जि.प्र.का. ललितपुर
बाबुको नाम : कर्म लाल महर्जन
बाजेको नाम : बुद्धि लाल महर्जन
स्थायी ठेगाना : ललितपुर - ७, ललितपुर

सुन्दरबजार शाखा, लमजुङ

ऋणीको विवरण

भक्त बहादुर के.सी.
ना.प्र.नं. ७३८३
जारी मिति २०४६/०२/०९, जि.प्र.का. लमजुङ
बाबुको नाम : बम बहादुर के.सी.
बाजेको नाम : तिलक बहादुर
स्थायी ठेगाना : तार्कु - ४, लमजुङ
हालको ठेगाना : सुन्दरबजार न.पा. वडा नं. ६, लमजुङ
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

मान कुमारी गौतम
ना.प्र.नं. १९५९
जारी मिति २०४६/०२/०३, जि.प्र.का. रुपन्देही
बाबुको नाम : रगुराम गौतम
पतिको नाम : भक्त बहादुर के.सी.
ससुराको नाम : बम बहादुर के.सी.
स्थायी ठेगाना : मकहर - ६, रुपन्देही
हालको ठेगाना : सुन्दरबजार न.पा. वडा नं. ६, लमजुङ

विराटनगर शाखा, मोरङ

ऋणीको विवरण

१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५२१२९/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/२१ मा दर्ता कायम भएको **देवमोना ट्रेडर्स प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : विराटनगर म.न.पा.
वडा नं. १८, मोरङ
स्थायी लेखा नं. ६०९८९८९३६, मिति २०७७/११/०६
संचालक तथा अध्यक्ष : मोना देवी साह
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा आवधिक कर्जा
२) संजय कुमार शाह
कर्जा शिर्षक : आवधिक कर्जा

३) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर, मोरङमा प्रा.फ.र.नं. ३१९०३/०७५/७६ अन्तर्गत मिति २०७५/१०/०८ मा दर्ता कायम भएको
संजय किराना पसल
फर्म दर्ता ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ
स्थायी लेखा नं. १०८५४९८२१, मिति २०७५/१०/१०
प्रोप्राईटर : संजय कुमार शाह
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

संजय कुमार शाह
ना.प्र.नं. ३९८८९ जारी मिति २०५५/१०/१९, जि.प्र.का. मोरङ
बाबुको नाम : देव नारायण साह
बाजेको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

ओम प्रकाश कुमार साह
ना.प्र.नं. ८०६०८
जारी मिति २०६३/०७/१५ जि.प्र.का. मोरङ
बाबुको नाम : स्व. देव नारायण साह
बाजेको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

मोना देवी साह
ना.प्र.न. २८/०४६/४७
जारी मिति २०४६/०९/११, जि.प्र.का. मोरङ
बाबुको नाम : पदम लाल साह
पतिको नाम : देव नारायण साह
ससुराको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

जय प्रकाश कुमार साह
ना.प्र.नं. ८०६०९
जारी मिति २०६३/०७/१५, जि.प्र.का. मोरङ
बाबुको नाम : स्व. देव नारायण साह
बाजेको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

जितेश कुमार साह
ना.प्र.नं. ०५१०६६/२९६१
जारी मिति २०६७/०५/३०, जि.प्र.का. मोरङ
बाबुको नाम : स्व. देव नारायण साह
बाजेको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

नबिल बैंक लिमिटेड, घण्टाघर शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०१/१७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा, मिति २०७४/०६/३० मा प्रा.फ.र.नं ५८०, अन्तर्गत दर्ता भएको **श्री युनिक म:म: हाउस।**
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २९,न्यूप्लाजा, काठमाडौं।

ऋणी फर्मका प्रोप्राइटरः

रेम बहादुर थापा मगरकी छोरी रघुवर सिंह क्षेत्रीकी बुहारी, अनिल कुमार सिंहकी श्रीमती रौतहट जिल्ला गौर न.पा वडा नं ०८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २९ बस्ने नागरिकता नं.३२३२०८, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रौतहट, मिति : बि.सं. २०५७/१२/०९) भएकी **श्रीमती दिल माया सिंह।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. सूर्य बहादुर सिंहको नाति रघुवर सिंह क्षेत्रीको छोरा रौतहट जिल्ला गौर न.पा वडा नं ०९ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २९ बस्ने नागरिकता नं. २५६, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रौतहट, मिति : बि.सं. २०४३/०४/२७) भएको **श्री अनिल कुमार सिंह।**
२. रघुवर सिंह क्षेत्रीकी नातीनी अनिल कुमार सिंहकी छोरी, रौतहट जिल्ला गौर न.पा वडा नं ०५ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २९ बस्ने नागरिकता नं. ३२-०१-७७-०३९४५, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रौतहट, मिति : बि.सं. २०७७/०८/१८) भएकी **श्री रेजीना सिंह।**
३. रघुवर सिंह क्षेत्रीको नाति अनिल कुमार सिंहको छोरा रौतहट जिल्ला गौर न.पा वडा नं ०८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २९ बस्ने नागरिकता नं. ३२-०१-७१-०६३८२, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रौतहट, मिति : बि.सं. २०७१/१०/२२) भएको **श्री रेगन कुमार सिंह।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

युएईलाई...

पृष्ठ १ बाट क्रमशः

युएईलाई पराजित गरे नेपालले एसिया कप खेल्नेछ । एसिसी प्रिमियर कप विजेताले एसिया कपको समूह 'ए'का भारत र पाकिस्तानविरुद्ध खेल्नेछ । नेपालले हालसम्म एसिया कपमा स्थान बनाएको छैन ।

युएई बलियो प्रतिद्वन्द्वी हो, तर दबाब नलिई खेल्ने नेपाली टोलीको रणनीति हुनेछ । नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले फाइनल जित्ने अवसर आएको बताए । उनले युएईविरुद्धको खेलमा दबाब नलिने रणनीति अपनाइने बताए । 'फाइनल जित्ने अवसर आएको छ । अब, भारत र पाकिस्तानसँग खेल्नु छ । त्यसैले फाइनललाई महत्त्व दिनुपर्छ,' उनले भने, 'दुवै टोलीलाई फाइनल उत्तिकै महत्त्वपूर्ण छ । दबाबलाई सहज रूपमा लिने टोलीले जित निकाल्न सक्छ । हाम्रो ध्यान दबाब नलिनेमै हुनेछ ।'

कुशल भुर्तेलले कुवेतविरुद्धको खेलमा रणनीतिअनुसार सफल भएको र फाइनल दबाब नलिई खेलिने बताए । 'नेपाली टोली सकारात्मक भावनाअनुसार अगाडि बढिरहेको छ । ओपनिङमा कुवेतविरुद्ध राम्रो गर्न सकैं । आजको खेलमा रणनीति सफल भयो,' उनले भने, 'युएई बलियो प्रतिद्वन्द्वी हो । हामीले फाइनलमा दबाब लिनुहुन्न ।'

'नो रिजल्ट'सँगै नेपाल फाइनलमा

त्रिवि मैदानमा नेपाल र कुवेतबीचको सेमिफाइनल खेल वर्षाले प्रभावित पारेको थियो । कुवेतले लक्ष्य पछ्याएको इनिङ्सको ८.३ ओभरपछि भारी वर्षाका कारण खेल असम्भव भएपछि अम्पायरद्वय सिजु साम र विनोद बाबुले 'नो रिजल्ट'को निर्णय सुनाउँदै नेपाललाई विजयी गराए । यसका लागि समूह चरणको अंकको मूल्यांकन भएको थियो । नेपालले समूह 'ए'को विजेता र कुवेतले समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनलमा स्थान बनाएका थिए । समूह विजेता र सर्वाधिक अंक जोडेका आधारमा नेपाल फाइनलमा पुगेको हो ।

यसअघि अम्पायर एसियन क्रिकेट परिषद् (एसिसी)को नियमका आधारमा डिएसएल पद्धति लागू गर्ने तयारीमा थिए । कुवेतले ८.३ ओभर मात्र ब्याटिङ गऱ्यो । दोस्रो इनिङ्सको खेल २० ओभर पूरा नहुँदा डिएसएल निमय लागू नभएको हो । साढे ४ बजेसम्म वर्षा रोकिएको भए खेल सुपर ओभरमा जान सक्थ्यो । वर्षा नरोकिएपछि अम्पायरद्वयले 'नो रिजल्ट'का आधारमा नेपाललाई विजयी घोषणा गरे । समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्ने टोली फाइनल पुगेको हो । समूह 'ए'मा नेपालले ४ खेलबाट ७ अंक जोड्यो । नेपालले तीन जित र एक खेलमा अनिर्णीत नतिजा निकालेको थियो । कुवेतले समूह बीमा ६ अंक जोडेको थियो । यसअघि खेल ४२ ओभरमा झारिएको थियो ।



करणको उत्कृष्ट बलिङ

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को मान्यता नपाएको खेलमा नेपालका फास्ट बलर करण केसीले उत्कृष्ट प्रदर्शन गरे । कुवेतले दुई सय ८१ रनको लक्ष्य पछ्याएको थियो । करणले ४.३ ओभर बलिङ गर्दै पाँच विकेट लिए । करणले एक मेडन राख्दै १० रन खर्चिए । दुई ओभर बलिङ गरेका सोमपाल कामीले १५ रन खर्चिएर एक विकेट लिए । करणले इनिङ्सको छैटौं बलमा कुवेतका ओपनर अदनान इद्रिसलाई आउट गरे । वर्षाले खेल रोकिनुअघि कुवेत ८.३ ओभरमा ३७-६ को स्थितिमा थियो ।

कप्तान शतक बनाउन चुके

पहिलो ब्याटिङ गरेको नेपालले ४२ ओभरमा नौ विकेट गुमाएर दुई सय ८१ रन बनाएको थियो । नेपालका लागि कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ९४ रनको योगदान दिए । रोहितले बायाँहाते ब्याट्सम्यान कुशल मल्लसँग चौथो विकेटका लागि एक सय नौ रनको शतकीय साझेदारी गरे । यी दुईबीचको साझेदारीअघि नेपाल ८०-३ को अवस्थामा थियो ।

इनिङ्सको २३.२ ओभरमा वर्षा भएपछि खेल ४२ ओभरमा झारिएको थियो । रोहितले ९५ बलमा सात चौका र तीन छक्का प्रहार गरे । कुशलले ४४ बलमा चार चौका र चार छक्कासहित ५७ रनको योगदान गरे । उनले इनिङ्सको २७.६ ओभरमा छक्का प्रहार गर्दै अर्धशतक बनाए । ओपनर कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि ७७ रनको साझेदारी गरे । कुशलले सात चौका र एक छक्कासहित ४३ रन बनाए । आसिफले तीन छक्का र एक चौकासहित ३१ रन बनाए ।

फाइनलमा युएईसँगको प्रतिस्पर्धामा नेपालका सबल पक्ष के छन् ?

हेड टु हेडमा बलियो नेपाल : पछिल्ला पाँच खेलमा नेपाल बलियो देखिन्छ । नेपालले पाँचमध्ये चार एकदिवसीय खेलमा युएईलाई हराएको छ । दुई महिनाभित्र नेपाल र युएईबीच चारवटा एकदिवसीय खेल भइसकेका छन् । १६ मार्चमा कीर्तिपुरमा नेपालले आइसिसी विश्वकप लिग २ मा डिएसएल पद्धतिमा युएईलाई ९ रनले हराएको थियो । १४ मार्चमा नेपाल एक सय ७७ रनको विशाल अन्तरले विजयी भयो । ६ मार्चमै नेपालले युएईलाई ४२ रनले हरायो । आइसिसी विश्वकप लिग २ मा युएईले नेपालमाथि २ मार्चमा ६८ रनको जित निकाल्यो । १८ नोभेम्बर २०२२ को भेटमा नेपाल ६ विकेटले विजयी रह्यो ।

खेलाडीको आत्मविश्वास : भारतीय नागरिक मोन्टी देसाई प्रशिक्षक बनेपछि नेपालले अन्तर्राष्ट्रिय क्रिकेटमा सानदार प्रदर्शन गर्दै आएको छ । खेलाडीमा आत्मविश्वास छाएको छ । नेपाली खेलाडीले बलिङ र ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । आइसिसी विश्वकप लिग २ का पछिल्ला १२ मध्ये ११ खेलमा नेपाल विजयी रह्यो । एसिसी प्रिमियर कपको एक अभ्याससहित नेपाल लगातार ६ खेलमा अपराजित छ । प्रशिक्षक देसाईको 'ह्याप्पी ड्रेसिङ' रुमले नेपाली टोली सन्तुलित देखिन्छ ।

पिच : त्रिवि क्रिकेट मैदानका कुनै पनि पिचमा नेपाली खेलाडी राम्ररी खेल्न सक्छन् । यस पिचमा नेपाली खेलाडी अभ्यस्त छन् । नेपाली खेलाडीले ब्याटिङ र बलिङतर्फ उत्कृष्ट प्रदर्शन गर्दै आएको इतिहास साक्षी छ । ओमानविरुद्ध नेपाली खेलाडीले यसै मैदानमा कीर्तिमानी तीन सय १० रन कटाएको थियो । नेपालले पहिलोपटक एकदिवसीय खेलमा तीन सयभन्दा माथिको योगफल बनाएको ओमानविरुद्ध नै थियो । ब्याट्सम्यान र बलरले त्रिविको पिचमा समयअनुसार प्रदर्शन गर्न सक्छन् । टसले समेत जितहारको ठूलो अर्थ राख्छ ।

दर्शक : कीर्तिपुर मैदानमा नेपालको खेल रहँदा दर्शकको उपस्थित उत्साहजनक रहँदै आएको छ । हजारौं दर्शकसामु नेपाली खेलाडीले राम्रो खेल्न सक्छन् । त्यही पृष्ठभूमिमा विपक्षी टोली सधैं दबाबमा रहने गर्छ । आइसिसी विश्वकप लिग २ वा एसिसी प्रिमियर कपमा नेपालले दर्शकको साथ पाउँदा नै सहज जित निकालेको थियो । सोमबार फाइनलमा समेत सार्वजनिक बिदा छ । सार्वजनिक बिदा हुँदा फाइनल खेलमा कम्तीमा १५ हजार दर्शकमाथि आउने अपेक्षा छ । नेपाली टोलीका प्रशिक्षक देसाईले घरेलु दर्शकको साथमा नेपालको प्रदर्शन थप उत्कृष्ट हुने बताउँदै आइरहेका छन् । युएईका खेलाडीले पछिल्ला खेलमा आफू पराजित हुँदा दर्शकको भूमिका पनि उत्तिकै रहेको जनाएका थिए ।

साढे तीन लाख...

पृष्ठ १ बाट क्रमशः

तीन डोज पिसिभी खोप दिने गरिन्छ । ६ हप्तामा पहिलो, १० हप्तामा दोस्रो र नौ महिनामा तेस्रो डोज दिइन्छ । पोलियोविरुद्ध पोलियो खोपका तीन डोज जन्मिएको ६, १० र १४ हप्तामा दिइन्छ भने दादुरा र रुबेला रोगविरुद्धको एमआर खोपको दुई डोज नौ महिना र १५ महिनाको उमेरमा दिइन्छ । त्यस्तै, १२ महिना पुगेपछि २३ महिनाभित्र जापानिज इन्सेफ् लाइटिस खोपको एक डोज दिनुपर्छ । यसले जापानिज इन्सेफ् लाइटिसविरुद्ध काम गर्छ ।

०३६ देखि चार रोगविरुद्धको खोपबाट सुरु गरिएको राष्ट्रिय खोप अभियानअन्तर्गत क्रमशः वृद्धि गर्दै १३ डोज दिन थालिएको हो । तर, जनसांख्यिक सर्वेक्षणअनुसार कुल बालबालिकाको १६ प्रतिशत पूर्ण खोपको पहुँचबाहिर रहेको र चार प्रतिशतले कुनै पनि खोप नपाएको सरकारी तथ्यांक छ । खोपबाट वञ्चित दर बढ्दै गएको पनि देखिएको छ । सन् २०११ मा तीन प्रतिशत बालबालिका सबै किसिमका खोपको पहुँचबाहिर रहेकामा २०२२ मा बढेर ४ प्रतिशत पुगेको हो ।

दादुराविरुद्धको खोपको न्यून 'कभरेज'

खोपको 'कभरेज' सबै तहमा ९५ प्रतिशतभन्दा माथि हुनुपर्ने सरकारको लक्ष्य छ । अन्य खोपहरूको 'कभरेज' गत आर्थिक वर्षमा लगभग ९५ प्रतिशत पुगे पनि दादुराविरुद्धको खोपको दोस्रो मात्राको कभरेज भने न्यून रहेको खोप शाखाले जनाएको छ ।

दादुरा सन् २०२३ सम्ममा उन्मूलन गर्ने लक्ष्य पूरा नभएपछि २०२६ सम्मका लागि सारिएको छ । खोप वितरण प्रभावकारी नहुँदा गत नोभेम्बरदेखि अप्रिलसम्म दादुरा फैलिएसँगै उन्मूलनको लक्ष्य पछि सारिएको हो । जब कि रोग निवारणका लागि खोपको कभरेज कम्तीमा ९५ प्रतिशत हुन आवश्यक हुन्छ । नोभेम्बरदेखि अप्रिलसम्म १३ जिल्लामा दादुराको प्रकोप फैलिएसँगै प्रभावित स्थानमा दादुरा र रुबेलाविरुद्धको खोप अभियान सुरु गरिएको थियो । दादुराबाट आठ सय २४ जना संक्रमित र एकको मृत्यु भएपछि पाँच जिल्लामा दुई लाख पाँच हजार दुई सय ९४ जनालाई खोप लगाइएको थियो । सरकारले दादुरा-रुबेला रोगबाट पूर्ण रूपमा बचाउन बालबालिका नौ महिना पुगेपछि पहिलो मात्रा र १५ महिना पुगेपछि दोस्रो मात्रा लगाउनुपर्ने मापदण्ड बनाएको छ ।

दादुराविरुद्धको खोपको दोस्रो मात्रा लगाउन अभिभावकहरूले नै बेवास्ता गर्दा कभरेज अभैसम्म लक्ष्यअनुसार नभएको खोप शाखा प्रमुख डा. अभियान गौतमले बताए । 'पछिल्लो समय एक्कासि फैलिएको दादुरा संक्रमणपछि सञ्चालनमा ल्याइएको खोप कार्यक्रममा सबैलाई सहभागी गराउन शिक्षक, धर्मगुरु, जनप्रतिनिधिलगायतको सहयोग लिइएको थियो । तर, खोपको पूर्ण डोज लगाउनेको संख्या बिस्तारै बढ्दै गइरहेको छ,' उनले भने ।

खोप खेर जाने दर ७९.३ प्रतिशतसम्म

विश्व स्वास्थ्य संगठनको मापदण्डअन्तर्गत खोपअनुसार खेर जाने दर स्वीकृत गरिए पनि नेपालमा बालबालिकामा लगाइने खोपको अत्यधिक मात्रा खेर गइरहेको छ । बिसिजी खोपको गत वर्ष मात्र ७९.३ प्रतिशत खेर गएको थियो, जब कि डब्लुएचओको मापदण्डले बिसिजी खोप खेर जाने स्वीकृत दर ५० प्रतिशत राखेको छ । त्यस्तै, बिसिजी खोप ०७७/७८ मा ७८.८ प्रतिशत र ०७६/७७ मा ७८ प्रतिशत खेर गएको थियो ।

त्यस्तै, डिपिटी खोप गत वर्ष २३ प्रतिशत, ०७७/७८ मा २२.२ प्रतिशत र ०७६/७७ मा २२.५ प्रतिशत खेर गयो । पोलियोविरुद्धको ओपिभी भ्याक्सिनको खेर जाने दर पनि मापदण्डभन्दा उच्च छ । ओपिभीको स्वीकृत खेर जाने दर १५ प्रतिशत रहे पनि गत आर्थिक वर्षमा २३.६ प्रतिशत खेर गयो । यस्तै, पोलियोविरुद्धकै अर्को भ्याक्सिन एफआइपिभीको खेर जाने दर बढीमा १० प्रतिशत हुनुपर्नेमा गत वर्ष मात्रै २७.९ प्रतिशत खेर गएको थियो ।

न्युमोकोकस संक्रमणविरुद्ध प्रयोगमा आउने भ्याक्सिनको खेर जाने दर १० प्रतिशत भन्दा न्यून हुनुपर्नेमा १४ प्रतिशतभन्दा बढी छ । नेपालमा पिसिभी भ्याक्सिन १४.३ प्रतिशत खेर गएको थियो । त्यस्तै, दादुरा-रुबेलाविरुद्धको एमआर भ्याक्सिन ३३ प्रतिशतभन्दा कम हुनुपर्नेमा ४८.३ र जापानिज इन्सेफ् लाइटिस अर्थात् जेई भ्याक्सिन खेर जाने दर ४० प्रतिशतभन्दा न्युन हुनुपर्नेमा ४४.७ प्रतिशत छ ।

नेपालमा बालबालिकामा लगाइने खोपको कभरेज नै कम हुनु र खेर जाने दरसमेत मापदण्डभन्दा धेरै हुनु मुख्य चुनौतीका रूपमा रहेको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले बताए । 'खेर जाने दर घटाउनका लागि माइक्रोप्लानिङ गरेर सबै स्वास्थ्य संस्थालाई कार्यक्रम सञ्चालनमा ल्याउने तयारी गरिएको छ । यसमा योजनाअनुसार आवश्यक मात्रा निर्धारण गरेर खोप लिने र बचत गरेर चलाउने नीति लिइएको छ,' उनले भने ।

छुटेका बालबालिकालाई देशभर खोप लगाइँदै

छुटेका बालबालिकालाई शुक्रबार खोप कार्यक्रम चलाएको सरकारले ३१ वैशाखमा पनि खोप लगाउने तयारी गरेको छ । स्थानीय तहमा स्वास्थ्यकर्मी र स्वयंसेविकाहरूले छुटेका बालबालिकाको खोजी गरेर स्वास्थ्यकेन्द्रमा ल्याई खोप लगाउने कार्यक्रम छ । खोपबाट बालबालिका नछुटून् भन्ने उद्देश्यले स्थानीय तह र विद्यालयसँग समन्वय गरेर खोप अभियान सुरु गरिएको शाखाका प्रमुख डा. अभियान गौतमले बताए । 'खोप लगाउन छुटेका सबै बालबालिकालाई खोप लगाएर नेपाललाई पूर्ण खोप रहेको सुनिश्चित गर्नका लागि अभियान सञ्चालन गर्न थालिएको हो,' परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले भने । पूर्ण खोप लगाउन छुटेका बालबालिकालाई पाँच वर्ष उमेरसम्म खोप लगाउन मिल्छ । देशभर यो उमेर समूहका पाँच लाख ४७ हजार बालबालिका छन् ।

सीमामा एकैपटक...

पृष्ठ १ बाट क्रमशः

दार्चुलाको सुनसेरा तथा बर्दिया, दाङ, बारा, सुनसरी र झापामा नयाँ बिओपी थप्न लागिएको हो । सुरक्षाका दृष्टिकोणले बढी संवेदनशील क्षेत्रमा बिओपी थप्न लागिएको सशस्त्र प्रहरीले जनाएको छ । गृह मन्त्रालयबाट बिओपी स्थापनाको निर्णय भइसकेपछि पहाडी जिल्लामा कार्यरत जनशक्तिलाई बिओपीमा खटाउन लागिएको हो । 'सीमा सुरक्षाको डेडिकेटेड फोर्स भएकाले सीमामा बिओपी थप्दै लैजाने संगठनको योजना छ,' सशस्त्र प्रवक्ता खड्का भन्छन्, 'त्यसअन्तर्गत पूर्वाधार भएका ठाउँमा १८ बिओपी तत्काल, अरू क्रमशः स्थापना गर्न लागिएको हो ।'

सरकारले चालू आर्थिक वर्ष एक सय २० वटा बिओपी स्थापना गर्ने नीति तथा कार्यक्रममा राखे पनि त्यसका लागि बजेट नदिएपछि विस्तार अवरुद्ध हुन पुगेको थियो । बिओपी थपका लागि सशस्त्र प्रहरीले चार हजार दुई सय दरबन्दी थपको प्रस्ताव गरेको थियो । बजेट अभाव देखाउँदै सरकारले दरबन्दी थप नगरेपछि सशस्त्र प्रहरीले पहाडी जिल्लाका जनशक्तिलाई तराईमा खटाउन थालेको छ ।

करिब ३६ हजार जनशक्ति रहेको सशस्त्र प्रहरी ७७ जिल्लामै फैलिएको छ । विपत्, विशिष्ट व्यक्तिको सुरक्षादेखि सीमा सुरक्षासम्मको जिम्मेवारी हुँदा दरबन्दी अपुग भएको छ । जसअनुसार अहिले नै बिओपीमा दरबन्दीअनुसार कर्मचारी न्यून छन् । बिओपीमा ३५ जना हुनुपर्नेमा अधिकांशमा न्यून हुँदा सीमा क्षेत्रमा योजनाअनुसार ड्युटी हुन नसकेको सशस्त्र प्रहरी अधिकारीहरू बताउँछन् ।

उच्च तहमा केही दरबन्दी थपिए पनि सशस्त्र प्रहरी बलमा ०७० देखि ठूलो संख्यामा दरबन्दी थप हुन सकेको छैन । वृत्ति विकास योजनासहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अघि बढाइएको छ । साथै, वृत्ति विकाससम्बन्ध नीतिगत सुधारका लागि सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले बृहत् छलफल अघि बढाएका छन् ।

दरबन्दी थप नगरे पनि सरकारले सीमामा बिओपीको कार्यालय तथा ब्यारेक बनाउन एक अर्ब ७५ करोड रुपैयाँ बजेटको सुनिश्चितता भने दिएको छ । जसअनुसार एक सय एक बिओपीको भवन बन्नेछन् । हाल अधिकांश बिओपी अरूको घर तथा टहरामा रहँदै आएका छन् ।

पछिल्लो केही महिनायता राजस्व ह्वात्तै घटेपछि सीमामा अझै कडाइ गर्नुपर्ने दबाब सुरक्षा निकायमाथि छ । त्यसका लागि सशस्त्रले ४५ बिओपीमा डिएसपी खटाएको छ भने ६-६ महिनामा ज्येष्ठताका आधारमा बिओपी इन्चार्जको हेरफेर गरी राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउन खोजेको छ । यसले सीमा क्षेत्रमा हुने राजस्व चुहावटमा सुधार आएको तथा सीमा सुरक्षा पनि बलियो हुँदै गएको सशस्त्र प्रहरीको दाबी छ ।

'बर्ड' अवधारणामा सशस्त्र प्रहरी

अर्धसैन्य संरचनाको यो संगठनलाई नयाँ नेतृत्वले बर्ड (बोर्डर, इन्टरनल सेक्युरिटी, रायट कन्ट्रोल तथा डिजास्टर मेनेजमेन्ट)को अवधारणामा अघि बढाउन लागिएको छ । संगठनका मुख्य प्राथमिकताहरू प्रस्ट रूपमा तय गरी बर्ड अवधारणा कार्यान्वयन गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ । जसको पहिलो प्राथमिकतामा सीमा सुरक्षालाई राखिएको छ । दोस्रोमा आन्तरिक सुरक्षा, तेस्रोमा भिड नियन्त्रण र चौथोमा विपत् व्यवस्थापन छन् । विपत् व्यवस्थापनमा पनि सशस्त्रले दक्ष गोताखोर उत्पादन गरी सबै प्रदेशमा परिचालन गरेको छ ।

सीमा सुरक्षा र विपत् व्यवस्थापनको मुख्य जिम्मेवारी तय गरी सशस्त्र प्रहरी बलले अधिकृत तहका कर्मचारीलाई यससम्बन्धी तालिम पनि अनिवार्य गरेको छ । त्रिभुवन विश्वविद्यालयबाट स्वीकृति लिएर सशस्त्र प्रहरी प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा यससम्बन्धी पढाइ तथा तालिम सुरु हुन लागेको हो ।

सीमा सुरक्षामा संगठनमा केन्द्रित गर्न सशस्त्र प्रहरीले पोस्ट ग्र्याजुएट डिप्लोमा तहको सुरक्षा तथा विपत् व्यवस्थापन पढाइ सुरु गर्न लागेको छ । सीमा सुरक्षा र विपत् व्यवस्थापनकेन्द्रित आठ महिना लामो कोर्स इन्स्पेक्टरबाट डिएसपी बढुवाका लागि अनिवार्य गर्न लागिएको छ ।

हाल इन्स्पेक्टरका लागि अनिवार्य गरिएको तीनमहिने कम्पनी कमान्डर तथा स्टाफ तालिमलाई यसमै मर्ज गरी नयाँ कोर्स तय गरिएको हो । ऐनले दिएको कार्यादेशअनुसार सीमा सुरक्षा, आन्तरिक सुरक्षा तथा विपत् व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न यो कोर्स सुरु गर्न लागिएको सशस्त्र प्रहरीले जनाएको छ । आगामी आर्थिक वर्षदेखि यो कोर्स सुरु गर्न लागिएको छ ।

यसले दक्षता अभिवृद्धिका साथै स्टाफ कलेजको तयारीका लागि पनि सहयोग पुग्ने सशस्त्र प्रहरी अधिकारीहरू बताउँछन् । सशस्त्र प्रहरीमा एसएसपीभन्दा माथि पुग्न स्टाफ कलेज अनिवार्य छ । स्टाफ कलेजको प्रवेश परीक्षामै धेरै अनुत्तीर्ण हुने भएकाले यस्ता तालिमले कर्मचारीलाई थप क्षमतावान् बनाउने उद्देश्य राखिएको छ ।

गत २१ चैतमा सशस्त्र प्रहरी प्रधान कार्यालयको निरीक्षणमा गएका उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सशस्त्र प्रहरीलाई सीमा सुरक्षाको डेडिकेटेड फोर्स बनाई अन्तर्राष्ट्रिय मापदण्डअनुसारको बिओपी थपिने बताएका थिए ।

बोनस दर सम्बन्धि सूचना

यस कम्पनीको आ.व. २०७७/७८ को आर्थिक स्थितिको लेखा जोखा र दायित्वको मुल्याङ्कन श्री नेपाल बीमा प्राधिकरणको मिति २०८०/०१/१५ को पत्रबाट स्वीकृत भई आएको जानकारी गराउँदछौं । यस कम्पनीले संचालनमा ल्याएको मुनाफामा सरिक हुने (बोनस आर्जन गर्ने) गरी जारी गरिएको सबै किसिमका जीवन बीमालेखहरू अर्न्तगत आ.व. २०७७/७८ का लागि तपसिल बमोजिम प्रति वर्ष प्रति हजार बीमाङ्कमा बोनस दर निर्धारण गरिएको सहर्ष जानकारी गराउँदछौं । कम्पनीको आगामी बीमाङ्कियि मुल्याङ्कन नभएसम्मका लागि सोहि बमोजिम अन्तरिम बोनस दर कायम गरिएको छ ।

बीमा योजना	बीमा अवधि (वर्ष)	बोनस दर (प्रति हजार बीमाङ्कमा)	बीमालेख संख्या
महालक्ष्मी सावधिक बीमा	५ - १५	५०	५०२८
	१६ - २५	५१	३८७५
	२६ - ३०	५२	७
महालक्ष्मी सरल जीवन बीमा	५ - १५	५०	४६१
	१६ - २५	५१	१०७
जीवन हेरचाह बीमा	५ - १५	५०	२९१७
	१६ - २५	५१	२६७६
महालक्ष्मी वार्षिक धनफिर्ता बीमा	५ - १५	४०	३०९४
	१६ - २५	४०	
महालक्ष्मी धनधान्य बीमा	१५	४०	७२
	२०	४०	
महालक्ष्मी सावधिक आजीवन बीमा	५ - १५	५०	२२७१
	१६ - २५	५०	
	२६ - ३०	५०	

महालक्ष्मी लाईफ इन्स्योरेन्स लि.
Mahalaxmi Life Insurance Ltd.
आज पनि भोलि पनि, सधंय पनि सुरक्षा पनि

प्रधान कार्यालय, कमलपोखरी, काठमाण्डौं, +९७७ ०१ ४५४५७४०
www.mahalaxmilife.com.np twitter.com/MahalaxmiLife www.facebook.com/MahalaxmiLife

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलवन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०१/१७, आइतबार

यस सेन्ट्रल फाइनान्स लिमिटेड, केन्द्रिय कार्यालय कुपण्डोल र शाखा कार्यालय चाबहिलबाट तपसिलमा उल्लेखित ऋणीले निम्तानुसारको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिंदाका बखत तोकिएको शर्त सम्झौता अनुसार कर्जाको तिर्नुपर्ने साँवा, ब्याज तथा अन्य लेना रकम भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा अन्य लेना रकम बुझाउन तथा चुक्ता गर्न ऋणी तथा धन जमानी बस्ने सबैलाई अनुरोध गरिन्छ । अन्यथा उक्त म्याद भित्र पनि कर्जा चुक्ता भुक्तान हुन नसकेमा यस वित्तीय संस्थासँग भएको शर्त कबुलियत तमसुक समेतको आधारमा प्रचलित नियम कानून अनुसार कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण बापतको जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने हुँदा सो धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन भित्र निम्नानुसारको लिलामी शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन (सो दिन विदा परे सोको पछि कार्यालय खुलेको दिन) यस संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल, ललितपुरमा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, जमानीकर्ता, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । सोबाट यस वित्तीय संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि सम्बन्धित निकायमा मुद्दा दायर गरिने तथा यस वित्तीय संस्थासँग भए गरेका लिखत अनुसार कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरी यस वित्तीय संस्थाको लेना असुल उपर गर्न कार्यवाही अगाडी बढाउने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सि.नं.	ऋणीको नाम	धितोको विवरण
१.	**डि.एन.सी. एमरर्जीन एग्रीकल्चर फार्म प्रा.लि.** कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ अनुसार दर्ता भएको दर्ता नं.: २०६५५९/०७५/०७६ दर्ता मितिः २०७५/०९/२९ स्थायी लेखा नम्बरः ६०६५६२३२० ठेगानाः का.जि, चन्द्रागिरी न.पा. वडा नं. ३, समृद्धि टोल **सञ्चालक तथा व्यक्तिगत धनजमानी दिने** **१. चन्द्र कुमारी श्रेष्ठ** ना.प्र.प.नं. : २०१०/४७९, सिन्धुली जारी मिति : २०६५/४/२० बाबुको नाम : बद्रि बहादुर खड्का क्षेत्री पतिको नाम : तुल बहादुर श्रेष्ठ ससुराको नाम : लाल बहादुर श्रेष्ठ ठेगानाः पर्सा जिल्ला, निर्मलबस्ती वडा नं. ३, हाल काठमाण्डौ जिल्ला, चन्द्रागिरी नपा, वडा नं. ३, समृद्धि टोल **२. नानी राम दानी क्षेत्री** ना.प्र.नं. : ६३१२, काठमाडौं जारी मिति : २०५२/०८/२० बाबुको नाम : राम हरी दानी क्षेत्री बाजेको नाम : कृष्ण बहादुर क्षेत्री ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा, वडा नं. ४, दहचोक **व्यक्तिगत धनजमानी दिने** **१. तुल बहादुर श्रेष्ठ** ना.प्र.नं. : १०९६६, पर्सा जारी मिति : २०५८/०९/१७ बाबुको नाम : लाल बहादुर श्रेष्ठ बाजेको नाम : काजि मान श्रेष्ठ ठेगाना : पर्सा जिल्ला, निर्मलबस्ती वडा नं. ३, हाल काठमाण्डौ जिल्ला, चन्द्रागिरी नपा, वडा नं. ३, समृद्धि टोल	लाल बहादुर श्रेष्ठको बुहारी, तुल बहादुर श्रेष्ठको पत्नी, चन्द्र कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय, चन्द्रपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ५ स्थित कि.नं.७४२ क्षेत्रफल ०-१०-०-० (दस कट्ठा) जग्गा र सो ले चर्चेको लिगलगापात समेत ।
२.	**श्री प्रकाश कुमार श्रेष्ठ** ना.प्र.नं. : ४३४, काठमाण्डौं, जारी मिति : २०४६/४/९ बाबुको नाम : चन्द्र लाल श्रेष्ठ बाजेको नाम : कृष्ण लाल श्रेष्ठ ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २१	साविक गोर्खा विकास बैंक नेपाल लि. को प्रकाश कुमार श्रेष्ठको नाममा रहेको ५८७ कित्ता शेयर ।

लिलामीका शर्तहरु

१. गोप्य शिलबन्दी बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल, ललितपुर तथा शाखा कार्यालय चाबहिलबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ । फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफ्ले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक/बैंक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/ कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समयभित्र संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल, ललितपुर तथा सेन्ट्रल फाईनान्स लिमिटेड चाबहिल शाखा कार्यालय, काठमाण्डौमा सम

आइतबार १७ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

खेल संक्षेप

ऋतिक र अभिषेक फाइनलमा

काठमाडौं/ ऋतिक राणा र अभिषेक बाँस्तोला नवौं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको पुरुष एकलमा शनिबार फाइनलमा प्रवेश गरेका छन् । ऋतिकले राष्ट्रिय च्याम्पियन प्रदीप खड्कालाई ३-६, ६-४ र ६-४ ले हराए । अभिषेकले प्रणव खनाललाई ३-६, ६-४ र ६-२ को सेटमा पराजित गरे । महिला एकलमा राष्ट्रिय च्याम्पियन अभिलाषा विष्टले आइसा डोल्कर गुरुङलाई ६-० र ६-४ को सोझो सेटमा हराउँदै फाइनलमा स्थान बनाइन् । उपाधिका लागि अभिलाषाले माहिका राणा र सुनिरा थापाबीचको विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछिन् । मिक्स डबल्समा ऋतिक राणा र सुनिरा थापाको जोडी फाइनल पुग्यो । भेट्टान ३५ वर्षमाथि पुरुष एकलमा पूर्वच्याम्पियन जितेन्द्र परियार र कमलबहादुर भण्डारी अन्तिम दुईमा पुगेका छन् । भेट्टान ५५ वर्षमाथि पुरुष एकलमा जित प्रधान, राजु श्रेष्ठ, जीवन घिमिरे र उत्तमकुमार लामा सेमिफाइनलमा पुगे । ६५ वर्षमाथि पुरुष एकलमा विदुर विष्ट र कमल थापाले उपाधि भिडन्त पक्का गरे ।

कुङफुको विश्व ताइची दिवस मनाइयो

काठमाडौं/ नेपाल उमा कुङफु संघले शनिबार विश्व ताइची तथा छिगुङ दिवस मनाएको छ । शंखपार्कमा 'वान वर्ल्ड, वान ब्रेथ' नाराका साथ विश्वका ७० भन्दा बढी देशमा अप्रिलको अन्तिम शनिबार ताइची दिवस मनाएको नेपाल उमा कुङफु संघका अध्यक्ष सिद्धार्थ लामाले बताएका छन् । ताइची, छिगुङ, कुङफु फ्यान, कुङफु नाइन स्टिक र कुङफु बक्सिङको प्रदर्शनी खेल प्रस्तुत गरिएको थियो । ७५ वर्षीय नीमबहादुर गुरुङ र सात वर्षीया जेसिका तामाङले समेत प्रदर्शनी खेल प्रस्तुत गरेका थिए । २५ वर्षदेखि ताइची खेलमा संलग्न ७५ वर्षीय श्याम गौतमले ताइचीले मानसिलाई विभिन्न रोगबाट मुक्त गर्न सहयोगी भूमिका निर्वाह गर्ने बताए ।

नमोबुद्ध सप्तरीलाई गोल्डकप उपाधि

काठमाडौं/ नमोबुद्ध युवा क्लब सप्तरीले प्रदेशस्तरीय महिला गोल्डकप फुटबलको उपाधि जितेको छ । झापाको बिर्तामोड-१० सैनिक बजारस्थित महेन्द्र ज्योति माविको मैदानमा शनिबार भएको फाइनलमा आयोजक 'अल इन वान' क्लबलाई टाइब्रेकरमा ४-२ ले पराजित गर्दै नमोबुद्ध सप्तरीले उपाधि जितेको हो । निर्धारित समयमा दुवै टोलीले १-१ को बराबरी खेलेका थिए । त्यसपछि खेलको नतिजा टाइब्रेकरबाट भयो । टाइब्रेकरमा सप्तरीका खेलाडीले पाँचमध्ये चार प्रहार गोल गरेका थिए । आयोजक 'अल इन वान'का खेलाडीले गरेको चारमध्ये दुई प्रहार मात्र गोलकमा परिणत गरेका थिए । टाइब्रेकरमा आयोजककी एलक्स चौधरी र छतरिका चौधरीको प्रहार गोल भयो । लक्ष्मी श्रेष्ठको प्रहारलाई सप्तरीकी गोलरक्षक पूजा थापाले विफल पारिन् । राष्ट्रिय टिमकी सदस्यसमेत रहेकी सबिता रानामगरको प्रहार बारमा लागेको थियो ।

ओमानविरुद्ध युएई भाग्यमानी

डिएलएस नियमअनुसार युएईले दोस्रो सेमिफाइनलमा ओमानलाई दुई रनले हरायो



नयाँ पत्रिका
काठमाडौं, १६ वैशाख

एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको शनिबार दोस्रो सेमिफाइनलमा युएई भाग्यमानी साबित भएको छ । मूलपानी क्रिकेट मैदानमा वर्षाका कारण खेल डिएलएस नियमअनुसार नतिजा निकालिँदा युएईले ओमानलाई केवल दुई रनले हराउँदै फाइनल स्थान पक्का गऱ्यो । युएईले सोमबार नेपालविरुद्ध उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ । मूलपानी मैदानमा पहिलो ब्याटिङ गरेको युएई ४९.२ ओभरमा दुई सय ३६ रनमा अलआउट भएको थियो । ओमानले लक्ष्य पछ्याउँदा भारी वर्षा भयो । त्यसपछि डिएलएस नियमअनुसार ओमानले नयाँ लक्ष्य एक सय ९३ रन पाएको थियो । ४३ ओभरसम्म ब्याटिङ सम्भव भयो । ओमानले नयाँ लक्ष्य पछ्याउँदा ४३ ओभरसम्म ६ विकेट गुमाएर एक सय ९० रन बनाएको थियो ।

ओमानले दोस्रो इनिङ्स पूरै २० ओभर पूरा गर्दा वर्षाले खेल रोकिँदा नतिजा डिएलएस नियमअनुसार निस्कियो । जसमा युएईले ओमानलाई भिनो दुई रनले हराएको थियो । वर्षाले खेल पूर्ण रूपले रोकिनुअघि ४२औँ र ४३औँ ओभरमा ओमानले लगातार दुई विकेट गुमाएको थियो । यही दुई विकेटका कारण नै ओमानको फाइनल खेल्ने सपना तुहिएको हो ।

ओमानद्वारा चुनौती

ओमानले युएईलाई ब्याटिङ र बलिङमा चुनौती दिएको थियो । ओमानका ओपनर कश्यप प्रजापति र जितेन्दर सिंहले पहिलो विकेटका लागि १५.३ ओभरमा ७९ रनको साझेदारी गरेका थिए । प्रजापतिले ४३ बलमा नौ चौकाको सहयोगमा सर्वाधिक ४९ रन बनाएका थिए । इनिङ्सको १९.२ ओभरमा ओमानले दोस्रो ओपनर जितेन्दरलाई गुमाएको थियो । जितेन्दरले ६५ बलमा ६ चौकाको सहयोगमा ४२ रन जोडे ।

त्यसपछि कप्तान जिसन मक्सुद र मोहमद नदिमले चौथो विकेटका लागि ६२ रनको साझेदारी गर्दै ओमानलाई १८१-४ को स्थितिमा राखे । यसवेलासम्म ओमान विकेटका आधारमा युएईभन्दा अगाडि थियो । तर, त्यसपछिका दुई ओभरमा लगातार दुई विकेट गुमाउँदा युएईले डिएलएस नियमअनुसार युएईले बाजी मार्‍यो । युएईका लागि कार्थिकले सात ओभरमा एक मेडन राखी तीन विकेट लिए । उनले आफ्नो स्पेलमा ४२ रन खर्चेका थिए । बासिल हमिदले सन्दीप गौउडको महत्त्वपूर्ण विकेट हात पारे ।

विलाल र मक्सुदको घातक बलिङ

पहिलो ब्याटिङ गरेको युएईले ओमानका दुई बलरको सामना गर्न नसक्दा नै बलियो योगफल खडा गर्न नसकेको हो । विलाल खानले ९.२ ओभरमा ४४ रन खर्चेर चार विकेट लिए । कप्तान मक्सुदले पनि ३२ रन दिएर चारै विकेट हात पार्दा युएईको बलियो ब्याटिङ सेमिफाइनलमा कमजोर देखिएको हो । यद्यपि, युएईले सुरुवात निकै उत्कृष्ट पाऱ्यो । इनिङ्सको १०.२ ओभरमा युएईले पहिलो विकेटका लागि ६२ रनको साझेदारी गऱ्यो । मुहमद वासिमले ३१ बलमा समान चार चौका र छक्का प्रहार गरी ४८ रनको योगदान दिए । त्यसपछि ओपनर आर्यान लार्का र रमिज साहजादले तेस्रो विकेटका लागि ५१ रन जोडे । प्रतियोगितामा उत्कृष्ट फर्ममा रहेका आर्यानले ६८ बलमा २५ रन बनाए । प्रतियोगितामा दुई शतक बनाएका भृत्या अरविन्दले १८ रन जोडे ।

रमिजले ५८ बलमा ६ चौका र एक छक्काको सहयोगमा ४६ रनको योगदान दिए । आसिफ खानले ४० बलमा तीन चौका र दुई छक्का प्रहार गरी ३४ रन बनाए । मध्यक्रममा वासिल हमिदले ४३ बलमा ३४ रन जोड्दा समान दुई चौका र छक्का प्रहार गरे ।

मूलपानी मैदानमा पहिलो एकदिवसीय खेल

१८ वर्षपछि मूलपानी क्रिकेट मैदानमा पहिलो अन्तर्राष्ट्रिय खेल एसिसी प्रिमियर कप क्रिकेट प्रतियोतिगाबाटै भयो । यसै प्रतियोगिताअन्तर्गत ओमान र युएईबीचको खेलले अन्तर्राष्ट्रिय एकदिवसीय खेलको मान्यता प्राप्त गरेको छ । ओमान र युएई आइसिसीको एकदिवसीय मान्यताप्राप्त राष्ट्र हुन् । आइसिसीले मूलपानी क्रिकेट मैदानमा एकदिवसीय खेल खेलाउन सक्ने जनाउँदै खेललाई एकदिवसीयको मान्यता प्रदान गरेको हो ।

नेपाल र युएई एसिसी इमर्जिङ कपमा छनोट

नेपाल र युएई जुलाईमा हुने एसिसी इमर्जिङ टिम्स एसिया कपका लागि छनोट भएका छन् । नेपाल र युएईले एसिसी प्रिमियर कपको फाइनलमा स्थान बनाएसँगै एसिसी इमर्जिङ टिम्स एसिया कपका लागि स्थान बनाएका हुन् । इमर्जिङ टिम्स एसिया कपमा भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, अफगानिस्तानका यू-२३ टोलीसँगै प्रिमियर कपका शीर्ष तीन टोली हुनेछन् । आइतबार कुवेत र ओमानबीच हुने तेस्रो स्थानको विजेता टोलीले पनि इमर्जिङ टिम्स एसिया कपमा स्थान बनाउनेछ ।

वर्षाका कारण सबै खेल प्रभावित



काठमाडौं/ सहिद स्मारक 'ए' डिभिजन लिग ०७९-८० अन्तर्गत शनिबारका तीनै खेल वर्षाका कारण प्रभावित भएका छन् । वर्षाका कारण च्यासल मैदानमा संकटा र जावलाखेल युथ क्लबबीचको खेल रोकियो । यसैगरी, दशरथ रंगशालामा त्रिभुवन आर्मी र हिमालयन शेर्पा क्लबबीचको खेल दोस्रो मध्यान्तरपछि स्थगित भयो । शनिबार साँझ ६ बजेको चर्च ब्वाइज युनाइटेड र मनाङ मर्स्याङ्दी क्लबबीचको खेल सुरु हुने सकेन ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले वर्षाले प्रभावित भएर शनिबार रोकिएकोसँगै अन्य खेल आइतबार हुने बताएको छ । यस खेलसँगै डबल लिगको पहिलो चरण समाप्त हुनेछ । हिमालयन र आर्मीबीचको दोस्रो हाफको २७औँ मिनेट खेल चलिरहँदा वर्षाका कारण रेफ्रीले खेल रोकेका थिए । आइतबार १-१ गोलको स्थितिमै आर्मी र हिमालयनबीचको खेल दशरथ रंगशालामा साढे ४ बजे हुनेछ । खेलको ३३औँ सेकेन्डमै आर्मीका नवयुग श्रेष्ठले अग्रता बनाएका थिए । नवयुगले जिलेस्पीजंग कार्कीको पास सदुपयोग गरेका थिए ।

> शनिबार स्थगित भएका तीनै खेल आइतबार हुने एन्फाले जनाएको छ

खेलको ५५औँ मिनेटमा कप्तान विश्वास श्रेष्ठले फ्रिकिकमार्फत हिमालयनलाई १-१ को बराबरीमा ल्याएका हुन् । च्यासल मैदानमा दोस्रो हाफको पाँच मिनेट चलिरहँदा संकटा र जावलाखेलबीचको खेल रोकिन पुगेको थियो । ३४औँ मिनेटमा चाडका फोडे फोफनाले भारतीय खेलाडी राहुल राहुलको पासमा जावलाखेललाई अग्रता दिलाएका थिए ।

यो खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा १ बजे हुनेछ । १३औँ चरणको अन्तिम खेलमा चर्च ब्वाइज र मनाङबीच सातदोबाटोस्थित एन्फा कम्प्लेक्समै हुनेछ । यसैगरी, मच्छिन्द्र फुटबल क्लब र सातदोबाटो युथबीचको खेल दशरथ रंगशालामा ६ बजे सुरु हुनेछ ।

आर्मी र पुलिसले जिते मेयर कप



नयाँ पत्रिका
काठमाडौं, १६ वैशाख

त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबले शनिबार ललितपुर मेयर कप भलिबल प्रतियोगिताको उपाधि जितेका छन् । पुरुषमा आर्मी र महिलातर्फ पुलिस क्लबले उपाधि जितेका हुन् । ललितपुरको जावलाखेल भलिबल प्रशिक्षण केन्द्रमा भएको पुरुष फाइनलमा आर्मीले पुलिसमाथि ३-२ को जित निकाल्यो ।

आर्मीले पहिलो र दोस्रो सेट २५-२० र २५-१७ ले जितेको थियो । पुलिसले तेस्रो र चौथो सेट २७-२९, १९-२५ ले जित्दै खेलमा फर्कँदै आर्मीमाथि दबाब राख्यो । तर, पाँचौं र अन्तिम सेटमा आर्मी १५-७ ले विजयी भयो । आर्मीका मानबहादुर श्रेष्ठ सर्वोत्कृष्ट खेलाडी चुनिएका थिए । पुलिसका विशाल विक उत्कृष्ट स्पाइकर, पुलिसका द्वारिका थापा उत्कृष्ट ब्लकर, एपिएफका लोकेन्द्र गिरी उत्कृष्ट सेटर र आर्मीका ईश्वर थापा उत्कृष्ट लिबेरो बने । आर्मीका हरिहजुरी थापा उत्कृष्ट सर्भर र आर्मीका जगतबहादुर भण्डारी उत्कृष्ट प्रशिक्षक घोषित भए । महिलातर्फको उपाधि भिडन्तमा पुलिसले एपिएफलाई ३-१ को सेटमा हरायो । पुलिसले पहिलो सेट २५-११ ले जितेको थियो । दोस्रो सेट एपिएफले २५-१९ ले आफ्नो पक्षमा पारेको थियो । यसपछि पुलिस खेलमा दबदबा कायम राख्दै २५-१९ र २५-२२ ले जित्न सफल भयो ।

विजेतालाई दुई लाख

उपाधिसँगै विजेता आर्मी र पुलिसले समान दुई लाख रुपैयाँ प्राप्त गरे । उपविजेता दुई टोलीले पनि समान एक लाख रुपैयाँ पाएका छन् । पुलिसकी लक्ष्मी चन्द सर्वोत्कृष्ट खेलाडी चुनिइन् । एपिएफकी आरती सुवेदी उत्कृष्ट स्पाइकर, न्यु डायमन्ड क्लबकी सुमित्रा रेग्मी उत्कृष्ट ब्लकर, एपिएफकी जसोन्ना महतो उत्कृष्ट सेटर र पुलिसकी यमुना रसाइली उत्कृष्ट लिबेरो बने । आर्मीकी सृष्टि खड्गी उत्कृष्ट सर्भर र पुलिसका रुपेशकुमार विष्ट उत्कृष्ट प्रशिक्षक घोषित भए । विधागततर्फका उत्कृष्ट खेलाडीले पाँच हजार रुपैयाँ पाए । सर्वोकृष्ट खेलाडीले जनही १० हजार रुपैयाँ हात पारे ।

गोकुलमका लागि सावित्राको चार गोल

काठमाडौं/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारी साम्बाले ह्याट्रिकसहित चार गोल गरेपछि गोकुलम केरला एफसीले भारतीय महिला लिग (आइडब्लुएल)मा लगातार दोस्रो जित निकालेको छ । शनिबार भएको लिग चरणअन्तर्गत दोस्रो खेलमा गोकुलमले स्पोर्टस् ओडिसालाई ८-१ को फराकिलो अन्तरले हरायो ।

गोकुलमको जितमा सावित्राले चार गोल गरिन् । खेलको सातौं मिनेटमा सावित्राले १-० को अग्रता दिलाइन् । खेलको १२औँ मिनेटमा सुमित्रा हेमब्रमले ओडिसालाई १-१ को बराबरीमा ल्याइन् । खेलको २८औँ मिनेटमा भिभियान कोनाडुको गोलमा गोकुलम अगाडि रह्यो । खेलको ४३औँ मिनेटमा दाङमेई ग्रेसले गोकुलमलाई ३-१ को स्थितिमा पुग्यो ।

मध्यान्तरपछि सावित्राले आफ्नो ह्याट्रिक पूरा गरिन् । खेलको ६२औँ मिनेटमा सावित्राले व्यक्तिगत दोस्रो गोल गर्दै गोकुलमलाई ४-१ को अग्रता दिलाइन् । खेलको ६३औँ मिनेटमा उनले ह्याट्रिक पूरा गरिन् । खेलको ७०औँ मिनेटमा सिल्की देवीले गोकुलमका लागि थप एक गोल गरिन् । खेलको ७९औँ मिनेटमा सावित्राले व्यक्तिगत चार गोल गर्दा गोकुलम ७-१ को बलियो स्थितिमा पुग्यो । खेलको ८६औँ मिनेटमा भिभियानले व्यक्तिगत दोस्रो गोल गरेपछि गोकुलमको जित ८-१ को पक्का भयो ।

लङजम्पमा सुदीपको कीर्तिमान

छात्रको लङजम्पमा सुदीपले ६.८४ मिटर जम्प गर्दै आफ्नै नाममा रहेको ६.६४ मिटरको कीर्तिमान सुधार गरे

नयाँ पत्रिका
काठमाडौं, १६ वैशाख



लुम्बिनीका सुदीप थारूले १३औँ केन्द्रस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत एथलेटिक्सको लङजम्पमा शनिबार जुनियर राष्ट्रिय कीर्तिमान कायम गरेका छन् । छात्रको लङजम्पमा सुदीपले ६.८४ मिटर जम्प गर्दै आफ्नै नाममा रहेको ६.६४ मिटरको कीर्तिमान सुधार गरेका हुन् । लुम्बिनीले छात्र ४ गुणा १ सय मिटर रिलेमा पनि जुनियर राष्ट्रिय कीर्तिमान कायम गऱ्यो । लुम्बिनी प्रदेशका तुलसीराम थारूले छात्र तथा कर्णाली प्रदेशकी सरिता खड्काले छात्रा ४ सय मिटर दौडमा स्वर्ण जिते । तुलसीले निर्धारित दूरी ५१.३ सेकेन्डमा पूरा गरे । सरिताले निर्धारित दूरी तय गर्न १ मिनेट ०३.२ सेकेन्ड समय लगाइन् ।

सरिता ८ सय मिटर दौडमा पनि स्वर्ण जित्न सफल भइन् । सरिताले निर्धारित दूरी २ मिनेट ३०.७ सेकेन्डमा तय गरिन् । छात्र ८ सय मिटर दौड २ मिनेट ०१.८ सेकेन्डमा सकाउँदै लुम्बिनीका विकास विक पहिलो भए । राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित प्रतियोगिताअन्तर्गत ४ गुणा १०० मिटर रिलेको छात्रामा लुम्बिनीले स्वर्ण चुम्यो । ज्याभ्लिन थ्रोमा रवि चौधरी (५१.८४ मिटर) पहिलो भए । छात्राको लङजम्पमा रेसु थारू ((४.९१ मिटर) तथा ज्याभ्लिन थ्रोमा दिव्यकला थारू पहिलो भए ।

एकल कातामा सूर्य र सन्जु पहिलो

प्रतियोगिताअन्तर्गत करौंतेमा कोसीका सूर्यचन्द्र राईले छात्र एकल कातामा स्वर्ण जितेका छन् । सोही स्पर्धाको छात्रामा बागमतीकी सन्जु देसारले स्वर्ण र मधेसकी सुजिता परियारले रजत हात पारेका छन् । छात्र ५२ केजीमा कोसीका अंकित राईले स्वर्ण जिते । अंकितले फाइनलमा बागमतीका करण चौधरीलाई पराजित गरे । छात्रा ४० केजीमा बागमतीकी प्रमिला पाख्रिनले फाइनलमा बागमतीकै अनु मोक्तानलाई हराउँदै स्वर्ण जितिन् । छात्रा ४५ केजीमा गण्डकीकी अपेक्षा थापाले पहिलो स्थान हात पारिन् । अपेक्षाले फाइनलमा बागमतीकी सन्जु देसारलाई हराइन् ।

उसुमा एलिस शीर्ष


उसुको छात्रतर्फ नान छ्वानमा कोसीका एलिस मरिक पहिलो भएका छन् । उनले बागमतीका सुमन तामाङलाई निराश पार्दै स्वर्ण हात पारेका हुन् । सो स्पर्धाको छात्रामा बागमतीकी ममता सुनुवारले स्वर्ण जितिन् । सुदूरपश्चिमकी छात्रा छाङ छ्वानमा मारिया राई पहिलो भइन् । छात्र थाइची छ्वानमा सुदूरपश्चिमका शिरीष श्रेष्ठ प्रथम भएका छन् ।

भारतले पाँच क्रिकेट रंगशाला मर्मत गर्न आठ अर्ब खर्चने

रजेन्सी
नयाँदिल्ली, १६ वैशाख

यसै वर्षको अक्टोबर र नोभेम्बरमा भारतले एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता आयोजना गर्दै छ । आयोजक भारतले अहमदाबाद, बेंग्लोर, चेन्नई, नयाँदिल्ली, धर्मशाला, गुवाहाटी, हैदराबाद, कोलकाता, लखनउ, इन्डोर, राजकोट र मुम्बईमा अवस्थित विश्वस्तरीय रंगशालामा विश्वकपका खेल आयोजना गर्नेछ । भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले पाँच रंगशालाको पुनर्निर्माण गर्ने भएको छ । बिसिसिआईले यसका लागि पाँच अर्ब भारतीय रुपैयाँ (आठ अर्ब नेपाली) बजेट छुट्याएको छ ।

नयाँदिल्लीको फिरोज शाह कोटला, हैदराबादको राजीव गान्धी, मुम्बईको वानखडे, कोलकाताको इर्डन गार्डेन र मोहालीको पिसिए रंगशाला पुनर्निर्माण हुन लागेको बिसिसिआईले जनाएको छ । ती रंगशालामा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना भइरहे पनि विश्वकपका निमित्त



फरक मापदण्ड पूरा गर्नुपर्नेछ । आयोजक बिसिसिआईले विश्वकप आयोजना गर्न राखिएको मापदण्डअनुसारै रंगशाला पुनर्निर्माण गर्न लागेको जनाएको छ ।

हैदराबादमा धेरै खर्च

दिल्लीको रंगशाला मर्मत गर्न प्रारम्भिक बजेट एक अर्ब भारु राखिएको छ । यसैगरी, हैदराबादमा बिसिसिआईले १ अर्ब १७ करोड अर्ब भारु बजेट राखेको छ । पुनर्निर्माण हुने रंगशालामध्ये हैदराबादमा धेरै खर्च हुने जनाइएको छ । भारतको चर्चित तथा पुरानो रंगशालाका रूपमा रहेको इर्डन गार्डेनलाई थप सुविधासम्पन्न बनाउन १ अर्ब २७ करोड भारु खर्च हुनेछ ।

मोहालीको पिसिए रंगशालामा ७९ करोड ४६ लाख भारु खर्च हुनेछ । बिसिसिआईले सन् २०११ को एकदिवसीय विश्वकप फाइनल भएको रंगशाला वानखडेमा ७८ करोड ८२ लाख भारु छुट्याएको छ ।

बिसिसिआईले विश्वकप आयोजना गर्न विभिन्न १२ सहर प्रयोग गर्नेछ । मोहालीमा रहेको रंगशालामा राम्रो अन्तर्राष्ट्रिय क्रिकेट हुने गर्छ । यहाँ पार्किङको समस्या रहेको छ । पार्किङलगायत अन्य सुविधा जडान गर्न तयारी भएको छ ।

४६ दिनसम्म चल्ने विश्वकप ५ अक्टोबरमा सुरु हुनेछ, जसमा ४८ खेल हुनेछन् । यसपटकको विश्वकपमा १० टोलीले प्रतिस्पर्धा गर्नेछन् । १९ नोभेम्बरमा विश्वकपको फाइनल हुनेछ ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com